# मानव अधिकार : जान्नुपर्ने कुरा

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

# मानव अधिकार : जान्नुपर्ने कुरा

राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर ।

**संयोजन**
प्रवर्द्धन तथा वकालत महाशाखा,
राष्ट्रिय मानव अधिकार आयोग ।

**प्रथम संस्करण**: असार, २०६०
परिमार्जित चौधौं संस्करण, जेठ २०८१
परिमार्जित पन्ध्रौं संस्करण, असोज २०८२

**प्रकाशन प्रति**: ५०००

**प्रकाशन नं.: रा.मा.अ.आ. के.का. ३०३**

**सहयोग**: रणनीतिक योजना सहयोग परियोजना,
संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP)

© **सर्वाधिकार**: राष्ट्रिय मानव अधिकार आयोग

आयोगको पूर्व–स्वीकृतिविना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# आयोगका पदाधिकारीहरू

**माननीय अध्यक्ष**

श्री तपबहादुर मगर

**माननीय सदस्यहरू**

श्री मिहिर ठाकुर

श्री मनोज दुवाडी

श्री लिली थापा

**सचिव**

श्री मुरारि प्रसाद खरेल

**प्रथम संस्करणदेखि हालसम्मका योगदानकर्ताहरूः–**

**कालक्रमानुसार**

श्री आभा श्रेष्ठ
श्री सूर्य बहादुर देउजा
श्री दीपकजङ्गध्वज कार्की
श्री मुरारीप्रसाद खरेल
श्री टीकाराम पोखरेल, विद्यावारिधि
श्री यज्ञप्रसाद अधिकारी
श्री सम्झना शर्मा
श्री श्यामबाबु काफ्ले
श्री वेदप्रसाद भट्टराई
श्री हरिप्रसाद ज्ञवाली
श्री सरिता ज्ञवाली भट्टराई
श्री नवराज सापकोटा
श्री कैलाशकुमार सिवाकोटी
श्री डेगराज भट्टराई
श्री लक्ष्मी राई
श्री दिपेन्द्र बहादुर सिंह
श्री सोमनाथ सुवेदी
श्री सुशिला रिजाल
श्री पूर्णिमा राणा
श्री विजया उप्रेती मैनाली
श्री इन्द्रजीत सहनी
श्री प्रकास दत्त भट्ट
श्री झंकर बहादुर रावल
श्री दैवज्ञ न्यौपाने
श्री देवराज परियार
श्री किरण बराम

# प्रकाशकीय

मानव अधिकार हरेक नागरिकको आधारभूत अधिकार हो । मानव अधिकार सम्बन्धी व्यवस्था र प्रक्रियाहरूको बारेमा जानकारी नहुँदा मानव अधिकार जस्तो न्यूनतम कुराहरूबाट समेत नागरिकहरू बञ्चित हुनुपर्ने हुन्छ । त्यसैले हरेक नागरिकले आफ्नो अधिकार के हो र मानव अधिकार सम्बन्धी के कस्ता व्यवस्थाहरू छन् भन्ने विषयमा जान्न जरुरी हुन्छ । नागरिकले सरलरुपमा ज्ञान हासिल गरी आफ्नो अधिकारको बारेमा सचेत रहुन् र अधिकारको दाबी गर्न सक्षम हुन् भन्ने उद्देश्यले नै आयोगले यो पुस्तक प्रकाशन गरेको हो ।

मानव अधिकारको कुनै सीमा र दायरा हुँदैन । यो सबैको सरोकारको सवाल हो । मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपालना नभएको अवस्थामा लोकतन्त्र र सभ्य समाजको परिकल्पना गर्न कठिन हुन्छ । मानव अधिकार संस्कृतिको विकास नभएसम्म मानव अधिकारको प्रत्याभूति सम्भव छैन । मानव अधिकार संस्कृतिको विकासका लागि राज्यका निकायहरू जिम्मेवार हुनुपर्छ साथै स्वयम् नागरिकहरू पनि जिम्मेवार हुनुपर्दछ । राज्यका निकायदेखि सवै व्यक्ति, वर्ग, समुदाय, तह र तप्कामा मानव अधिकार संस्कृतिको विकास गर्न सकिएको खण्डमा सभ्य समाज निर्माण गर्न सकिनेछ ।

पाठकहरू एवं सर्वसाधारण र कानूनका विद्यार्थीहरूको बढ्दो माग स्वरुप आयोगले “मानव अधिकार : जान्नुपर्ने कुरा” को परिमार्जन सहित पुनः प्रकाशन गर्न लागेको हो । यसमा नेपालको संविधान, राष्ट्रिय मानव अधिकार ऐन, २०६८, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू लगायतका विषयहरूमा आधारित सामग्रीहरू समावेश गरिएका छन् । प्रश्नउत्तर शैलीमा प्रकाशित यो पुस्तक मानव अधिकारप्रति जानकारी राख्न चाहने सर्वसाधारण, कानूनका विद्यार्थी लगायत सरोकारवालाहरूका लागि समेत सहयोगी हुने अपेक्षा आयोगको रहेको छ ।

धन्यवाद !

**राष्ट्रिय मानव अधिकार आयोग**

# मन्तव्य

“मानव अधिकार : जान्नुपर्ने कुरा”को पन्ध्रौं संस्करणको प्रकाशनले मानव अधिकारको आधारभूत जानकारी, मानव अधिकारका नयाँ तथा समसामयिक महत्वपूर्ण आयामहरूका सम्बन्धमा मानव अधिकारको संरक्षणको दायित्व भएको राज्यका निकायहरू र आम जनमानसमा जागरुकता तथा अभिरुचि जगाउन सक्षम हुने बिश्वास गरेको छु । आयोगद्वारा प्रकाशन हुँदै आएको प्रस्तुत पुस्तिका मानव अधिकार शिक्षाका प्रवर्द्धकहरू, मानव अधिकार रक्षक, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधिहरू, शिक्षक, पत्रकार, विद्यार्थी, सुरक्षाकर्मीहरूका लागि मानव अधिकार सम्वन्धी आधारभूत शिक्षाका लागि एक सशक्त र प्रभावकारी माध्यमको रुपमा स्थापित भएको छ ।

यस संस्करणमा विशेषतः राष्ट्रिय मानव अधिकार आयोगका सम्बन्धमा आधारभूत जानकारी, नेपालको संविधान र मानव अधिकार, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू, मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा जस्ता निरन्तर प्रकाशन गर्दै आएका परिमार्जित विषयहरूका साथै मानव अधिकारका नयाँ तथा महत्वपूर्ण आयामका रुपमा व्यवसाय र मानव अधिकार दिगो विकास लक्ष्य, यौनिक तथा अल्पसंख्यक समुदायको अधिकार समेत समावेश गरिएका छन् । त्यस्तै नेपाल सरकारको पाचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजनाका विषयहरूलाई पनि समाविष्ट गरिएको छ ।

मानव अधिकार शिक्षाको प्रवर्द्धन तथा प्रसारणले मानव अधिकारको उल्लंघन हुन सक्ने कार्यलाई रोक्दछ । कतिपय मानव अधिकार उल्लंघनका घटनाहरू मानव अधिकारप्रतिको अनविज्ञताका कारण घटिरहेका छन् । त्यसैले मानव अधिकार शिक्षा मानव अधिकारको सम्मान तथा संरक्षणको आधार पनि हो ।

अन्त्यमा, प्रस्तुत संस्करणले हाम्रो समाजमा रहेको मानव अधिकार शिक्षा तथा सचेतनाको कमीलाई पुरा गर्न सहजीकरणको भूमिका खेल्ने छ । साथै मानव अधिकार संरक्षणको दायित्व बोकेका पक्षहरूलाई मानव अधिकार सम्वन्धमा सजग गराई कर्तव्य निर्वाह गर्न विशेष सहयोग पुऱ्याउने छ । यस पुस्तिका प्रकाशनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने राष्ट्रिय मानव अधिकार आयोगका सचिव श्री मुरारी प्रसाद खरेल, सहसचिव नवराज सापकोटा, प्रवर्द्धन तथा वकालत महाशाखा प्रमुख सरीता ज्ञवाली , लेखा अधिकृत विजया उप्रेती, मानव अधिकार अधिकृत इन्द्रजीत सहनी र यस कार्यमा संलग्न आयोगका कर्मचारीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

..................

तप बहादुर मगर

अध्यक्ष

# विषय-सूची

**परिच्छेद १: मानव अधिकार र राष्ट्रिय मानव अधिकार आयोग** १

**परिच्छेद २: उजुरी, कारबाही तथा क्षतिपूर्ति** ८

**परिच्छेद ३: नेपालको संविधान र मानव अधिकार** १३

**परिच्छेद ४: मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू** २५

क. मानव अधिकारको विश्व्यापी घोषणापत्र, १९४८ २७

ख. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९६५ २८

ग. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ३०

घ. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ३३

ङ. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ ३६

च. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ४०

छ. बाल अधिकार महासन्धि, १९८९ ४१

ज. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ४५

झ. आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० ४८

ञ. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ ५२

ट. अन्तर्राष्ट्रिय मानवीय कानूनहरू, १९४९ ५७

ठ. आदिवासीहरू र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ ६०

ड. पलेर्मो प्रोटोकल २००० ६२

ढ. यौनिक तथा अल्पसंख्यक समुदायको अधिकार ६६

ण. न्यायिक समिति सम्वन्धि ब्यवस्था ७०

**परिच्छेद ५: विश्वव्यापी आवधिक समीक्षा र मानव अधिकार राष्ट्रिय कार्ययोजना** ७३

(क) मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा ७३

(ख) नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना ७५

**परिच्छेद ६:** **८२**

(क) मानव अधिकारमुखी विकास पद्धति ८२

(ख) संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्यहरू ८४

(ग) व्यवसाय र मानव अधिकार ९०

(घ) जलवायु परिवर्तन र मानव अधिकार १०१

(ङ) डिजिटल अधिकार र कृत्रिम बुद्धिमत्ता १०२

(च) मानव अधिकार रक्षक १०५

**अनुसूचीहरू**

अनुसूची १. नेपालको संविधानमा मौलिक अधिकार र राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था १०८

अनुसूची २. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ११२

अनुसूची ३. नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू ११९

अनुसूची ४. राष्ट्रिय मानव अधिकार आयोगको उजुरी फाराम १२४

# परिच्छेद–१

## मानव अधिकार र राष्ट्रिय मानव अधिकार आयोग

१. **मानव अधिकार भनेको के हो ?**

मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित नेपालका राष्ट्रिय कानून र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूले प्रदान गरेका अधिकारहरूलाई मानव अधिकार भनिन्छ।

"मानव अधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शब्दले नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारसमेतलाई जनाउँछ।

**– राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ दफा** २ (**च**)

**व्यक्तिको जीवन** : जीवन भनेको बाँच्न पाउने अधिकार हो। मानिसलाई बाँच्ने अधिकार छ र विशेष गरी कुनै पनि वहानामा कुनै पनि व्यक्तिको ज्यान हरण गर्नु हुँदैन भन्ने मान्यता हो। नेपालमा मृत्युदण्ड दिने गरी कुनै पनि कानून बनाउन नपाइने व्यवस्था गरेको छ ।

**स्वतन्त्रता**: राज्य वा सरकारको अनुचित हस्तक्षेप बिना आफ्नो जीवन र दैनिकी सञ्चालन गर्न पाउने अवस्था नै स्वतन्त्रता हो। स्वतन्त्रता निरपेक्ष विषय होइन। अरूको अधिकारको सम्मान र मुलुकको कानुनी परिधिभित्र रही व्यक्तिगत इच्छा अनुसार कार्य गर्न पाउने अवस्थालाई नै स्वतन्त्रता भन्ने बुझिन्छ। नागरिकको व्यक्तिगत विकास, आत्मसम्मान, खुसी र सन्तुष्टिका लागि नागरिक स्वतन्त्रता आधारभूत विषय मानिन्छ।

**समानता** : कुनै पनि जातजाती, लिंङ्ग, वर्ण, वा धर्मका आधारमा सबै मानिसहरु समान हुन। सवै मानिसहरु अवसर, व्यवहार र मूल्य र मान्यतामा समान गर्नु नै समानता हो।

**मर्यादा** : ब्यक्तिव्यक्तिहरु वीच गर्ने आदर,सम्मान, सम्वोधन र ब्यवहार नै मर्यादा हो। जसको प्रयोगले मानव अधिकारको संवर्द्धनको संस्कृतिको विकास हुन्छ।

२. **राष्ट्रिय मानव अधिकार आयोग कस्तो निकाय हो ?**

राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । यो पेरिस सिद्धान्तको मर्म बमोजिम गठन भएको निकाय पनि हो । स्थापनाकालमामानवअधिकारआयोगऐन, २०५३बमोजिम कानूनीनिकायको रूपमा स्थापना भएको र आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक निकायमा परिणत गरेको थियो । जसलाई हाल कार्यान्वयनमा रहेको नेपालको संविधानले पनि निरन्तरता दिएको छ ।

३. **पेरिस सिद्धान्त भनेको के हो ? यस सिद्धान्तअनुसार मानव अधिकारसम्बन्धी राष्ट्रिय निकायमा हुनुपर्ने आवश्यक तत्वहरू के–के हुन् ?**

मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नको लागि सन् १९९१ मा फ्रान्सको राजधानी पेरिसमा संयुक्त राष्ट्रसङ्घले एक सम्मेलनको आयोजना गरेको थियो । उक्त सम्मेलनमा संयुक्त राष्ट्रसङ्घले आफ्ना सबै सदस्य राष्ट्रहरूलाई मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नको लागि एउटा राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्न प्रस्ताव राखेको थियो र त्यसलाई सन् १९९३ मा बसेको महासभाले पारित गरेको थियो । यसरी फ्रान्सको पेरिसमा प्रस्तावित भई संयुक्त राष्ट्रसङ्घले १९९३ मा पारित गरेको राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने सम्बन्धी सिद्धान्त नै पेरिस सिद्धान्त हो । मानव अधिकारको पेरिस सिद्धान्तले निम्न ६ वटा तत्वहरूलाई मानव अधिकार राष्ट्रिय संस्था स्थापनाको अनिवार्य सर्त मानेको छः

१. बृहत् कार्यादेश,
२. स्वायत्तता,
३. स्वतन्त्रता,
४. बहुलवादमा आधारित,
५. पर्याप्त स्रोत र
६. मानव अधिकार उल्लङ्घन अनुसन्धानको पर्याप्त अधिकार ।

४. **आयोगमा कति जना अध्यक्ष र सदस्यहरू रहन्छन् ? उनीहरूको नियुक्तिको योग्यता के हुन्छ ?**

आयोगमा एक जना अध्यक्ष र चार जना सदस्यहरू रहने व्यवस्था छ । उनीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा संसदीय

सुनवाइपछि राष्ट्रपतिबाट हुन्छ । आयोगका अध्यक्ष वा सदस्य हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्दछ ।

**(क) अध्यक्ष**

- मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा २० वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्याति प्राप्त गरेको व्यक्ति,
- ४५ वर्ष उमेर पूरा गरेको,
- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको
- नियुक्ति हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको र
- उच्च नैतिक चरित्र भएको ।

**(ख) सदस्य**

- मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हक, हितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा २० वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्याति प्राप्त गरेको व्यक्ति
- ४५ वर्ष उमेर पूरा गरेको,
- मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,
- नियुक्ति हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको र
- उच्च नैतिक चरित्र भएको ।

५. **राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख कर्तव्यहरू के–के हुन् ? ती कर्तव्य पूरा गर्न आयोगले के–कस्ता कार्यहरू गर्दछ ?**

नेपालको संविधानको धारा २४९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हो । आफ्ना कर्तव्यहरू पूरा गर्न राष्ट्रिय मानव अधिकार आयोगले निम्न कार्यहरू गर्दछः

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको भनी आयोगमा प्राप्त उजुरीमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर आवश्यक कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले जिम्मेवारी पूरा नगरेमा वा पूरा गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाविरुद्ध कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गरी त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा सरकारलाई सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्न कारणसहित सरकारलाई सिफारिस गर्ने,

(छ) पक्ष बनिसकेका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको हकमा कार्यान्वयन अवस्थाको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न सरकारसमक्ष सिफारिस गर्ने र

(ज) आयोगले गरेका सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।

६. **आयोगले मानव अधिकार संरक्षणसम्बन्धी कस्ता कार्यहरू गर्दछ ?**

आयोगले मानव अधिकारको संरक्षणसम्बन्धी निम्न कार्यहरू गर्दछः

(क) मानव अधिकारको उल्लङ्घन र दुरुत्साहनका घटना सम्बन्धमा छानबिन र अनुसन्धान गर्ने,

(ख) सरकारका निकाय, कारागार तथा हिरासत, सार्वजनिक सस्था वा निजी सस्था वा अन्य कुनै ठाउँको भ्रमण, निरीक्षण, अवलोकन गरी आवश्यक सुझाव दिने,

(ग) मानव अधिकारको बर्तमान अवस्थाबारे अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने,

(घ) ध्यानाकर्षण गराउने र

(ङ) मानव अधिकार स्थितिको अनुगमन गरी सुधार गर्नु पर्ने देखिएमा सिफारिस गर्ने ।

७. **आयोगले मानव अधिकारको संवर्द्धनसम्बन्धी कस्ता कार्यहरू गर्दछ ?**
**आयोगले मानव अधिकारको संवर्द्धनसम्बन्धी निम्नानुसारका कार्यहरू गर्दछः**

क) तालिम, गोष्ठी, सम्मेलन आदि आयोजना गर्ने,

ख) सबै प्रकारका सञ्चार माध्यमहरूको समन्वय र सहकार्यमा स्थानीय तहसम्म मानव अधिकार सचेतना अभिवृद्धि गर्ने,

ग) मानव अधिकारका विभिन्न विषयमा जानकारी दिने पुस्तक-पुस्तिका, पत्रिका आदि प्रकाशन गर्ने र

घ) औपचारिक वा अनौपचारिक शिक्षा प्रणालीमार्फत मानव अधिकार शिक्षाको प्रचार-प्रसार गर्ने ।

ङ) मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न सिफारिस गर्ने ।

८. **अन्य संवैधानिक निकायसरह प्रतिनिधि सभाका समितिहरूले आयोगको कामकारवाहीको अनुगमन गर्न सक्छन् ?**

नेपालको संविधानको धारा २९३ बमोजिम अन्य संवैधानिक निकायसरह प्रतिनिधि सभाका समितिहरूले आयोगको कामकारवाहीको अनुगमन गर्न सक्दैनन् ।

९. **कस्ता सङ्घसंस्थाले नेपालभित्र मानव अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न चाहेमा आयोगको सहमति लिनुपर्दछ ? सहमति लिनको लागि के-कस्तो विवरण संलग्न गरी निवेदन दिनुपर्छ ?**

नेपालभित्र मानव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न चाहने विदेशी सङ्घसंस्थाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २०(३) अनुसार आयोगको सहमति लिनुपर्दछ। त्यस प्रयोजनका लागि त्यस्ता सङ्घसंस्थाले देहायबमोजिमका कागजात संलग्न राखी आयोगमा निवेदन दिनुपर्दछः

(क) आफूले गर्ने कामको विवरण,

(ख) मानवीय र आर्थिक स्रोत साधनको विवरण,

(ग) कार्यालय रहने स्थान,

(घ) पत्राचार गर्ने ठेगाना र

(ङ) समाज कल्याण परिषद्सँग स्वीकृति लिएको भए त्यसको विवरण ।

१०. **राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरीहरूको विस्तृत छानबिन के–को आधारमा गर्दछ ?**

आयोगले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ बमोजिम उजुरीहरूको विस्तृत छानबिन गर्दछ। जसको बारेमा पछिल्ला परिच्छेदहरूमा विस्तृतमा उल्लेख गरिएको छ।

११. **राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना (सन् २०२१–२०२६) अनुसार मुख्य रणनीतिक उद्देश्यहरू के के हुन् ?**

आयोगको रणनीतिक योजना (सन् २०२१-२०२६) मा निर्धारण गरिएका मुख्य रणनीतिक उद्देश्यहरू यस प्रकार छन्ः

१. मानव अधिकार उल्लङ्घनका उजुरी व्यवस्थापन, अनुसन्धान तथा सिफारिस/निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नु,
२. मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड र राष्ट्रिय कानून कार्यान्वयन अवस्थाको अनुगमन गरी मानव अधिकार अवस्थामा सुधार ल्याउनु,
३. मानव अधिकारको चेतना अभिवृद्धि गर्ने प्रवर्द्धनात्मक कार्य गर्नु,
४. सीमान्तिकृत तथा वञ्चितिकरणमा पारिएका समुदायका हक अधिकारहरूको उपभोग गर्ने वातावरण बनाउनु,
५. मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन र मानव अधिकारका विविध विषयमा खोजमुलक अध्ययन अनुसन्धान गर्नु,
६. सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकार, संवैधानिक अङ्गहरू, नागरिक समाज तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्दै जानु,
७. आयोगको संस्थागत सुदृढीकरण, प्रविधिको उच्चतम प्रयोग तथा मानव संशाधनको क्षमता अभिवृद्धि गर्नु।

१२. **मानव अधिकार उल्लङ्घन र अपराध भनेको के हो ? यी दुईबिचमा के फरक छ ?**

सामान्यतः राज्यका निकायहरूले मानव अधिकारको सिद्धान्त वा कानूनबमोजिम गर्नुपर्ने कार्य नगर्दा र नगर्नुपर्ने कार्य गर्दा हनन् हुन जाने

अधिकार मानव अधिकारको उल्लङ्घन हो भने व्यक्ति-व्यक्ति वा समूहबिचमा हुने र मुलुकको फौजदारी कानूनले आपराध भनी घोषणा गरेका घटनाहरू अपराध हुन् । मानव अधिकार उल्लङ्घन र अपराधमा निम्न फरकहरू रहेका छन्ः

| **मानव अधिकार उल्लङ्घन** | **अपराध** |
|---|---|
| • राज्य पक्षको संलग्नतामा घटना भएको हुन्छ ।<br>• राज्यको जिम्मेवारी वहन गर्ने सिलसिलामा घटना घटेको हुन्छ ।<br>• सामान्यतयाः उजुरी दिन हदम्याद लाग्दैन ।<br>• अनुसन्धान वा पुनःअनुसन्धान हुनसक्छ ।<br>• राज्य पक्षको निष्क्रियता वा सक्रियतामा घटना घटेको हुन्छ ।<br>• राज्य पक्षले दायित्व वहन गर्नुपर्छ ।<br>• राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीय समिति जस्ता निकायमा उजुरी लाग्दछ ।<br>• दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति हुन्छ ।<br>• मानव अधिकार उल्लङ्घनका उदाहरणहरूः<br>• गैरन्यायिक हत्या, वेपत्ता, यातना, गैरकानूनी थुना, शान्तिसुरक्षा दिन नसक्नु, विस्थापित गराउनु, जातीय विभेद, लैङ्गिक हिंसा आदि । | • व्यक्ति वा समूहको संलग्नतामा घटना भएको हुन्छ ।<br>• व्यक्तिगत हैसियतमा घटना घटेको हुन्छ ।<br>• हदम्यादभित्रै जाहेरी दिनुपर्छ ।<br>• राज्यका अङ्गबाट सामान्यतः एक पटक अनुसन्धान हुनसक्छ ।<br>• कुनै व्यक्ति वा समूहको सक्रियताबाट घटना घटेको हुन्छ ।<br>• अपराधीले मात्र दायित्व वहन गर्नुपर्छ ।<br>• प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतमा उजुरी लाग्दछ ।<br>• दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति पनि हुनसक्छ ।<br>• अपराधका उदाहरणहरूः<br>• कर्तव्य ज्यान, चोरी, डकैती, कुटपिट, लुटपिट, ठगी, बलात्कार, मानिस बेचबिखन, किर्ते, जालसाजी आदि । |

# परिच्छेद–२
## उजुरी, कारबाही तथा क्षतिपूर्ति

**१. आयोगले आफूसमक्ष दर्ता हुन आएका उजुरीहरूको कुन कानूनबमोजिम छानबिन गर्दछ ?**

आयोगले आफूसमक्ष दर्ता हुन आएका मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरूको छानबिन र अनुसन्धान नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले निर्धारित गरे बमोजिम राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ बमोजिम गर्दछ ।

**२. उजुरी भनेको के हो ?**

मानव अधिकार उल्लङ्घन वा दुरुत्साहन भएकोले त्यसमा छानबिन गरिपाऊँ भनी आयोगमा दर्ता हुन आएका लिखित वा मौखिक अनुरोधलाई उजुरी भनी बुझ्नुपर्दछ । यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ र राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ मा पनि परिभाषा गरिएको छ ।

**३. मानव अधिकारको उल्लङ्घन भएमा कहाँ र कसले उजुरी दिन सक्छ ?**

मानव अधिकारको उल्लङ्घन भएमा राष्ट्रिय मानव अधिकार आयोगका केन्द्रीय, प्रदेश वा प्रदेश शाखा कार्यालयमध्ये कुनै पनि कार्यालयमा उजुरी गर्न सकिन्छ । त्यस्तो उजुरी गर्दा पीडित व्यक्ति आफैंले वा निजको तर्फबाट थाहा पाउने कसैले उजुरी दिन सक्छ । उजुरी दिँदा कुनै दस्तुर लाग्दैन ।

**४. आयोगमा मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी कसरी र कुन–कुन माध्यमबाट दर्ता गर्न सकिन्छ ?**

पीडित व्यक्ति आफैं उपस्थित भई वा पीडितका तर्फबाट कसैले लिखित वा मौखिक निवेदन दिएर पनि आयोगमा उजुरी दर्ता गर्न सकिन्छ । यस्तो उजुरी लिखित, मौखिक, टेलिफोन, हुलाक, द्रुत डाक सेवा, फ्याक्स, इमेल वा लिखित अभिलेख राख्न सकिने अन्य दूरसञ्चारका माध्यमबाट पनि गर्न सकिन्छ । यस बाहेक गम्भीर मानव अधिकार उल्लङ्घनका विषयमा आयोग आफैंले स्वविवेक (Suo Moto Cognizance) मा पनि उजुरी लिन सक्दछ ।

५. **आयोगमा मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरी दिँदा उजुरकर्ताले के–के कुरा खुलाउनुपर्छ ?**

उजुरी दिँदा उजुरीकर्ताले अनुसूची-४ मा उल्लेखित फारममा भएका निम्न कुराहरू खुलाउनुपर्छ :

(क) उजुरी गर्ने व्यक्तिको नाम, थर र ठेगाना,
(ख) कुनै संस्थाको तर्फबाट उजुरी परेको भए सो संस्थाको विवरण,
(ग) उजुरीको विषय,
(घ) उजुरी गर्नुपर्ने कारण,
(ङ) उजुरीको सङ्क्षिप्त ब्यहोरा,
(च) उजुरीलाई समर्थन वा पुष्टि गर्ने कुनै प्रमाण/साक्षी,
(छ) उजुरकर्ताले माग गरेको उपचारको विवरण,
(ज) उजुरीको विषयमा अन्यत्र कुनै उजुरी गरेको भए त्यसको विवरण र
(झ) अन्य प्रासङ्गिक कुरा ।

६. **अत्यन्त जरुरी विषयको उजुरी केलाई मानिन्छ ?**

देहायको अवस्थाको मानव अधिकारको उल्लङ्घन/हनन् वा त्यसको दुरुत्साहनका विषयलाई अत्यन्त जरुरी विषय मानिने व्यवस्था छ :

(क) कसैको हत्या वा मुत्यु भएको वा हत्या वा मृत्यु हुने सम्भावना रहेको,
(ख) गम्भीर यातना दिएको,
(ग) मानिस विक्षिप्त भएको,
(घ) कुनै समूह वा सम्प्रदाय नै पीडित भएको,
(ङ) बेपत्ता पारिएको वा पार्ने सम्भावना भएको,
(च) महिलामाथि हुने यौन दुर्व्यवहार,
(छ) बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरी र
(ज) तत्काल त्यस्तो कार्य नरोकेमा मानव अधिकारको गम्भीर उल्लङ्घन वा मानवीय क्षति हुन सक्ने सम्भावना भएको ।

७. **के आयोगमा परेको उजुरीमा मिलापत्र हुन सक्छ ? मिलापत्र भएपछि उजुरी के हुन्छ ?**

आयोगमा विचाराधीन रहेको गम्भीर मानव अधिकार उल्लङ्घनका

उजुरीबाहेकका कुनै पनि उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मिलापत्र गरी पाउन संयुक्त निवेदन गरेमा र मिलापत्र गर्दा पीडित पक्षको मानव अधिकारको संरक्षण हुने भएमा मिलापत्र हुन सक्छ। पक्षहरूबिच मिलापत्र भएमा आयोगमा परेको उजुरीमाथिको कारबाही अन्त्य हुन्छ।

८. **कस्तो अवस्थामा आयोगले उजुरीलाई तामेलीमा राख्न वा खारेज गर्न सक्छ ?**

राष्ट्रिय मानव अधिकार आयोगले निम्न अवस्थामा उजुरीलाई तामेलीमा राख्न वा खारेज गर्न सक्छः

उजुरीको प्रारम्भिक अध्ययनबाट देहायका कुनै अवस्था भएको पाइएमा प्रारम्भिक कारबाहीको लागि आयोगले तोकेको सदस्यले त्यस्तो उजुरी तामेलीमा राख्न वा खारेज गर्न सक्नेछ।

(क) उजुर गर्ने व्यक्ति वा पीडित व्यक्तिको नाम उल्लेख नभएमा,
(ख) अस्पष्ट वा काल्पनिक विषयको उजुरी भएमा,
(ग) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनसँग सम्बन्धित नभएमा,
(घ) आयोगको अधिकार क्षेत्र भन्दा बाहिरको विषय भएमा,
(ङ) झुट्ठा वा तथ्यहीन विषयको उजुरी भएमा,
(च) रीत नपुगेको पाइएमा र
(छ) एकपटक आयोगले ठहर गरिसकेको विषय भएमा।

तर कुनै उजुरी रीत नपुगेका कारणले तामेलीमा रहेकोमा पुनः रीतपूर्वकको उजुरी पर्न आएमा कारबाही गर्न बाधा पर्ने छैन।

९. **आयोगले मानव अधिकार उल्लङ्घन/दुरुत्साहन भए–नभएको ठहर कसरी गर्छ ?**

आयोगले आफ्नो कार्यादेश बमोजिम आयोगमा दर्ता/जानकारी हुन आएका घटनाहरूमा स्थलगत वा अन्य तरिकाबाट गरेको अनुगमन, अनुसन्धान, छानबिन र जाँचबुझको आधारमा प्राप्त तथ्यहरू, त्यसलाई समर्थन गर्ने प्रमाणहरूको गम्भीर विश्लेषण गरी मानव अधिकार उल्लङ्घन/दुरुत्साहन भए नभएको ठहर गर्दछ।

**१०. कुनै निकाय, सार्वजनिक/सरकारी अधिकारी वा कर्मचारी दोषी देखिएमा कारबाहीको सम्बन्धमा कस्तो कार्यविधि अपनाइन्छ ?**

कुनै निकाय, सार्वजनिक/सरकारी अधिकारी वा कर्मचारी दोषी देखिएमा निजमाथि आवश्यक कारबाही गर्न आयोगले सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने व्यवस्था छ । आयोगले त्यसरी लेखी पठाएमा सोहीबमोजिम कानूनी वा विभागीय कारबाही गर्नु नेपाल सरकारको दायित्व हुन्छ । आयोगले गरेको सिफारिस, निर्णय वा आदेश सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायले तीन महिनाभित्रमा कार्यान्वयन गरी आयोगलाई जानकारी गराउनु पर्छ । कुनै कारणबाट कारबाही गर्न नसकिने भएमा त्यसको कारणसहित दुई महिनाभित्र सम्बन्धित निकाय वा अधिकारीले आयोगलाई जानकारी दिनुपर्ने व्यवस्था छ ।

**११. आयोगले कस्ता–कस्ता मानव अधिकार उल्लङ्घन ठहर भएका विषयमा क्षतिपूर्तिको लागि सिफारिस गर्न सक्दछ ?**

राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को परिच्छेद ५ बमोजिम निम्न विषयमा क्षतिपूर्तिको लागि सिफारिस गर्न सक्दछ :

(क) मृत्यु भएकोमा,
(ख) यातना दिएकोमा,
(ग) गैरकानूनी थुनामा राखेको वा वेपत्ता पारेकोमा,
(घ) चोटपटक भएकोमा,
(ङ) भेदभाव गरेकोमा,
(च) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घन भएकोमा र
(छ) सामूहिक अधिकार उल्लङ्घन भएकोमा ।

**१२. आयोगले क्षतिपूर्ति निर्धारण गर्ने आधारहरू के–के हुन ?**

राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २२ बमोजिम आयोगले क्षतिपूर्ति निर्धारण गर्ने आधारहरू देहायबमोजिम रहका छन्ः

(क) पीडितलाई भएको शारीरिक घाउ चोट र वास्तविक उपचार खर्चको अवस्था,
(ख) मानसिक पीडा/यातना,

(ग) सामाजिक मर्यादा,
(घ) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था,
(ङ) पीडकको चरित्र,
(च) मानव अधिकार उल्लङ्घनको घटनामा यस अघि संलग्न रहे नरहेको र
(छ) पीडकको आर्थिक अवस्था।

१३. **राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन, अनुसन्धान तथा छानविनका क्रममा कुनै पनि निकाय र पदाधिकारीसँग माग गरेको सहयोग तथा आवश्यक सूचना, कागज प्रमाण उपलब्ध नगराएमा के कस्तो कारवाहीका लागि लेखी पठाउन सक्छ ?**

आयोगले अनुगमन, अनुसन्धान तथा छानविनका क्रममा कुनै पनि निकाय र पदाधिकारीसँग माग गरेको सहयोग उपलब्ध गराउनुपर्दछ। राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २१ मा आयोगले माग गरेका सूचना, कागजात वा प्रमाण जानीजानी उपलब्ध नगराउने, आयोगको सिफारिस आदेश वा निर्णय जानी जानी पालना नगर्ने, आयोगको कार्यमा जानी (जानी असहयोग गर्ने वा आयोगले उपस्थितिको लागि बोलाएकोमा विना कारण अनुपस्थित हुने पदाधिकारी उपर विभागीय कारवाही चलाउन आयोगले सम्बन्धित निकायमा लेखी पठाउने व्यवस्था गरेको छ।

१४. **आयोगलाई मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनामा अनुगमन, अनुसन्धान तथा छानविन गर्दा के–कस्ता अधिकारहरू रहेका छन् ?**

आयोगलाई मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनामा अनुगमन, अनुसन्धान तथा छानविन गर्दा अदालतलाई भएसरह देहाय बमोजिमका अधिकारहरू रहेका छन्।

क) बयान तथा बकपत्र गराउने।
ख) कागज प्रमाण संकलन गर्ने।
ग) कुनै पनि निकाय वा कार्यालय व्यक्ति वा निजको आवासमा अग्रिम सूचना दिएर वा विना सूचना प्रवेश गरी खानतलासी लिने तथा सबुत प्रमाणहरूको सुरक्षा र संरक्षण गर्ने, गराउने।
घ) पीडितको उद्दार गर्ने, गराउने।
ङ) पीडितलाई क्षतिपूर्ति दिन आदेश दिने।

# परिच्छेद–३

## नेपालको संविधान र मानव अधिकार

१. **नेपालको संविधानमा मानव अधिकारसम्बन्धी के–के प्रावधानहरू समावेश गरिएको छ ?**

नेपालको संविधानमा मानव अधिकारसम्बन्धी देहायबमोजिमका प्रावधानहरू समावेश गरिएको छ :

(क) प्रस्तावनामा अविभेद, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन र पूर्ण प्रेस स्वतन्त्रता लगायतका अधिकारहरूको उल्लेख,

(ख) विभिन्न ३१ वटा मौलिक हकहरूको व्यवस्था,

(ग) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने एवम् सामाजिक न्याय र समावेशीकरणसम्बन्धी राज्यको नीति रहने व्यवस्था भएको,

(घ) राष्ट्रिय मानव अधिकार आयोगसमेत मानव अधिकारसँग सम्बन्धित अन्य विषयगत आयोगहरू र निकायहरू रहने व्यवस्था र

(ङ) न्यायालयको व्यवस्था ।

२. **मौलिक हक भनेको के हो ?**

राज्यले आफ्ना नागरिकहरूका लागि सुनिश्चित गरेका हक-अधिकारलाई मौलिक हक भनिन्छ । त्यस्ता मौलिक हकहरू संविधानमा व्यवस्था गरिएका हुन्छन् । मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्यमान्यता बमोजिम ती मौलिक हकहरू आफ्ना नागरिकलाई उपलब्ध गराउन राज्यले प्रतिबद्धता जनाएको हुन्छ ।

३. **नेपालको संविधानले के–कस्ता मौलिक हकको व्यवस्था गरेको छ ?**

नेपालको संविधानको भाग ३ मा निम्न मौलिक हकहरू रहने व्यवस्था गरिएको छ :

१६. सम्मानपूर्वक बाँच्न पाउने हक,

१७. स्वतन्त्रताको हक,

१८. समानताको हक,

१९. सञ्चारको हक,

२०. न्यायसम्बन्धी हक,

२१. अपराध पीडितको हक,
२२. यातना विरुद्धको हक,
२३. निवारक नजरबन्दविरुद्धको हक,
२४. छुवाछूत तथा भेदभावविरुद्धको हक,
२५. सम्पत्तिको हक,
२६. धार्मिक स्वतन्त्रताको हक,
२७. सूचनाको हक,
२८. गोपनीयताको हक,
२९. शोषणविरुद्धको हक,
३०. स्वच्छ वातावरणको हक,
३१. शिक्षासम्बन्धी हक,
३२. भाषा तथा संस्कृतिको हक,
३३. रोजगारीको हक,
३४. श्रमको हक,
३५. स्वास्थ्यसम्बन्धी हक,
३६. खाद्यसम्बन्धी हक,
३७. आवासको हक,
३८. महिलाको हक,
३९. बालबालिकाको हक,
४०. दलितको हक,
४१. ज्येष्ठ नागरिकको हक,
४२. सामाजिक न्यायको हक,
४३. सामाजिक सुरक्षाको हक,
४४. उपभोक्ताको हक,
४५. देश निकालाविरुद्धको हक र
४६. संवैधानिक उपचारको हक ।

४. **नेपालको संविधान अनुसार नागरिकका कर्तव्य के के हुन् ?**

संविधान अनुसार प्रत्येक नागरिकका कर्तव्य देहायबमोजिम छन् :

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,

(ख) संविधान र कानूनको पालना गर्नु,
(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु र
(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

५. **मानव अधिकार र मौलिक हकबिचमा के फरक हुन्छ ?**

मानव अधिकार र मौलिक हकबिचमा देहायबमोजिम फरक हुन्छ :

| मानव अधिकार | मौलिक हक |
|---|---|
| सबै मौलिक हकहरू मानव अधिकारका विषयहरू हुन् । | सबै मानव अधिकारहरू मौलिक हकका विषय हैनन् । |
| मानव अधिकारको विषय सबै व्यक्तिहरूको लागि हुन्छ । | सामान्यतः मौलिक हक आफ्ना देशका नागरिकहरूले मात्र प्रचलन गर्न पाउने हुन्छ । |
| सबै मानव अधिकारका विषयहरूमा उपचारको व्यवस्था नहुन पनि सक्दछन् । | मौलिक हकको उल्लङ्घनमा संवैधानिक उपचारको व्यवस्था गरिएको हुन्छ । |
| मानव अधिकार उल्लङ्घनमा उपचारको माग गरी अन्तर्राष्ट्रिय रूपमा पनि निवेदन गर्न सकिन्छ । | मौलिक हकको उल्लङ्घनमा राज्यको अदालतमा निवेदन दिनुपर्दछ । |
| मानव अधिकारसम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय कानूनहरूबाट हुन्छ । | मौलिक हकसम्बन्धी व्यवस्था राष्ट्रिय कानूनमा हुन्छ । |
| मानव अधिकार विश्वव्यापी रूपमा प्राप्त हुने अधिकार हो । | मौलिक हक सम्बन्धित देशभित्र मात्र प्राप्त हुने अधिकार हो । |

६. **नेपालको संविधानमा व्यवस्था गरिएका मानव अधिकारसँग सम्बन्धित अन्य आयोगहरू कुन-कुन हुन ?**

(क) राष्ट्रिय महिला आयोग,
(ख) राष्ट्रिय दलित आयोग,
(ग) राष्ट्रिय समावेशी आयोग,
(घ) आदिवासी जनजाति आयोग,

(ङ) मधेशी आयोग,

(च) थारु आयोग र

(छ) मुस्लिम आयोग।

७. **राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरूबिचमा के फरक छ ?**

नेपालको संविधानको व्यवस्थाबमोजिम राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरूमा देहायका विषयमा फरक अवस्था देखिन्छः

(क) अन्य आयोगहरूको हकमा सङ्घीय संसदले १० वर्षपछि पुनरावलोकन गर्ने व्यवस्था रहेको देखिन्छ भने राष्ट्रिय मानव अधिकार आयोग हकमा सो व्यवस्था लागु हुदैन।

(ख) अन्य आयोगहरूका हकमा प्रतिनिधि सभाका समितिले ती आयोगका प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय-सल्लाह दिन सक्ने व्यवस्था छ भने राष्ट्रिय मानव अधिकार आयोगलाई प्रतिनिधि सभाका समितिले अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय दिन सक्ने व्यवस्था नभएको र

(ग) राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश समग्र मानव अधिकारका विषयहरूमा रहेको छ भने अन्य आयोगहरूको कार्यादेश समान्यतः सम्बन्धित विषयमा मात्र रहने देखिन्छ।

८. **नेपालको संविधानमा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी के व्यवस्था छ ?**

नेपालको संविधानको धारा २४८ले नेपालमा राष्ट्रिय मानव अधिकार आयोग रहने व्यवस्था गरेको छ। उक्त धारामा आयोगमा एक जना अध्यक्ष र चार जना सदस्य रहने व्यवस्था छ । यस धाराले आयोगको गठन, पदाधिकारीहरूको योग्यता, अवधि, सेवा-शर्त र सुविधासम्बन्धी पनि व्यवस्था गरेको छ भने धारा २४९ ले काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरेको छ।

९. **नेपालको संविधानबमोजिम राष्ट्रिय मानव अधिकार आयोगका काम, कर्तव्य र अधिकारहरू के–के हुन ?**

(**क**) **काम**:

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैँ वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने र

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

(ख) **कर्तव्यः**

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु ।

(ग) **अधिकारः**

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी-प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण, सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु'पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने र

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

१०) **मानव अधिकार संरक्षण तथा सम्बर्धन र त्यसको परिपालना गर्न राज्यका के कस्ता संवैधानिक दायित्वहरू रहेका छन्** ?

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरेको छ । संविधानमा राज्यशक्तिको प्रयोग तीन तह कै सरकारहरू संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानको धारा ५६(६) मा संघ, प्रदेश र स्थानीय तह तिन वटै तहका सरकारहरूले मानव अधिकार र मौलिक हकसमेतको संरक्षण गर्ने उल्लेख गरिएको छ । संविधानको धारा

५२ अनुसार मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन गर्ने राज्यको दायित्व हुने उल्लेख छ। यसैगरी राज्यको राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिमा मानव अधिकारको संरक्षण र संवर्धन गर्दै विधिको शासन कायम गर्ने र नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने दायित्व रहने व्यवस्था छ। साथै, नेपालको संविधानको धारा ८२ बमोजिमको नेपाल सरकारको कार्यविभाजन नियमावली २०७४, संविधानको धारा १७४ बमोजिमको ७ वटै प्रदेशहरूको कार्यविभाजन नियमावली, संविधानको धारा २१८ बमोजिमको गाउँकार्यपालिका र नगरकार्यपालिका कार्यविभाजन नियमावली बमोजिम मानव अधिकारको संरक्षण र सम्बर्धन सम्बन्धी दायित्व संघ र प्रदेश सरकारको हकमा सम्बन्धित मन्त्रालय र स्थानीय तहको हकमा सम्बन्धित शाखा तथा महाशाखाको रहने व्यवस्था रहेको छ।

११) **मानव अधिकार संरक्षण तथा सम्बर्धन गर्न राज्यले अवलम्बन गरेका नीतिहरू के के रहेका छन् ?**

नेपालको संविधानको धारा ५१ बमोजिम मानव अधिकार संरक्षण तथा सम्बर्धन गर्न राज्यले निम्न बमोजिम १३ वटा नीतिहरू अवलम्बन गरेको छ।

१. राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति
२. राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति
३. सामाजिक र साँस्कृतिक रुपान्तरण सम्बन्धी नीति
४. अर्थ उद्योग र वाणिज्य सम्बन्धी नीति
५. कृषि र भूमिसुधार सम्बन्धी नीति
६. विकास सम्बन्धी नीति
७. प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीति
८. नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति
९. श्रम र रोजगार सम्बन्धी नीति
१०. सामाजिक न्याय र समावेशी सम्बन्धी नीति
११. न्याय र दण्ड व्यस्था सम्बन्धी नीति
१२. अन्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति

**१२ हालको राज्य संरचनाको व्यवस्थाले मानव अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यहरू नागरिकले स्थानीय तहमै पाउने हुनाले स्थानिय तहलाई जनताको नजिकको सरकार भन्ने जनउक्ति व्यापक रहेको पाइन्छ। यसो हुनाको कारण किन होला ? स्थानीय तहका मानव अधिकार संरक्षण र सम्वर्धन सम्बन्धी कार्यसम्पादन सम्बन्धमा संवैधानिक तथा कानूनी प्रावधानहरू के के रहेका छन ?**

जनताको नजिकको सरकार भन्ने जनउक्ति नेपालको संघीय शासन प्रणालीले जनतालाई शासन र सेवा प्रवाहको पहुँच उनीहरूको घरदैलोमा पुऱ्याएको अवस्थालाई जनाउने अत्यन्त महत्वपूर्ण भनाइ हो। यस उक्ति अन्तर्गत, संघको राजधानी केन्द्रित अधिकार, अख्तियारी र सेवा अब स्थानीय तहमा पुगिसकेको छ भन्ने जनमानसमा व्यापक अनुभूति छ। जसलाइ निम्नानुसार पुष्टि गर्न सकिन्छ।

१. **संघीय शासन व्यवस्था लागू हुनुः**

नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रको रूपमा परिभाषित गर्दै ३ तहको सरकार संघ, प्रदेश, स्थानीय तह स्थापना गऱ्यो। यसले अधिकारको विकेन्द्रिकरण तथा बाँडफाँड गऱ्यो।

२. **स्थानीय तहमा अधिकार प्रत्यायोजनः**

स्थानीय सरकारलाई साझा, विशिष्ट र अविभाज्य अधिकारहरू दिइएको छ, जसले मानव अधिकार सम्बन्धी सेवा स्थानीय स्तरमै उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरेको छ।

३. **नागरिकसँग प्रत्यक्ष सम्पर्कः**

स्थानीय तह नागरिकको दैनिक जीवनसँग जोडिएको प्रशासनिक तह हो। शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सामाजिक सुरक्षा, लैङ्गिक समानता, बालबालिका तथा अपांगता समेतका अधिकार सम्बन्धी सेवा अब स्थानीय सरकारले दिन थालेपछि मानव अधिकारको सुनिश्चितता बढेको हो।

४. **स्थानीय जनप्रतिनिधिको प्रत्यक्ष जिम्मेवारीः**

स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिहरूको नागरिकसँग सिधा सम्पर्कमा हुने भएकाले उनीहरूले जनताको गुनासो प्रत्यक्षरुपमा सुनी समस्यालाई शीघ्र सम्बोधन गर्न सक्छन्।

**संवैधानिक र कानुनी प्रावधानहरूः**

१. संविधानको मौलिक हकमा आधारभूत हकअधिकारको व्यवस्था गरिएको छ,। जसमा सबै नागरिकलाई जीवन, समानता, धर्म, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बालबालिका, महिला, जातीय तथा भाषिक पहिचान, अपाङ्गता समेत भएका व्यक्ति आदिका अधिकार सुनिश्चित छन् ।

२. संविधानको अनुसूची ८ मा स्थानीय तहका विशिष्ट अधिकारहरूः

- आधारभूत स्वास्थ्य सेवा
- आधारभूत तथा माध्यमिक शिक्षा
- खानेपानी तथा सरसफाइ
- लैङ्गिक तथा सामाजिक समावेशी कार्यक्रम
- स्थानीय सामाजिक सुरक्षाका कार्यक्रम
- बाल संरक्षण तथा वृद्ध नागरिकको हेरचाह

३. संविधानको अनुसूची ९ मा संघ, प्रदेश, र स्थानीय तहको साझा अधिकारको व्यवस्था

- वातावरण संरक्षण
- बालबालिका, महिला, अपाङ्गता, अल्पसंख्यक तथा आदिवासी जनजातिका अधिकार संरक्षण

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः

- स्थानीय सरकारलाई मानव अधिकार प्रवर्द्धन, संरक्षण, र कार्यान्वयन सम्बन्धी जिम्मेवारी स्पष्ट रुपमा दिइएको छ ।
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित तथा अन्य कमजोर समूहको अधिकार संरक्षणका लागि आवश्यक नीति, योजना, कार्यक्रम बनाउने अधिकार ।

५. सामाजिक सुरक्षा ऐन, २०७५ः

- बृद्ध, अपाङ्गता, सुत्केरी महिला, एकल महिला, बालबालिका लगायतलाई लक्षित सामाजिक सुरक्षा कार्यक्रम स्थानीय सरकारमार्फत कार्यान्वयन ।

६. बालबालिका सम्बन्धी ऐन, २०७५ः

- बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्र निर्माण गर्ने तथा वाल अधिकारको प्रबर्धन र बालबालिका मैत्री स्थानीय तह निर्माणमा स्थानीय सरकारलाई मुख्य भूमिका दिइएको।

**१३ सुशासन र मानव अधिकार विच के कस्तो सम्बन्ध रहेको छ?**

सुशासन र मानव अधिकार बीच गहिरो सम्बन्ध रहेको छ । यी दुबै एकअर्काको परिपूरक पनि हुन, अर्थात् सुशासन बिना मानव अधिकारको प्रभावकारी संरक्षण सम्भव हुँदैन, र मानव अधिकारको सम्मान बिना सुशासनको अभ्यास अधूरो हुन्छ। तल यिनको सम्बन्ध स्पष्ट पारिएको छ ।

सुशासनः सुशासन (Good Governance) भन्नाले पारदर्शिता, जवाफदेहिता, सहभागिता, कानूनी शासन, प्रभावकारिता, समानता र उत्तरदायित्व जस्ता सिद्धान्तहरूमा आधारित शासन प्रणाली हो। मानव अधिकार (Human Rights) भन्नाले प्रत्येक व्यक्तिले जन्मसिद्ध रूपमा पाउने स्वतन्त्रता, समानता र सम्मानजनक जीवनयापनको अधिकारहरू हुन् जसमा अभिव्यक्ति स्वतन्त्रता, शिक्षाको अधिकार, स्वास्थ्यको सेवा, समानता आदि पर्दछन् ।

**सुशासन र मानव अधिकारबिचको सम्बन्ध**

सुशासन मानव अधिकारको सुनिश्चित गर्ने माध्यम हो भने मानव अधिकार सुशासनको मूल्यांकन गर्ने आधार हो। यदि कुनै राज्यमा सुशासन छ भने त्यहाँ नागरिकका मानव अधिकार सुरक्षित हुन्छन्। त्यसैले, यी दुई बिचको सम्बन्ध आपसी, अपरिहार्य र पूरक प्रकृतिको हुन्छ।

**१४ के भष्ट्राचार मानव अधिकार विपरित विषय हो ?**

भ्रष्टाचार मानव अधिकार विपरितको विषय हो । भ्रष्टाचारले नागरिकका आधारभूत मानव अधिकारहरू कुण्ठित गर्छ, सेवाको पहुँचबाट वञ्चित पार्छ, असमानता बढाउँछ, र राज्यप्रति जन विश्वास कमजोर बनाउँछ । यसले विशेषगरी गरिब, कमजोर र सीमान्तकृत वर्गका नागरिकहरूलाई प्रत्यक्ष असर गर्छ । राष्ट्रिय मानव अधिकार आयोगले समेत यस विषयलाई मानव अधिकारको विषयसँग जोडेर हेरिरहेको छ । उदाहरण स्वरुप जस्तै,

भ्रष्टाचारको स्वरूपः सेवा प्राप्तिका लागि तोकिएभन्दा अतिरिक्त समय

र खर्च व्यहोरिनुपर्ने अवस्था । न्याय प्रणालीमा कुनै व्यक्तिको कारणले ढिलासुस्ती, प्रभाव, दवाव, डर, धम्कि  मौलाउनु । सार्वजनिक स्रोतको दुरुपयोग । विभिन्न नियुक्तिहरुमा चलखेल र पक्षपात तथा आफ्नो दवदवा बढाउनु । सूचना लुकाउनु वा दिनुपर्ने सूचना नदिनु ।

**मानव अधिकार हनन वा वंचित हुने अवस्थाः**

यदि कुनै अस्पतालमा बिरामीले उपचार पाउन तोकिएभन्दा कसैलाइ अतिरक्त रकम दिनुपर्छ भने, गरीब व्यक्तिको उपचार नपाई अकालमै ज्यान जानसक्छ  । यो जीवनको अधिकार (Right to Life) र  स्वास्थ्यको अधिकार (Right to Health) तथा संविधानले ग्यारेण्टी गरेको मौलिक हक माथिको उल्लङ्घन हो । त्यसैगरी सरकारी विद्यालयका लागि आएको बजेट शिक्षक र पदाधिकारीहरूले हिनामिना गरे भने  विद्यार्थीले गुणस्तरीय शिक्षा पाउँदैनन् । यो शिक्षाको अधिकार (Right to Education) को उल्लङ्घन हो । यदि न्याय महंगो भयो वा आर्थिक, सामाजिक र राजनैतिकरुपमा प्रभावशालीहरुले मात्र पाउन थाले भने सर्वसाधारणले संविधानको धारा २० तथा २१ बमोजिम न्याय सहजरुपमा प्राप्त गर्नबाट वञ्चित हुने अवस्था सृजना हुनसक्छ । यो  न्यायमा सहज पहुँच (Access to Justice) र समानताको अधिकार (Right to Equality) को उल्लङ्घन समेत हो ।

६ प्रश्नः अपराध पीडितको हकको सम्बन्धमा संविधानमा के व्यवस्था रहेको छ Victimology को वारेमा प्रचलित मान्यता र अभ्यासहरु के के रहेका छन ?

संविधानको धारा २० मा न्याय सम्बन्धि हक र धारा २१ मा अपराध पीडितको हकको वारेमा व्यवस्था गरिएको छ । अपराध पीडितको हक र Victimology (पीडित विज्ञान) आजको आधुनिक फौजदारी न्याय प्रणालीमा केन्द्रीय विषय बनेको छ । संविधानको धारा २१ मा कुनै अपराधबाट पीडित व्यक्तिलाई कानून अनुसार निम्न हकपाउने उल्लेख छ ।

- निष्पक्ष र समयमै न्याय पाउने हक
- पीडितको आवाज सुन्ने (voice of victim) प्रक्रिया
- क्षतिपूर्ति (compensation) पाउने हक
- सुरक्षाको प्रत्याभूति तथा सामाजिक सम्मान र मर्यादापूर्वक व्यवहार

- जानकारी र प्रक्रियामा सहभागी हुने हक

Victimology (पीडित विज्ञान) को प्रचलित मान्यता र अभ्यासः

Victimology ले अपराध पीडितको मानव अधिकार, सुरक्षाको आवश्यकता र पुनर्स्थापनालाई वैज्ञानिक र व्यावहारिक रूपले सम्बोधन गर्छ।

क मान्यताः पीडितले जानकारी, सहायता, क्षतिपूर्ति पाउने, मनोसामाजिक परामर्श, कानूनी सहायता प्राप्त गर्ने, पीडितको गोपनीयता र सामाजिक मर्यादा सुरक्षित रहनुपर्दछ।

ख अभ्यासः अभ्यासहरु रहेका छन्।

१. न्याय प्रणालीः अदालतमा पीडितको गवाहीलाई विशेष ध्यान दिनु, पीडित मैत्री प्रक्रिया अपनाउनु

२. पुलिस प्रशासनः पीडितको उजुरी सजिलै लिनु, सुरक्षाको प्रत्याभूति दिनु।

३. स्वास्थ्य र पुनर्वासः पीडितलाई परामर्श, उपचार, पुनर्स्थापना सुविधा दिनु।

४. नीति निर्माणः पीडित केन्द्रित ऐन, नीति बनाउनु (जस्तैः पीडित संरक्षण ऐन)

१५. **मानव अधिकारमैत्री बजेट निर्माण भनेको के हो ?**

मानव अधिकार मैत्री बजेट निर्माण भन्नाले एक यस्तो प्रकिया हो, जसमा बजेट, नीति र स्रोत विनियोजन गर्दा मानव अधिकारका सिद्धान्तहरु, समानता, समावेशिता, पारदर्शिता र जवाफदेहितालाई मुख्य आधार मानेर तयार गरिन्छ। विशेषगरी यसले समाजमा रहेका सीमान्तकृत, उत्पीडित र कमजोर वर्गको मानव अधिकार सुनिश्चित गर्न जोड दिन्छ। मानव अधिकारमैत्री बजेट निर्माणले समाजका सबै वर्गको अधिकार सुनिश्चित गर्नुका साथै सामाजिक न्यायलाई कायम राखी समुन्नत समाज निर्माण गर्न अहम् भूमिका निर्वाह गर्दछ। नेपालको संविधानमा व्यवस्था भएका मौलिक हकको कार्यान्वयन गर्न संविधानको धारा ५७, ५८, ५९ र ६० मा संघ, प्रदेश र स्थानीय सरकारका अधिकारको बाँडफाँड, आर्थिक अधिकारको प्रयोग, राजश्व श्रोतको बाँडफाँड सम्बन्धी व्यवस्थाले मानव अधिकार मैत्री बजेट निर्माणलाई निर्देशित गर्दछ।

# परिच्छेद–४

## मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू

**१. मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज भन्नाले के बुझिन्छ ? र यस अन्तर्गत के–कस्ता विषयहरू पर्दछन् ?**

मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेज भन्नाले व्यक्तिले पाउने मानव अधिकारका विषयलाई नियमित, प्रभावकारी र संरक्षित बनाउन संयुक्त राष्ट्रसङ्घ र उसले मान्यता दिएका अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले बनाएका कानूनी दस्तावेजहरूलाई बुझिन्छ। जस अन्तर्गत–

- सन्धि (Treaty),
- महासन्धि (Convention),
- ऐच्छिक आलेख (Protocol),
- मार्गनिर्देशन सिद्धान्त (Guiding principle)
- घोषणापत्र (Declaration)
- सिफारिस (Recommendation) र
- सङ्कल्प प्रस्ताव (Resolution) आदि पर्दछन् ।

**२. अन्तर्राष्ट्रिय दस्तावेजको पक्षराष्ट्र भनेको के हो ?**

अन्तर्राष्ट्रिय दस्तावेजहरू आफ्नो देशमा कार्यान्वयन गर्ने भनी महासन्धिहरूमा हस्ताक्षर गरेर अनुमोदन गरी त्यसलाई पालना गर्ने प्रतिबद्धता जनाउने राष्ट्रलाई 'पक्ष राष्ट्र' भनिन्छ । सबै अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन गर्नुपर्ने प्रकृतिका हुँदैनन् । अन्तर्राष्ट्रिय सन्धि, महासन्धि, महासन्धि र प्रलेखहरूमा सम्बन्धित देशले अनुमोदन गर्नुपर्दछ र त्यो बाध्यात्मक हुन्छ। घोषणापत्र, सिफारिस र सङ्कल्प प्रस्तावहरू कुनै पनि राष्ट्रका लागि बाध्यात्मक हुँदैनन् तर नैतिक रूपमा मान्नुपर्ने किसिमका हुन्छन् ।

**३. अहिलेसम्म नेपाल मानव अधिकारका कुन–कुन विषयका कति ओटा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भइसकेको छ ?**

नेपाल अहिलेसम्म मानव अधिकारसम्बन्धी विभिन्न महासन्धी, अन्तर्राष्ट्रिय श्रम सङ्गठन सम्बन्धी ११ र अन्तर्राष्ट्रिय मानवीय कानून (जेनेभा महासन्धिहरू) - सम्बन्धी ४ वटा महासन्धिहरूको पक्ष राष्ट्र भइसकेको छ । यसबाहेक सार्क क्षेत्रस्तरीय २ वटा महासन्धिहरूको पनि पक्ष राष्ट्र भएको छ। ती दस्तावेजहरूको विवरण अनुसूचीमा दिइएको छ।

४. **आयोगले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरूको सम्बन्धमा के गर्छ ?**

आयोगले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरूका सम्बन्धमा निम्न कार्यहरू गर्दछः

(क) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(ख) अनुगमनबाट प्राप्त तथ्यको आधारमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने र

(ग) संयुक्त राष्ट्रसङ्घीय समितिमा नेपालले पठाउनुपर्ने आवधिक प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई राय सुझाव दिने

५. **नेपाल पक्ष भएका महासन्धि अनुरूप नेपालले कस्तो कानूनी दायित्व पूरा गर्नुपर्ने हुन्छ ?**

नेपाल पक्ष भएका महासन्धिअनुरूप नेपालले ती सन्धिहरूको कार्यान्वयन गर्नको लागि सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व निर्वाह गर्नुपर्दछ । महासन्धिहरूको घरेलुकरण गर्नका लागि कानूनी, प्रशासनिक, न्यायिक लगायतका संस्थागत तथा कानूनी संरचनाहरूको व्यवस्था गर्नु पर्दछ । महासन्धिको व्यवस्थाबमोजिम सम्बन्धित समितिमा आवधिक रूपमा प्रतिवेदन पेश गरी समितिबाट भएका सिफारिसहरूको कार्यान्वयन गर्ने दायित्व पनि रहन्छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार नेपाल पक्ष भएका सन्धिहरू नेपालको कानूनसँग बाझिएको हकमा सन्धिका प्रावधानहरू लागु हुन्छन् ।

६. **नेपाल पक्ष राष्ट्र भएका र नभएका प्रमुख नौ महासन्धिहरू कुन–कुन हुन् ?**

(क) **नेपाल पक्ष राष्ट्र भएका**

१. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५
२. नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि, १९६६
३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक महासन्धि, १९६६
४. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

५. यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४
६. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९
७. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

(ख) **नेपाल पक्ष राष्ट्र नभएका**

१. आप्रबासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी महासन्धि, १९९०
२. बलपूर्वक वेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

## क. मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

**१. मानव अधिकारको विश्वव्यापी घोषणापत्र भनेको के हो ?**

यो मानिसको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका आधारभूत अधिकार र मौलिक हकसम्बन्धी स्वतन्त्रताहरूको प्रचलन सम्बन्धमा संयुक्त राष्ट्रसङ्घबाट जारी भएको मानव अधिकारसम्बन्धी लिखित दस्तावेज हो । यो दस्तावेज संयुक्त राष्ट्रसङ्घको महासभाको १८३ औँ वैठकमा प्रस्ताव नं. A/RES/217 (III) मा पेश भई १० डिसेम्बर १९४८ मा जारी भएको हो । सन् १९४८ पछि बनेका अधिकांश महासन्धिहरू यस घोषणापत्रको आधारमा बनेका छन् । यो घोषणापत्र मानव अधिकारको बडापत्र (Bill of Human Rights) को एक प्रमुख दस्तावेज पनि हो ।

**२. मानव अधिकारको बडापत्र (Bill of Human Rights) भनेको के हो ?**

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि १९६६ र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार विषयक महासन्धि १९६६ हरूलाई संयुक्त रूपमा मानव अधिकारको बडापत्र (Bill of Human Rights) भनिन्छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको

कार्यालयले नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धि १९६६ र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार विषयक महासन्धि १९६६ का आलेखहरूलाई पनि मानव अधिकारको बडापत्रको अङ्गको रूपमा सम्बोधन गरेको छ।

३. **मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका प्रमुख विषयहरू के–के हुन** ?

यस घोषणापत्रमा उल्लेख भएका प्रमुख विषयहरू देहायबमोजिम छनः

(क) आर्थिक अधिकार,
(ख) सामाजिक अधिकार,
(ग) सांस्कृतिक अधिकार,
(घ) नागरिक अधिकार,
(ङ) राजनीतिक अधिकार र
(च) मानिसका कर्तव्यहरू।

**ख. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५**

१. **सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनेको के हो ? नेपालले यो महासन्धिलाई कहिले अनुमोदन गरेको थियो** ?

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ भनेको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा जातीय भेदभावका कारण पीडित भएका व्यक्ति वा समूहको अधिकारको संरक्षण र संवर्द्धन गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि हो। यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६५ डिसेम्बर २१ मा पारित भई सन् १९६९ जनवरी ४ देखि लागु भएको हो। यसमा २५ धाराहरू रहेका छन्। नेपालले यो महासन्धिलाई सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको थियो।

२. **यो महासन्धिमा जातीय भेदभावलाई कसरी परिभाषित गरिएको छ** ?

राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनमा वा कुनै क्षेत्रमा जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिका आधारमा कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकता दिने कार्यलाई जातीय भेदभाव भनी परिभाषित गरिएको छ । यस किसिमको जातीय विभेद, निषेध वा प्रतिबन्ध पक्ष राष्ट्रको नागरिक र गैरनागरिकबिच समान रूपले लागु नहुन सक्दछ ।

३. **यो महासन्धिले जातीय विभेदविरुद्ध के–कस्ता अधिकार प्रदान गरेको छ ?**

यो महासन्धिले जातीय विभेदविरुद्धमा देहायबमोजिमका अधिकारहरू प्रदान गरेको छः

(क) न्याय प्रदान गर्ने सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) कुनै सरकारी अधिकारी, समूह वा संस्थाहरूबाट हुने हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट संरक्षण पाउने अधिकार,

(ग) सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनहरूमा भाग लिने (मतदान गर्ने) तथा उम्मेदवार बन्ने अधिकार,

(घ) सरकार तथा कुनै पनि तहमा सार्वजनिक मामिलाको सञ्चालनमा भाग लिने

(ङ) सार्वजनिक सेवामा समान पहुँचको अधिकार

(च) अन्य नागरिक अधिकारहरूः

१. राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रता,

२. आफ्नो देश लगायत कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्किने अधिकार,

३. राष्ट्रियताको अधिकार,

४. विवाह गर्ने तथा वरवधु छान्ने अधिकार,

५. एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

६. पुर्ख्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,

७. विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,

८. विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार र

९. शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको

अधिकार ।

(छ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूः

१. काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने, बेरोजगारी विरुद्ध संरक्षण पाउने, समान कामका लागि समान तलब पाउने, उचित पारिश्रमिक पाउने अधिकार,

२. ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

३. आवासको अधिकार,

४. सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

५. शिक्षा तथा तालिम (प्रशिक्षण) को अधिकार,

६) सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार र

(ज) यातायात, होटल, रेस्टुरेन्ट, क्याफे, नाँचघर तथा उद्यानजस्ता सार्वजनिक स्थान वा सेवामा पहुँचको अधिकार ।

४. **कुनै व्यक्ति वा समूहमाथि जातीयताको आधारमा भेदभाव भएमा पीडित पक्षका लागि यो महासन्धिले के–कस्तो व्यवस्था गरेको छ ?**

यो महासन्धिको धारा ६ ले जातीय भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि उपयुक्त र उचित क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।

## ग. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

१. **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिभन्नाले के बुझ्नुहुन्छ ? नेपालले यसलाई कहिले अनुमोदन गरेको थियो ?**

कुनै नागरिक/व्यक्ति भएका हैसियतले मानिसले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारहरूलाई संरक्षण गर्न सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घले जारी गरेको महासन्धि नै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हो । यो महासन्धि संयुक्त

राष्ट्रसङ्घीय महासभाबाट पारित भई सन् १९७६ मार्च २३ देखि लागु भएको हो । यस महासन्धिमा ५३ वटा धाराहरू छन् । नेपालले यो महासन्धिलाई सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो ।

२. **यो महासन्धिले के–कस्ता अधिकार प्रदान गरेको छ ?**

यो महासन्धिले प्रदान गरेका अधिकारहरू यस प्रकार छन्ः

(क) आत्मनिर्णयको अधिकार,
(ख) बाँच्न पाउने अधिकार,
(ग) क्रूर, अमानवीय, अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकार,
(घ) दासत्व वा बलपूर्वकको श्रमविरुद्धको अधिकार,
(ङ) करारीय दायित्व पूरा नगरेकोमा कैदमा नराखिने अधिकार,
(च) स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने अधिकार,
(छ) कानूनको अगाडि समानताको अधिकार,
(ज) कानूनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार,
(झ) विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार,
(ञ) गोपनीयताको अधिकार,
(ट) विना हस्तक्षेप विचार राख्न पाउने अधिकार (विचार र अभिव्यक्तिको अधिकार),
(ठ) शान्तिपूर्वक भेला हुने अधिकार,
(ड) आफ्नो हितको संरक्षणका लागि ट्रेड युनियन खोल्न पाउने वा त्यसमा सम्मिलित हुने अधिकार,
(ढ) विवाह र परिवार आरम्भ गर्ने अधिकार र
(ण) बालबालिकाले विना भेदभाव आवश्यक संरक्षण पाउने अधिकार ।

३. **यो महासन्धिले जीवनसम्बन्धी अधिकारलाई कसरी सुनिश्चित गरेको छ ?**

यो महासन्धिको धारा ६ ले जीवनसम्बन्धी अधिकारहरूलाई यसरी सुनिश्चित गरेको छः

(क) प्रत्येक व्यक्तिलाई जीवनको अधिकार छ । कानूनद्वारा यो अधिकारको संरक्षण गरिने छ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन-हरण गरिने छैन ।

(ख) मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ । सबै मुद्दाहरूमा माफी दिने, क्षमादान दिने वा मृत्युदण्डको सजायलाई कम गर्न सकिने छ।

(ग) १८ वर्षमुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरूउपर यस्तो दण्ड कार्यान्वयन हुने छैन।

४. **यो महासन्धिले व्यक्तिलाई के-कस्तो स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रदान गरेको छ ?**

यो महासन्धिले व्यक्तिलाई स्वतन्त्रता र सुरक्षाको निम्न अधिकारहरू प्रदान गरेको छः

(क) कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने,

(ख) कानून विपरीत कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण नगरिने,

(ग) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा नै पक्राउको सूचना र त्यसपछि यथाशीघ्र निजविरुद्धको अभियोगबारे जानकारी पाउने,

(घ) पक्राउ परेको व्यक्तिलाई न्यायाधीश वा मुद्दा हेर्ने अधिकारी समक्ष तुरुन्त उपस्थित गराउनुपर्ने,

(ङ) उचित समयभित्र मुद्दाको सुनुवाई हुने अधिकार,

(च) थुना कानूनी भए नभएको परिक्षण अदालतबाट गराउन पाउने र गैरकानूनी भएमा तुरुन्त थुनाबाट रिहा हुन पाउने र

(छ) गैरकानूनी पक्राउ वा थुनाबाट पीडित भएमा त्यस्तो व्यक्तिलाई उचित क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

५. **यो महासन्धि अनुसार प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राखिराख्न के-कस्तो अधिकार प्राप्त छ ?**

प्रत्येक सम्प्रदायलाई आफ्नो सम्प्रदायको अस्तित्व कायम राख्न धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न पाउने अधिकार छ।

६. **यो महासन्धि अनुसार अल्पसङ्ख्यकहरूको भाषा, लिपि र संस्कृतिका संरक्षण तथा संवर्द्धनको सम्बन्धमा कस्तो अधिकार रहेको छ ?**

यो महासन्धिको धारा २७ अनुसार अल्पसङ्ख्यक समुदायलाई पनि अरुसरह आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्न पाउने अधिकार छ। साथै उनीहरूलाई सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न पाउने स्वतन्त्रता छ।

## घ. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

१. **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के बुझिन्छ ? नेपालले यो महासन्धिलाई कहिले अनुमोदन गरेको हो ?**

मानव जातिले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण गर्नका लागि बनाइएको महासन्धिलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९६६ डिसेम्बर १६ मा पारित गरी सन् १९७६ जनवरी ३ देखि लागु भएको हो । यो महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो । यस महासन्धिमा ३१ धाराहरू रहेका छन् ।

२. **यो महासन्धिले नागरिकलाई के–कस्तो अधिकार प्रदान गरेको छ ?**

यो महासन्धिले नागरिकलाई प्रदान गरेका अधिकारहरू निम्न छन्ः

(क) आत्मनिर्णयको अधिकार,
(ख) महिला र पुरुषको समान अधिकार,
(ग) काम गर्ने अधिकार,
(घ) सङ्गठन वा ट्रेड युनियन खोल्ने अधिकार,
(ङ) हड्ताल गर्ने अधिकार,
(च) सामाजिक सुरक्षाको अधिकार,
(छ) विवाह तथा परिवारको अधिकार,
(ज) मातृत्वको संरक्षणको अधिकार,
(झ) आर्थिक, सामाजिक शोषणबाट सुरक्षा पाउने अधिकार,

(ञ) खाना, कपडा र आवासको अधिकार,
(ट) भोकबाट मुक्त हुने अधिकार,
(ठ) स्वास्थ्यसम्बन्धी अधिकार,
(ड) शिक्षासम्बन्धी अधिकार,
(ण) संस्कृतिको अधिकार ।

३. **यो महासन्धि अनुसार राज्यले के–कस्ता दायित्व निर्वाह गर्नुपर्ने व्यवस्था छ ?**

यो महासन्धि अनुसार राज्यले निम्न दायित्वहरू निर्वाह गर्नुपर्ने हुन्छः
(क) परिवार स्थापनाका लागि सुरक्षा तथा सहायता दिनुपर्ने,
(ख) शिशु जन्मनुअघि र पछि आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्ने,
(ग) पितृत्व वा अन्य अवस्थाका कारणबाट कुनै भेदभाव विना सम्पूर्ण बालबालिका तथा युवाहरूको पक्षमा संरक्षण एवम् सहायताका विशेष उपायहरू अपनाउनुपर्ने,
(घ) प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवासको अधिकार प्राप्ति सुनिश्चित गर्ने उपयुक्त कदमहरू चाल्नुपर्ने र
(ङ) प्रत्येक व्यक्तिको शारीरिक एवम् मानसिक स्वास्थ्यको उच्चतम स्तरको सेवा उपभोग गर्ने अधिकारको पूर्ण प्राप्ति गर्न चाल्नुपर्ने आवश्यक कदम ।

**यसअन्तर्गत**

- शिशु मृत्युदर घटाउने तथा बाल स्वास्थ्यको व्यवस्था गर्नुपर्ने,
- वातावरणीय तथा औद्योगिक सरसफाईका सम्पूर्ण पक्षको सुधार गर्नुपर्ने,
- प्रकोप, महामारी तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नुपर्ने र
- बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना गर्नुपर्ने ।

च) शिक्षाको अधिकार पूर्ण प्राप्तिका लागि चाल्नुपर्ने आवश्यक कदम

- सबैका लागि प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क हुनुपर्ने,

- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षासमेत संलग्न गरी त्यसमा सबैको पहुँच पुऱ्याउनुपर्ने,
- उच्च शिक्षामा समान रूपले सबैको पहुँच पुग्ने बनाउनुपर्ने,
- प्राथमिक शिक्षा पूरा नगरेकाहरूकाहरूलाई शैक्षिक कार्यक्रममा सहभागी गराउने र
- सबै तहमा पाठशाला प्रणालीको विकास, छात्रवृत्तिको पर्याप्त व्यवस्था तथा शिक्षण कर्मचारीको भौतिक अवस्थालाई निरन्तर सुधार गर्नुपर्ने ।

४. **यो महासन्धिमा व्यक्तिको रोजगारी र पारिश्रमिकसम्बन्धी के–कस्ता अधिकारहरू उल्लेख गरिएका छन् ?**

यो महासन्धिको धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई स्वेच्छाले रोजगारी रोज्न सक्ने र काम गर्नको निम्ति उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने अधिकार छ । त्यसै गरी धारा ७ (क) अनुसार प्रत्येक व्यक्तिलाई विनाभेदभाव समान कामका लागि समान पारिश्रमिक पाउने अधिकारको व्यवस्था छ ।

५. **यो महासन्धिमा आमा र शिशुहरूका लागि कुनै विशेष अधिकार छ ?**

यो महासन्धिको धारा १० (२) अनुसार आमा र शिशुहरूलाई विशेष हेरचाह र सहायता पाउने अधिकारबारे स्पष्ट उल्लेख गरिएको छ । सुत्केरी हुनुअघि र पछि रोजगार महिलाहरूले तलब सुविधा सहितको उचित बिदा पाउने व्यवस्था छ ।

६. **सामाजिक अधिकारभित्र के–कस्ता अधिकारहरू पर्दछन् ?**

सामाजिक अधिकारभित्र देहायबमोजिमका अधिकारहरू पर्दछन्ः

क) सामाजिक सुरक्षाको अधिकार,

ख) खाना, कपडा र आवासको अधिकार,

ग) स्वास्थ्यसम्बन्धी अधिकार र

घ) शिक्षासम्बन्धी अधिकार ।

७. **के आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको स्वेच्छिक आलेख जारी भएको छ ?**

छ, तर नेपालले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको स्वेच्छिक आलेख अनुमोदन गरेको छैन ।

## ङ. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९

**१. महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि भन्नाले के बुझिन्छ ?**

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी प्रावधानहरू सहित संयुक्त राष्ट्रसङ्घबाट सा १९७९ मा जारी भएको महासन्धि नै महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि हो । यो महासन्धि महिलाको मानव अधिकार संरक्षण गर्ने प्रमुख महासन्धि हो । महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नु एवम् महिला र पुरुषबिच समानता कायम गर्नु यस महासन्धिको मुख्य उद्देश्य रहेको छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९७९ डिसेम्बर १८ मा पारित भई सन् १९८१ सेप्टेम्बर ३ देखि लागु भएको हो । यो महासन्धिमा ३० ओटा धाराहरू रहेका छन् । यो महासन्धिलाई नेपालले सन् १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो ।

**२. यस महासन्धिले महिलाविरुद्धको भेदभावलाई कसरी परिभाषित गरेको छ ?**

यो महासन्धिले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अन्य कुनै पनि विषयमा वैवाहिक स्थिति जे-जस्तो रहेको भएता पनि लिङ्गका आधारमा हुने कुनै पनि भेदभाव, बहिष्कार वा प्रतिबन्धलाई महिला विरुद्धको भेदभाव भनी परिभाषित गरेको छ ।

**३. यो महासन्धिले महिलालाई के–कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

यो महासन्धिले महिलालाई प्रदान गरेका अधिकारहरू निम्न छन्-

क) बेचबिखन तथा वेश्यावृत्तिको लागि गरिने यौन शोषण विरुद्धको अधिकार,
ख) सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको अधिकार,
ग) अन्तर्राष्ट्रिय तहमा सहभागी हुन पाउने समान अधिकार,
घ) राष्ट्रियतासम्बन्धी अधिकार,
ङ) शिक्षासम्बन्धी अधिकार,
च) रोजगारीको अधिकार,

छ) स्वास्थ्यसम्बन्धी अधिकार,

ज) आर्थिक तथा पारिवारिक लाभको अधिकार,

झ) ग्रामीण महिलालाई विशेष अधिकार,

ञ) कानूनी समानताको अधिकार र

ट) विवाह तथा परिवारको अधिकार ।

४. **महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा सहभागिताको के-कस्तो अधिकार प्राप्त छ ?**

यो महासन्धिले महिलालाई सार्वजनिक र राजनीतिक जीवनमा पुरुषसरह समान सहभागिताको अधिकार प्रदान गरेको छ। यसअन्तर्गत निम्न अधिकारहरू छन्ः

(क) प्रत्येक महिलाको मत दिन पाउने अधिकार,

(ख) सार्वजनिक पद धारण गर्ने अधिकार,

(ग) नीतिनिर्माणमा सरिक हुने अधिकार र

(घ) गैरसरकारी संस्था, राजनीतिक सङ्गठन तथा अन्तर्राष्ट्रिय तहमा सहभागी हुने अधिकार ।

५. **यो महासन्धिले महिलाको राष्ट्रियता सम्बन्धमा कस्तो व्यवस्था गरेको छ ?**

यो महासन्धिले महिलाको राष्ट्रियताको सम्बन्धमा निम्न व्यवस्था गरेको छः

(क) पुरुषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार,

(ख) विदेशीसँग विवाह भएको कारणबाट वा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने अधिकार,

(ग) पतिको राष्ट्रियता जे-जस्तो भएता पनि महिलालाई आफ्नो इच्छाअनुसारको राष्ट्रियता धारण गर्न पाउने अधिकार र

(घ) सन्तानलाई राष्ट्रियता दिलाउने सम्बन्धमा पुरुषसरह महिलालाई पनि समान अधिकार ।

६. **यो महासन्धिले महिलालाई शिक्षा क्षेत्रमा कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

यो महासन्धिले शिक्षा क्षेत्रमा महिलालाई पनि पुरुष सरह निम्न अधिकारहरू प्रदान गरेको छः

(क) अध्ययन गर्ने र उपाधि पाउने अधिकार,
(ख) सबै प्रकारका व्यवसायिक प्रशिक्षणको अधिकार,
(ग) समान भौतिक सुविधाको शैक्षिक अधिकार,
(घ) छात्रवृत्तिसम्बन्धी अधिकार,
(ङ) पढाइ छोड्ने छात्राहरूको सक्रिय रूपमा शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने अधिकार,
(च) खेलकुद तथा शारीरिक शिक्षामा भाग लिन पाउने समानअवसरको अधिकार र
(छ) परिवार नियोजनसम्बन्धी सूचना/सल्लाह एवम् परिवार स्वास्थ्यसम्बन्धी जानकारी पाउने अधिकार ।

७. **यो महासन्धिले महिलालाई रोजगारीसम्बन्धी कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

यो महासन्धिले महिलालाई पनि पुरुषसरह रोजगारी सम्बन्धी अधिकारहरू प्रदान गरेको छ । ती अधिकारहरू निम्न छन्ः

(क) रोजगारीमा पुरुषसरह समान अवसरको अधिकार,
(ख) स्वतन्त्र रूपमा रोजगारी चयन गर्न पाउने अधिकार,
(ग) सेवाका शर्त र सुरक्षासम्बन्धी अधिकार,
(घ) समान पारिश्रमिक तथा सुविधाको अधिकार,
(ङ) पूरा तलबसहितको प्रसूति बिदाको अधिकार,
(च) गर्भवती अवस्थामा सेवाको सुरक्षाको अधिकार,
(छ) बाल स्याहार सुविधा उपभोगको अधिकार ।

८. **यो महासन्धिले महिलाको स्वास्थ्यसम्बन्धी अधिकारमा के–कस्तो व्यवस्था गरेको छ ?**

यो महासन्धिले स्वास्थ्य क्षेत्रमा महिलामाथि हुने भेदभावविरुद्ध निम्न अधिकारहरू प्रदान गरेको छः

(क) महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरू लगायत स्वास्थ्य र स्याहारसम्बन्धी सेवा विना कुनै भेदभाव पुरुषसरह प्रदान गर्नुपर्ने,

(ख) महिलालाई गर्भवती, प्रसूति र प्रसूतिपश्चात्को समयमा चाहिने आवश्यक सेवाहरू उपलब्ध गराउनुपर्ने र

(ग) गर्भवती तथा स्तनपानको समयमा महिलालाई पर्याप्त पोषण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नुपर्ने ।

९. **महिलाहरूलाई विवाह र परिवारको सम्बन्धमा के–के अधिकारहरू प्राप्त छन् ?**

महासन्धिको धारा १६ ले महिलालाई विवाह र परिवारको सम्बन्धमा देहाय बमोजिमको अधिकार प्रदान गरेको छः

(क) विवाह गर्ने अधिकार,

(ख) स्वतन्त्ररूपमा आफ्नो जीवनसाथी छान्न पाउने अधिकार,

(ग) सम्बन्ध विच्छेदको अधिकार,

(घ) सम्पत्तिमा पति-पत्नी दुवैको समान अधिकार,

(ङ) सन्तान कति जन्माउने, कहिले जन्माउने भन्ने कुरा निर्धारण गर्न पाउने अधिकार र

(च) सन्तानको संरक्षकत्व ग्रहण गर्न पाउने अधिकार ।

१०. **यो महासन्धिले ग्रामीण महिलालाई के–कस्ता विशेष अधिकारहरू प्रदान गरेको छ ?**

यस महासन्धिले ग्रामीण महिलालाई पुरुषसरह विकासमा सहभागी हुन देहायका अधिकारहरू प्रदान गरेको छः

(क) विकास योजनाको विस्तृतीकरण र कार्यान्वयनको सबै तहमा भाग लिन पाउने अधिकार,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवा लगायत पर्याप्त स्वास्थ्य सुविधा पाउने अधिकार,

(ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने अधिकार,

(घ) औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने अधिकार,

(ङ) स्वरोजगारीका लागि स्वावलम्बन समूहहरू तथा सहकारी संस्थाहरू गठन गर्न पाउने अधिकार,

(च) समस्त सामुदायिक क्रियाकलापमा भाग लिन पाउने अधिकार र

(छ) आवास, सरसफाइ, विद्युत्, यातायात, खानेपानी तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने अधिकार ।

## च. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४

### १. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि भन्नाले के बुझिन्छ ?

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्न संयुक्त राष्ट्रसङ्घबाट जारी भएको महासन्धिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सन् १९८४ डिसेम्बर १० मा पारित भई सन् १९८७ जुन २६ देखि लागु भएको हो । यो महासन्धिमा ३३ धारा छन् । यस महासन्धिको नेपाल सन् १९९१ मे १४ मा पक्ष राष्ट्र भएको हो ।

### २. महासन्धिमा यातना को परिभाषा कसरी गरिएको छ ?

यो महासन्धिको धारा १(१) अनुसार 'यातना' भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सार्वजनिक अधिकारीको हैसियतले काम गर्ने कुनै व्यक्तिबाट वा निजको सहमति वा मौन सहमतिबाट कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट जानकारी वा साबिति लिने वा तेस्रो व्यक्तिले गरेको भनी शङ्का गरिएको कार्यका लागि दण्ड दिने वा सो व्यक्ति वा तेस्रो व्यक्तिलाई त्रास देखाउने वा बलजफ्ती गर्ने जस्ता उद्देश्यहरूका लागि वा कुनै किसिमको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी दिइएको शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्यलाई जनाउँछ ।

३. **के यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिन्छ ?**

यो महासन्धिको धारा १५ अनुसार यातनाबाट लिइएको बयानलाई प्रमाणको रूप मान्न सकिँदैन ।

४. **यातनालाई पक्षराष्ट्रले कस्तो कानूनअन्तर्गत राख्नुपर्छ ?**

यो महासन्धिको धारा ४ अनुसार यातनाका सबै कार्यहरूलाई पक्षराष्ट्रले आफ्नो फौजदारी कानूनअन्तर्गत राख्नुपर्छ र यस्ता कसूरहरूलाई उपयुक्त दण्ड-सजायबाट दण्डनीय बनाउनुपर्दछ ।

५. **यो महासन्धिले क्षतिपूर्तिसम्बन्धी अधिकारबारे के भन्दछ ?**

महासन्धिको धारा १४ ले यातनाबाट पीडित व्यक्तिले उचित तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यवस्था छ । यस्तो क्षतिपूर्ति यातनाको कारण पीडितको मृत्यु भएमा उसका आश्रितहरूले पाउने व्यवस्था छ ।

६. **यो महासन्धिले कसलाई यातना निषेध शिक्षा तथा जानकारी दिनुपर्ने कुरामा जोड दिन्छ ?**

यो महासन्धिको धारा १० ले कानून कार्यान्वयन गर्ने कर्मचारीहरू, निजामती वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै प्रकारको पक्राउ, थुना वा कैदमा परेका कुनै व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरूको तालिममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी समावेश गर्नुपर्ने कुरामा जोडदिन्छ ।

## छ. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

१. **बाल अधिकारसम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?**

बालबालिकाको अधिकारको संरक्षण र संवर्द्धन गर्ने अन्तर्राष्ट्रिय महासन्धिलाई नै बाल अधिकारसम्बन्धी महासन्धि भनिन्छ । यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९८९ नोभेम्बर २० मा पारित भई सन् १९९० सेप्टेम्बर २ देखि लागु भएको हो । यो महासन्धिमा ५४ ओटा धाराहरू रहेका छन् । यस महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरेको हो ।

२. **यो महासन्धिले बालबालिकालाई कसरी परिभाषित गरेको छ र बालबालिकालाई के–कस्ता अधिकारहरू प्रदान गरेको छ ?**

यो महासन्धिको धारा १ मा बालबालिकासम्बन्धी राष्ट्रिय कानूनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिका मान्नुपर्छ भनी परिभाषित गरेको छ । यो महासन्धिले बालबालिकाहरूलाई निम्न अधिकारहरू प्रदान गरेको छः

(क) नाम र राष्ट्रियताको अधिकार,
(ख) आमाबाबुसँग बसोबास गर्ने अधिकार,
(ग) पारिवारिक पुनर्मिलनको अधिकार,
(घ) बालबालिकाको विचार प्रकट गर्न पाउने र विचारले उचित मान्यता पाउने अधिकार
(ङ) अभिव्यक्ति स्वतन्त्रताको अधिकार,
(च) विचार, विवेक र धर्मसम्बन्धी स्वतन्त्रताको अधिकार,
(छ) सङ्गठनसम्बन्धी स्वतन्त्रताको अधिकार,
(ज) निजीपन संरक्षणको अधिकार,
(झ) उचित जानकारी प्राप्तिको अधिकार,
(ञ) अपाङ्गता भएका बालबालिकाहरूको अधिकार,
(ट) स्वास्थ्य र स्वास्थ्यसेवाको अधिकार,
(ठ) सामाजिक सुरक्षाको अधिकार,
(ड) शिक्षाको अधिकार,
(ढ) अल्पसङ्ख्यक वा आदिवासी जनताका बालबालिकाले पाउनुपर्ने अधिकार,
(ण) फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरू गर्न पाउने अधिकार,
(त) लागु पदार्थको दुरूपयोगसम्बन्धी अधिकार,
(थ) यौन शोषणबाट संरक्षण पाउनुपर्ने अधिकार र

(द) अन्य किसिमका शोषणबाट सुरक्षित हुने अधिकार ।

३. **यो महासन्धिअनुसार बालबालिकाको पालनपोषणको प्राथमिक दायित्व कसको** हो ?

यो महासन्धिको धारा १८ अनुसार बालबालिकाको पालनपोषणको प्राथमिक दायित्व आमाबाबुको हो र त्यसलाई राज्यले पनि सहयोग गर्नुपर्छ ।

४. **बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्व के–के हुन्** ?

यो महासन्धिअनुसार बालबालिकाप्रति राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू निम्न छन्ः

(क) भेदभाव गर्न नहुने,
(ख) आमाबाबु वा अन्य जिम्मेवार मानिसहरूले बेवास्ता गरेमा पर्याप्त स्याहार गर्नुपर्ने,
(ग) अधिकारहरूको कार्यान्वयन गर्नुपर्ने,
(घ) बाबुआमाको मार्गदर्शन र बालबालिकाको उदयोन्मुख क्षमता अभिवृद्घि गर्नुपर्ने,
(ङ) दीर्घजीवन र विकास गर्नुपर्ने,
(च) परिचय संरक्षण गर्नुपर्ने,
(छ) बाबुआमाबाट बिछोड भएमा संरक्षण दिनुपर्ने,
(ज) बालबालिकाहरूको विदेशमा अवैध स्थानान्तरण वा अपहरणबाट रक्षा गर्नुपर्ने,
(झ) बालबालिकाहरूलाई ज्ञानवर्द्धक जानकारी दिनुपर्ने,
(ञ) दुर्व्यवहार र उपेक्षाबाट संरक्षण गर्नुपर्ने,
(ट) परिवारविहीन बालबालिकाको संरक्षण गर्नुपर्ने,
(ठ) शरणार्थी बालबालिकालाई संरक्षण र सहयोग गर्नुपर्ने,
(ड) बेचबिखन, सौदाबाजी र अपहरण रोकथाम गर्नुपर्ने,
(ढ) सामाजिक पुनर्स्थापना गर्नुपर्ने र
(ण) उचित न्यायिक कारबाही गर्नुपर्ने ।

५. **यस महासन्धि अनुसार बालबालिकाको शिक्षासम्बन्धी राज्यले के–कस्तो व्यवस्था गर्नुपर्दछ** ?

यो महासन्धिको धारा २८ अनुसार राज्यले बालबालिकाको शिक्षा

सम्बन्धमा निम्न व्यवस्था गर्नुपर्दछः

(क) प्राथमिक शिक्षा सबैलाई अनिवार्य र निःशुल्क उपलब्ध गराउने,

(ख) प्रत्येक बालबालिकालाई माध्यमिक शिक्षा उपलब्ध गराउने र माध्यमिक शिक्षामा उनीहरूको पहुँच पुऱ्याउने,

(ग) क्षमताको आधारमा सबैका निम्ति उपयुक्त साधनहरूद्वारा उच्चशिक्षा प्राप्त हुन सक्ने गराउने,

(घ) सम्पूर्ण बालबालिकाहरूलाई शैक्षिक र व्यावसायिक जानकारी उपलब्ध गराउने र

(ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्ने र पढाइ छोड्नेहरूको सङ्ख्या घटाउन विभिन्न उपायहरू अपनाउने ।

६. **सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको कस्तो दायित्व रहन्छ ?**

सशस्त्र सङ्घर्षको समयमा बालबालिकाप्रति राज्यको निम्नानुसारको दायित्व रहन्छः

(क) अन्तर्राष्ट्रिय मानवीय कानूनमा सशस्त्र सङ्घर्षका सम्बन्धमा राज्यले बालबालिकासँग सम्बन्धित व्यवस्थाहरूको आदर गर्ने र गराउने,

(ख) १५ वर्ष नपुगेका बालबालिकालाई लडाइँमा प्रत्यक्ष भाग लिन नलगाउने व्यवस्था गर्न हरसम्भव उपायहरू अपनाउनुपर्ने,

(ग) १५ वर्ष नपुगेका कुनै पनि व्यक्तिलाई सशस्त्र सेनामा भर्ना गर्नबाट रोक लगाउनुपर्ने,

(घ) १५ वर्ष पुगेका तर १८ वर्ष नपुगेका मानिसहरू मध्येबाट भर्ना गर्दा बढी उमेरकालाई प्राथमिकता दिनु पर्ने र

(ङ) अन्तर्राष्ट्रिय मानवीय कानूनअनुसार सशस्त्र लडाइँबाट गैरसैनिक नागरिकलाई जोगाउने आफ्नो दायित्व भएकाले सशस्त्र लडाइँबाट प्रभावित बालबालिकाहरूको संरक्षण र स्याहार गर्ने सम्बन्धमा सबै उपयुक्त कदमहरू चाल्नुपर्ने ।

## ज. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

१. **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि भन्नाले के बुझिन्छ ?**

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २००७ डिसेम्बर १३ मा पारित गरेको अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण गर्ने सम्बन्धी महासन्धिलाई 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि' भनिन्छ । ५० धाराहरू भएको यो महासन्धि १३ मे २००८ मा लागु भएको हो । नेपाल यस महासन्धिको सन् २०१० मा पक्ष राष्ट्र भएको हो ।

२. **यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारका कस्ता सिद्धान्तहरूलाई आत्मसात गरेको छ ?**

यो महासन्धिले अपाङ्गता भएका व्यक्तिको मर्यादा, सम्मान, सहभागिता, समावेशीकरण, समान अवसरसम्बन्धी मानव अधिकारका आधारभूत सिद्धान्तहरूलाई आत्मसात् गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूले पनि अन्य व्यक्तिसरह सबै प्रकारमा मानव अधिकार समान रूपले उपयोग गर्न पाउने व्यवस्था पनि गरेको छ ।

३. **महासन्धिअनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले के बुझिन्छ ?**

यो महासन्धिअनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी कमजोरी तथा तिनका विभिन्न अवरोधका कारण समाजमा अन्य व्यक्तिसरह समान र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ ।

४. **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ को विकास कसरी भएको हो ?**

अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने व्यवहारलाई कल्याणकारी दृष्टिकोण र दयाको भावनामा मात्र सीमित नराखी अधिकारको रूपमा स्थापित गर्नका लागि सन् १९६० को दशकदेखि नै अपाङ्गता अधिकार आन्दोलन संसारभर बहसको विषय बन्यो । फलस्वरूप,

संयुक्त राष्ट्रसङ्घले अपाङ्गताको सवाललाई दया नभई अधिकार र विकासको सवालको रूपमा हेरिनुपर्दछ भनी अपाङ्गता अधिकारसम्बन्धी महासन्धि मस्यौदा समिति गठन गऱ्यो । यस समितिले अपाङ्गता अधिकारसम्बन्धी मस्यौदालाई सन् २००६ अगष्ट २५ मा राष्ट्रसङ्घमा बुझायो । त्यसपछि, सन् २००७ डिसेम्बर १३ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ६१ औं महासभाले यो महासन्धिलाई पारित गऱ्यो । यो महासन्धि २१औं शताब्दीको मानव अधिकारसम्बन्धी नवीनतम दस्तावेज हो, जसले अपाङ्गता अधिकारको कार्यान्वयन गर्न पक्षराष्ट्रहरूलाई दायित्व सिर्जना गर्दछ ।

५. **महासन्धिलाई अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई के–कस्ता अधिकारहरू सुनिश्चित गर्नुपर्दछ ?**

यो महासन्धिलाई अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई निम्न अधिकारहरू सुनिश्चित गर्नुपर्दछः

- स्तरयुक्त जीवनयापन र काम प्राप्तिको अधिकार,
- सम्पत्तिको अधिकार, रोजगारी वा स्वरोजगारीको अवसरमा प्रवर्द्धन,
- स्वास्थ्य र शिक्षाको अधिकार (साङ्केतिक भाषा र ब्रेललिपिमा पढ्न पाउने),
- आफ्नो इच्छाअनुसारको व्यवसायिक वा व्यवहारिक शिक्षा, अवसर र छात्रवृत्ति,
- सार्वजनिक संरचना, सार्वजनिक यातायत र स्थानहरूमा पहुँचको अधिकार,
- उचित र आधारभूत स्वास्थ्य सेवा र वासस्थानको अधिकार, गरिबी निवारणका लघुवित्तीय योजना,
- राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिताको अधिकार र
- सूचना प्राप्तिको अधिकार र गोपनीयताको अधिकार, गुणस्तरीय जीवनस्तर र सामाजिक जीवनमा सहभागिताको अधिकार र सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिताको अधिकार ।

६. **यो महासन्धिको स्वैच्छिक आलेखले अपाङ्गता अधिकारका सम्बन्धमा के-कस्तो व्यवस्था गरेको छ ?**

अपाङ्गता अधिकारसम्बन्धी महासन्धि र स्वैच्छिक आलेख, २००६ ले अपाङ्गता भएका व्यक्तिहरूको मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग, संरक्षण एवम् प्रवर्द्धनलाई सुनिश्चित गर्न राज्यका निकायहरूलाई निर्देश गरेको छ। त्यस्तै, यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको नैसर्गिक मर्यादाको सम्मान एवम् प्रवर्द्धन गर्न, न्यायमा पहुँच अभिवृद्धि गर्न, शोषण दुर्व्यवहार र हिंसाबाट बच्न, शिक्षा, स्वास्थ्य, वासस्थान, पुनःस्थापना र अपाङ्गता भएका महिला र बालबालिकाको सम्बन्धमा विशेष व्यवस्था गरेको छ।

७. **महासन्धिले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई संरक्षण गर्न राज्यलाई कस्तो दायित्व सिर्जना गरेको छ ?**

यो महासन्धि अनुमोदन गर्ने राज्यले अपाङ्गता भएका व्यक्तिका लागि विनाभेदभाव सबै मानव अधिकार एवम् आधारभूत स्वतन्त्रतालाई पूर्णरूपमा सुनिश्चित गर्नुपर्दछ। यो महासन्धिमा उल्लेखित अधिकार हरूको उपभोग गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउन पक्ष राष्ट्रहरूले एउटा मापदण्ड तयार गर्नुपर्छ । त्यस्तै सम्बन्धित राज्यले अपाङ्गता भएका व्यक्तिका अधिकारको सचेतना, सामर्थ्य र योगदान अभिवृद्धि गर्नुपर्दछ। अपाङ्गतासँग सम्बन्धित पुरातनवादी धारणा एवम् पूर्वाग्रहहरूलाई निरुत्साहित गर्न सम्बन्धित राज्यले सचेतना अभिवृद्धिका लागि व्यापक स्तरमा अभियान सञ्चालन गर्नुपर्छ।

८. **महासन्धि लागु भएपछिको राज्यको मुख्य प्राथमिकता के हो ?**

महासन्धि लागु भएपछिको मुख्य प्राथमिकता भनेको यसको कार्यान्वयन गर्नु हो । महासन्धिमा उल्लेख भएका अधिकारहरू प्राप्तिका लागि राज्यले प्रभावकारी कानून तथा नीति-नियमहरू तर्जुमा गर्नुपर्दछ। ती कानून तथा नीति-नियमहरूलाई सफलतापूर्वक कार्यान्वयन गर्न राज्यले उपयुक्त संयन्त्र निर्माण गर्नुपर्छ। त्यसै गरी महासन्धि कार्यान्वयनको अवस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

स्तरबाट समयसमयमा अनुगमनको व्यवस्था गर्नुपर्छ । यो महासन्धि कार्यान्वयन गर्नका लागि सन्धि ऐन, २०४७ को दफा ९ मा नेपालले अनुमोदन गरेको कुनै पनि अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूले स्वतः कानूनी मान्यता प्राप्त गर्ने उल्लेख छ ।

**झ. आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०**

**१. आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के बुझिन्छ ?**

आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको मानव अधिकार संरक्षण गर्न संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९० डिसेम्बर १८ मा पारित गरेको महासन्धिलाई आप्रवासी कामदार तथा तिनको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनिन्छ । यो महासन्धि सन् २००३ जुलाइ १ देखि लागु भएको हो । यसमा ९३ धाराहरू रहेका छन् । हालसम्म नेपालले यस महासन्धिलाई अनुमोदन गरेको छैन ।

**२. यो महासन्धिले आप्रवासी कामदारहरूको के–कस्ता अधिकारहरूलाई सुनिश्चित गरेको छ ?**

यो महासन्धिलाई अनुमोदन गर्ने हरेक राष्ट्रले आप्रवासी कामदारहरूबिच राष्ट्रियताको आधारमा भेदभाव नगरिने कुरालाई सुनिश्चित गर्नुपर्दछ । त्यस्तै, यो महासन्धिको पक्षराष्ट्रले आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरूलाई समेत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू र नागरिक तथा राजनीतिक अधिकारहरू उपलब्ध गराउनु पर्दछ । यसका साथै यो महासन्धिले जातीय विभेदविरुद्धको अधिकार, महिला अधिकार र बालअधिकारका सवालहरूलाई समेत विशेष ध्यान दिई आप्रवासी कामदारहरूको मानव अधिकारहरूको संरक्षण गर्ने दायित्व पक्ष राष्ट्रहरूलाई तोकेको छ ।

३. **यो महासन्धिअनुसार आप्रवासी कामदार भनेको को हो ? आप्रवासी कामदारहरू कति प्रकारका हुन्छन् ?**

यो महासन्धिअनुसार विदेशमा गई कुनै कार्य गरेवापत तलब पाउने, कुनै काममा लागेको वा लगाइएको व्यक्तिलाई आप्रवासी कामदार भनिन्छ। यस महासन्धिले आप्रवासी कामदारहरूलाई देहायबमोजिम आठ समूहमा विभाजन गरेको छः

१) सीमाक्षेत्रका कामदार,

२) विदेशी प्रतिष्ठानका कामदार,

३) मौसमी कामदार,

४) यात्रा सूचीका कामदार,

५) आयोजनामा आबद्ध कामदार,

६) सामूहिक कामदार,

७) विशेष रोजगारीका कामदार र

८) स्वरोजगार कामदार ।

४. **कस्ता व्यक्तिहरू आप्रवासी कामदार होइनन् ?**

यो महासन्धिका अनुसार अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा निकायमा काम गर्ने व्यक्ति, कुटनीतिज्ञ, लगानीकर्ता, शरणार्थी र राज्यविहीन व्यक्ति, विद्यार्थी एवम् प्रशिक्षार्थीहरू आप्रवासी कामदार होइनन् ।

५. **महासन्धिले आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूका लागि के–कस्ता श्रमसम्बन्धी अधिकारहरूको व्यवस्था गरेको छ ?**

अनिवार्य श्रमविरुद्ध संरक्षणको अधिकार, रोजगारी दिने देशको नागरिकसरह न्यूनतम रोजगारीको सहुलियत र सुविधा प्राप्त गर्ने अधिकार, साप्ताहिक बिदा, तलबी बिदा, सुरक्षा र स्वास्थ्यको अधिकार आप्रवासी कामदारहरू वा तिनका परिवारका सदस्यहरूलाई हुनुपर्ने व्यवस्था छ । त्यस्ता कुराहरूमा रोजगारी दिने देशको नागरिकभन्दा कम सहुलियत नहुने गरी क्षतिपूर्ति पाउने अधिकार आप्रवासी कामदारहरूलाई हुने व्यवस्था छ । त्यस्तै, आप्रवासी कामदार वा तिनका परिवारका सदस्यहरूलाई रोजगारी दिने राष्ट्रका

नागरिकसरह समानताको अधिकार र समाजिक सुरक्षाको अधिकार रहने तर कठोर श्रमसहितको कारावासको सजाय पाएको अवस्थामा त्यस्तो अधिकार निलम्बित वा नियन्त्रित हुन सक्ने व्यवस्था छ।

६. **आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घसस्थामा आबद्ध हुने अधिकार छ ?**

यो महासन्धिले आप्रवासी कामदारहरूलाई ट्रेड युनियन र सङ्घसंस्थामा आबद्ध हुने तथा यसको बैठक र क्रियाकलापहरूमा सहभागी हुने अधिकार प्रदान गरेको छ। रोजगारी दिने देशमा ट्रेड युनियन र सङ्घहरू गठन गर्न पाउने स्वतन्त्रता पनि आप्रवासी कामदारहरूलाई यो महासन्धिले प्रदान गरेको छ।

७. **यो महासन्धिअनुसार उत्पत्तिको राष्ट्र, रोजगारीको राष्ट्र र बाटोमा पर्ने राष्ट्र भन्नाले के बुझिन्छ ?**

यो महासन्धिअनुसार उत्पत्तिको राष्ट्र भन्नाले आप्रवासी कामदार जुन देशको नागरिक हो, त्यस देशलाई सम्झनुपर्दछ। रोजगारीको राष्ट्र भन्नाले आप्रवासी कामदारले कुनै पारिश्रमिक पाउने काम गर्दै रहेको, काम लगाइने वा लगाएको राष्ट्र सम्झनुपर्छ। त्यस्तै, बाटोमा पर्ने राष्ट्र भन्नाले उत्पत्तिको राष्ट्रबाट रोजगारीको राष्ट्रसम्म र रोजगारीको राष्ट्रबाट उत्पत्ति वा बसोबासको राष्ट्रसम्म आउनेजाने बाटोमा परेका देशहरू भन्ने बुझिन्छ।

८. **यो महासन्धिअनुसार आप्रवासी कामदार तथा तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको कस्तो व्यवस्था छ ?**

यो महासन्धिमा आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूका लागि निम्न अधिकारहरू सुनिश्चित गरिएको छः

(क) कुनै पनि राष्ट्र छोड्न पाउने अधिकार,

(ख) उत्पत्तिको राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्न र बस्न पाउने अधिकार,

(ग) बाँच्न पाउने अधिकार,

(घ) यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको अधिकार,

(ङ) दासताविरुद्ध संरक्षणको अधिकार,
(च) विवेक र धर्मको स्वतन्त्रतासम्बन्धी अधिकार,
(छ) विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,
(ज) सम्पत्तिको स्वामित्वबाट स्वेच्छाचारी हस्तक्षेपविरुद्ध संरक्षणको अधिकार,
(झ) स्वतन्त्रता तथा व्यक्तिको सुरक्षासम्बन्धी अधिकार,
(ञ) कूटनीतिक निकायबाट संरक्षण तथा सहयोगको याचना गर्न पाउने अधिकार,
(ट) कानूनको अगाडि समानताको अधिकार, आपतकालीन स्वास्थ्य सुविधाको अधिकार,
(ठ) उत्पत्तिको राष्ट्रसँग सांस्कृतिक सम्बन्ध कायम गर्न पाउने अधिकार,
(ड) निजी सम्पत्तिको प्रयोगको अधिकार, सूचनाको अधिकार,
(ढ) सांस्कृतिक पहिचानको संरक्षणको अधिकार र
(ण) परिचय-पत्र र यात्राका कागजातहरू (राहदानी, भिसा, श्रम अनुमति-पत्र, करार आदि) राख्ने, प्राप्त गर्ने र सुरक्षित गर्ने अधिकारहरू आदि ।

९. **आप्रवासी कामदारका बालबालिकाका के–कस्ता अधिकारहरूको बारेमा यस महासन्धिले व्यवस्था गरेको छ ?**

आप्रवासी कामदारको बच्चाको जन्मदर्ता, नागरिकताको अधिकार, आप्रवासी कामदारका बच्चाहरूलाई समानताको आधारमा शिक्षामा पहुँचको अधिकार जस्ता अधिकारहरूको बारेमा यो महासन्धिले व्यवस्था गरेको छ ।

१०. **करारीय दायित्व पूरा नगरेकै आधारमा आप्रवासी कामदारहरूलाई थुनामा राख्न सकिन्छ ?**

यो महासन्धिअनुसार करारीय दायित्व पूरा नगरेकै आधारमा आप्रवासी कामदारलाई थुनामा राख्न मिल्दैन । कामसम्बन्धी करारको दायित्व पूरा गर्नुपर्ने कुरा बसोवास वा काम गर्ने अनुमतिको पूर्वशर्त भएमा बाहेक कसैलाई कामसम्बन्धी करारको दायित्व पूरा नगरेको भन्ने

आधारमा मात्र बसोवास वा काम गर्ने अनुमतिबाट वञ्चित नगरिने व्यवस्था छ।

११. **अभिलेखबद्ध कामदार र अभिलेखवद्ध नभएका कामदार भन्नाले के बुझिन्छ ?**
रोजगारीको राष्ट्रमा सो देशको  कानूनअनुसार प्रवेश गर्ने, बसोबास गर्ने र काम गर्ने अनुमति पाएको आप्रवासी कामदारलाई अभिलेखबद्ध कामदार (Documented Worker) भनिन्छ, रोजगारीको राष्ट्रमा प्रवेश गर्ने, बसोबास गर्ने र काम गर्ने अनुमति नपाएको आप्रवासी कामदारहरूलाई अभिलेखबद्ध नभएका कामदार (Undocumented Worker) भनिन्छ।

## ञ. बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

१. **बलपूर्वक बेपत्ता भएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भन्नाले के–के बुझिन्छ ?**
विभिन्न बहानामा बेपत्ता बनाउने कार्यलाई रोक्न संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २००६ डिसेम्बर २० मा पारित महासन्धि नै 'बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि' हो। यस महासन्धिलाई नेपालले अनुमोदन गरेको छैन। २३ डिसेम्बर २०१० बाट लागु भएको यस महासन्धिमा ४५ धारा रहेका छन्।

२. **महासन्धिमा व्यक्तिहरू बेपत्ता भएको अवस्थालाई कसरी परिभाषित गरिएको छ ?**
यो महासन्धिमा 'व्यक्तिलाई  कानूनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरी उक्त तथ्यलाई अस्वीकार गरेको वा बेपत्ता व्यक्तिको अवस्थाको साथै निजका बारेमा कुनै जानकारी नदिने हिसाबले राज्यका प्रतिनिधिहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मति साथ काम गर्ने व्यक्ति वा समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई बलपर्वक बेपत्ता भनी परिभाषित गरिएको छ।

३. **बलपूर्वक बेपत्ता बनाउने कार्यलाई स्थापित गराउन नसकिने सम्बन्धमा यस महासन्धिले के व्यवस्था गरेको छ ?**

यस महासन्धिको प्रावधानअनुसार कसैलाई पनि बलपूर्वक बेपत्ताको भागिदार नबनाइने र युद्धको अवस्था, त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा सार्वजनिक सङ्कट वा अन्य कुनै पनि परिस्थितिमा बलपूर्वक बेपत्ता गर्ने कार्यलाई जायज मान्न नसकिने भन्ने व्यवस्था छ। साथै कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन मानिएको स्पष्टोक्तिले बलपूर्वक बेपत्ताको कसूरको औचित्य पुष्टि हुन सक्ने छैन भन्ने समेत स्पष्ट व्यवस्था छ।

४. **यस महासन्धिमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई कस्तो प्रकारको अपराध भनिएको छ ? यस्तो अपराधमा कारवाहीका लागि हदम्याद हुन्छ ?**

यस महासन्धिले परिभाषा गरेअनुसार व्यापक र सुनियोजित रूपमा गरिएको बलपूर्वक बेपत्ताको कार्य मानवता विरुद्धको अपराध हुन्छ । यसलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान (रोम विधान), १९९८ ले पनि 'मानवताविरुद्धको अपराध' भनी उल्लेख गरेको छ । यस्तो अपराधवापत फौजदारी कारबाहीका लागि हदम्याद छैन तर बेपत्ता पार्ने कार्य निरन्तर रुपमा भइरहेको प्रमाणित भने हुनुपर्छ।

५. **बलपूर्वक बेपत्ता पार्ने कार्यमा आरोपित व्यक्तिका विरुद्धमा पक्राउ गर्ने सम्बन्धमा अन्य राज्यले कस्तो कारबाही गर्न सक्छ ?**

बलपूर्वक बेपत्ताको कसूरमा कुनै व्यक्तिका विरुद्धमा जानकारी प्राप्त भएमा सम्बन्धित राज्यले त्यो आरोपका सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ। जाँचबुझबाट आरोपित व्यक्तिले कसूर गरेको ठहर भएमा सम्बन्धित राज्यले आफ्नो भू-भागमा उक्त व्यक्ति बसेको अवस्थामा निजलाई हिरासतमा लिन सक्नेछ । हिरासतमा लिने क्रममा सम्बन्धित राज्यले आवश्यक अन्य कानूनी उपायहरू अपनाउन सक्नेछ । यस विषयमा फौजदारी कसूरमा निजलाई नियन्त्रणमा लिइएकै देशमा कारबाही गर्ने वा दोषी व्यक्तिको राष्ट्रियता भएको देशमा बुझाउने भन्ने सम्बन्धमा प्रचलित कानूनअनुसार गर्नुपर्नेछ । स्मरणीय कुरा के छ भने बलपूवर्क बेपत्ताको कसूर गरेको व्यक्ति फेला परेको भू-भागको क्षेत्राधिकार हरेक राज्यले

आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुसार अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी नगरेमा वा अन्तर्राष्ट्रिय न्यायाधिकरण समक्ष निजलाई नबुझाएको खण्डमा, अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरू समक्ष निजलाई प्रस्तुत गर्नुपर्दछ ।

६. **यो महासन्धिअनुसार बलपूर्वक बेपत्ता पार्ने व्यक्तिका विरुद्धमा कस्तो प्रकारको कारबाही हुनेछ ?**

बलपूर्वक बेपत्ताको कसूरको अभियोग लागेको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ न्यायिक व्यवहारको प्रत्याभूति रहनेछ । बलपूर्वक बेपत्ताको कसूरमा पुर्पक्षमा राखिएको जुनसुकै व्यक्तिले कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणसमक्ष स्वच्छ पुर्पक्षबाट लाभान्वित हुन पाउनेछ । यी अधिकारहरूको प्रयोग गर्दा सम्बन्धित राज्यको कानूनअन्तर्गत रहेर बलपूर्वक बेपत्ता पार्ने कार्यलाई गम्भीर प्रकृतिका अपराधसरह यसको न्यायिक निरूपण गर्नुपर्छ ।

७. **बलपूर्वक बेपता पार्ने व्यक्तिहरूको विरुद्धमा आरोप लगाएपछि कस्ता प्रक्रियाहरू अवलम्बन गर्नुपर्छ ?**

बलपूवर्क बेपत्ता पार्ने कार्यमा संलग्न भएको व्यक्तिको विरुद्धमा आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई त्यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरूसमक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकारलाई राज्यले सुनिश्चत गर्नुपर्दछ । आवश्यकताअनुसार उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू र तिनका प्रतिरक्षा सल्लाहकार साथै अनुसन्धानमा सहभागी रहने व्यक्तिहरूलाई कुनै पनि प्रकारको दुर्व्यवहार र त्रासहरूबाट संरक्षण गर्नुपर्छ । कुनै व्यक्तिलाई बलपूर्वक बेपत्ता बनाइएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा यस महासन्धिबमोजिम औपचारिक रूपमा कुनै उजुर नै नपरेको भए पनि सम्बन्धित अधिकारीले अनुसन्धान अघि बढाउनु पर्नेछ ।

८. **यो महासन्धिअनुसार बलपूर्वक बेपत्ताविरुद्धको अनुसन्धानमा राज्यको कस्तो दायित्व हुनुपर्छ ?**

यो महासन्धिको प्रावधानअनुसार हरेक राज्यले बलपूर्वक बेपत्ताविरुद्धको

अनुसन्धान गर्नका लागि अनुसन्धानसँग सान्दर्भिक अभिलेखीकरण, सूचना, स्रोतसाधन र आवश्यक अधिकारहरू उपलब्ध गराउनु पर्छ । त्यसका लागि बेपत्ता पारिएका व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको कुनै पनि स्थानमा आवश्यकताअनुसार पहुँच दिनुपर्दछ । साथै हरेक राज्यले अनुसन्धानको कार्यलाई बाधा गर्ने कार्यलाई रोक्न वा दण्डित गर्नका लागि आवश्यक उपायहरू अपनाउनु पर्छ । खासगरी बलपूर्वक बेपत्ताको कसूर गरेको आशङ्का गरिएका व्यक्तिहरू, उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू लगायतका व्यक्तिहरूमा त्रास वा प्रतिशोधका माध्यमबाट अनुसन्धानलाई प्रभावित नपार्ने कुरा सुनिश्चित गरिनु पर्दछ ।

९. **राज्यहरूले बलपूर्वक बेपत्ताका पीडितहरूलाई सहयोग गर्न एक आपसमा कस्ता कार्यक्रमहरू अवलम्बन गर्न सक्छन्** ?

राज्यहरूले बलपूर्वक बेपत्ताबाट पीडित भएकाहरूलाई सहयोग गर्ने दृष्टिले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, रहे-भएको ठाउँ ठम्याउने र छुटकारा गराउने गर्दछन् । बलपूर्वक बेपत्ता पारिएको व्यक्तिको मृत्यु भएको अवस्थामा त्यस्तो व्यक्तिको लास सङ्कलन गर्ने वा गाडिएको अवस्थामा भए चिहान खोतल्ने, पहिचान गर्ने र अवशेषहरू फर्काउने कुरामा पारस्परिक सहायताका उपायहरू अवलम्बन गर्न सक्छन् ।

१०. **राज्यले व्यक्तिलाई बेपत्ता पार्ने कार्यहरूलाई नियन्त्रण गर्न कस्ता कार्यहरू गर्नुपर्दछ** ?

यो महासन्धिको पक्ष भएको हरेक राज्यले कसैलाई पनि गोप्य थुनामा राखिने छैन भन्ने कुराको प्रत्याभूति गर्नुपर्छ । यस्तो प्रत्याभूति गर्दा हरेक राज्यले कुनै पूर्वाग्रह नराखी आफ्नो देशको कानूनमा निम्नलिखित अवस्था उल्लेख गर्नुपर्दछः

(क) न्यायिक स्वतन्त्रताको प्रत्याभूति गर्ने,

(ख) स्वतन्त्रताको प्रत्याभूति गर्न अख्तियारप्राप्त अधिकारीहरू तोक्ने,

(ग) स्वतन्त्रताबाट वञ्चित गरिएको व्यक्तिलाई औपचारिक मान्यताप्राप्त र सुपरिवेक्षित स्वतन्त्रताको प्रत्याभूति गर्ने,

(घ) स्वतन्त्रताबाट वञ्चित कुनै पनि व्यक्तिलाई निजको परिवार वा निजले इच्छाएको कुनै व्यक्तिसँग कानूनले तोकेको शर्तबमोजिम भेटघाट

तथा कुराकानी गर्न दिने वा त्यस्तो व्यक्ति विदेशी भएमा अन्तर्राष्ट्रिय कानूनअनुसार निजको कुटनीतिक अधिकारीहरू समक्ष सञ्चार-सम्पर्क गर्ने अधिकार सुनिश्चित गर्ने,

(ङ) सक्षम र  कानूनी अधिकारीहरू तथा निकायहरूलाई हिरासतमा राखिएको व्यक्तिसमक्ष पुग्न दिने र

(च) उल्लिखित अधिकारहरू स्वतन्त्रता वञ्चित गरिएको व्यक्ति स्वयम्ले प्रचलन गर्न नसक्ने हुनाले, निजका आफन्त, प्रतिनिधि वा तिनका सल्लाहकार वा अन्य व्यक्तिले सबै अवस्थामा, स्वतन्त्रताको प्रत्याभूतिका लागि अदालतसमक्ष कारबाही चालाउन पाउने हक सुनिश्चित गर्ने ।

११. **महासन्धिको प्रावधानलाई प्रवर्द्धन गर्न सन्धिको पक्ष भएको राज्यले कस्तो नीति अवलम्बन गर्नुपर्दछ ?**

हरेक राज्यले  कानून कार्यान्वयन गर्ने अधिकारी, निजामती वा सैनिक अधिकारी, स्वास्थ्य अधिकारी, सार्वजनिक पदाधिकारी र स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई हेर्ने वा व्यवहार गर्ने काममा सामेल हुन सक्ने अन्य व्यक्तिहरूको तालिममा यो महासन्धिको सम्बन्धित प्रावधानका बारेमा निम्नानुसार आवश्यक शिक्षा र जानकारी प्रदान गर्नुपर्नेछः

(क) बलपूर्वक बेपत्ता पार्ने कुरामा राज्यका अधिकारीहरूको संलग्नता रोक्ने,

(ख) राज्यका निकायले बलपूर्वक बेपत्ताको सम्बन्धमा रोकथाम र अनुसन्धानको महत्त्वलाई जोड दिने,

(ग) बलपूर्वक बेपत्तासम्बन्धी मामिलाहरूको शीघ्रतापूर्वक समाधान गर्न सम्बन्धित अधिकारी वा निकायहरूले प्राथमिकता दिने,

(घ) हरेक राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्न अऱ्हाउने, अख्तियारी दिने वा प्रोत्साहित गर्ने आदेश वा निर्देशन दिने कुरालाई रोक्ने,

(ङ) हरेक राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्न दिइएको आदेशलाई मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नगरिने कुरा सुनिश्चित गर्ने र

(च) हरेक राज्यले बलपूर्वक बेपत्ता पार्ने कार्य भएको वा योजना बनाएको अवस्थामा सम्बन्धित अधिकारी वा निकायमा पुनरावलोकन वा उपचारको हक प्राप्त गर्न आवश्यक उपायहरू सुनिश्चित गर्ने ।

**१२. यो महासन्धिले बलपूर्वक बेपता भएका व्यक्तिहरूको अधिकारलाई कसरी सुनिश्चित गरेको छ ?**

हरेक पीडितलाई बलपूर्वक बेपत्ताको परिस्थितिका बारेमा सत्य, अनुसन्धानको प्रगति र नतिजा एवम् बेपत्ता व्यक्तिहरूको अवस्था थाहा पाउने अधिकार छ। बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, बेपत्ता पारिएको आशङ्कित स्थान ठम्याउने तथा मुक्त गर्ने, मृत्यु भएको अवस्थामा बेपत्ता व्यक्तिको शरीर वा त्यसका अवशेषहरू ठम्याउन यो महासन्धिको पक्ष भएका हरेक राज्यले पहल गर्नुपर्दछ। हरेक राज्यले आफ्नो देशको कानूनी प्रणालीमा बलपूर्वक बेपत्ता कार्यबाट पीडित भएकाहरूलाई परिपूरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चित गर्नुपर्दछ।

राहत, क्षतिपूर्ति वा परिपुरणका लागि सम्पत्ति पुनःर्स्थापना, पुनर्वास, मर्यादा र ख्यातिको पुनःस्थापना लगायतको प्रत्याभूतिजस्ता कुराहरू पर्दछन्। यसका साथै, हरेक राज्यले बेपत्ता व्यक्तिको अवस्था स्पष्ट नभएसम्म अनुसन्धान कार्यलाई निरन्तरता दिनुका साथै बेपत्ता व्यक्तिको कानूनी स्थितिका बारेमा वा निजका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक सम्पत्तिको अधिकारका सम्बन्धमा उपयुक्त कार्यहरू गर्नुपर्दछ।

## ट. अन्तर्राष्ट्रिय मानवीय कानूनहरू,

**१. अन्तर्राष्ट्रिय मानवीय कानून भन्नाले के बुझिन्छ ?**

अन्तर्राष्ट्रिय मानवीय कानून भन्नाले विशेष गरी युद्ध वा सशस्त्र सङ्घर्षका बेला लागु हुने कानूनलाई भनिन्छ। यसले अन्तर्राष्ट्रिय वा राष्ट्रिय युद्ध वा सशस्त्र सङ्घर्षलाई नियमित गर्ने, युद्ध वा सशस्त्र सङ्घर्षबाट उत्पन्न हुने पीडा वा असरलाई कम गर्ने तथा प्रत्यक्ष रूपमा युद्ध वा सशस्त्र सङ्घर्षमा सहभागी नभएका र कुनै कारणवश युद्ध वा सशस्त्र सङ्घर्षमा भाग लिन असक्षम व्यक्तिहरूको सुरक्षा गर्नुका साथै उनीहरूका विरुद्धमा कुनै पनि अमानवीय व्यवहार गर्न रोक लगाएको छ। यसलाई युद्धको कानून वा सशस्त्र द्वन्द्वको कानून भनेर पनि चिन्ने गरिन्छ। त्यसैगरी स्वीजरल्यान्डको जेनेभामा पारित भएको हुनाले यी सन्धिहरूलाई जेनेभा महासन्धि पनि

भन्ने गरिएको छ । अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रमुख स्रोत जेनेभा महासन्धिहरू र तिनका अतिरिक्त आलेखहरू हुन् ।

२. **प्रमुख जेनेभा महासन्धिहरू के–के हुन् ?**

प्रमुख जेनेभा महासन्धिहरू यस प्रकार छन्ः

क) युद्ध मैदानमा घाइते तथा बिरामी भएका सैनिकहरूको अवस्था सुधार सम्बन्धी महासन्धि, १९४९

ख) समुद्रमा घाइते, बिरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी, महासन्धि, १९४९

ग) युद्धबन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी, महासन्धि, १९४९ र

घ) युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी, महासन्धि, १९४९

३. **जेनेभा महासन्धिले विषेश गरी कसको सुरक्षामा ध्यान दिन्छ ?**

जेनेभा महासन्धिले युद्धबाट पीडित भएकाहरूको सुरक्षाको प्रत्याभूति गर्दछ । जसले खासगरी सशस्त्र सङ्घर्षमा वा युद्धमा प्रत्यक्ष रूपमा भाग नलिने व्यक्तिहरू, जस्तैः बिरामी, घाइते भई लड्न असक्षम योद्धाहरू, थुनामा रहेका, हतियार बिसाएका योद्धाहरू र सर्वसाधारण नागरिकहरूको सुरक्षामा ध्यान दिन्छ ।

४. **जेनेभा महासन्धिको कस्तो महत्त्व रहेको छ ?**

विशेष गरेर यो महासन्धि युद्धका बेला आकर्षित हुने भएकोले विश्वमा युद्धबाट वा युद्धको कारणबाट बढ्दै गएको मानवीय पीडा र क्षतिलाई कम गर्न, युद्धलाई नियमित र व्यवस्थित गर्न र गैरसैनिकको संरक्षण गर्नका निम्ति जेनेभा महासन्धिको महत्व छ ।

५. **आन्तरिक सशस्त्र सङ्घर्षमा अन्तर्राष्ट्रिय मानवीय कानूनका कुन–कुन दस्तावेजहरू प्रमुख रूपमा लागु हुन्छन् ?**

आन्तरिक सशस्त्र सङ्घर्षमा जेनेभा महासन्धिको साझा धारा ३ र जेनेभा महासन्धिको दोस्रो अतिरिक्त आलेख प्रमुख रूपमा लागु हुन्छन् ।

६. **जेनेभा महासन्धिहरूको धारा ३ लाई किन साझा धारा भनिएको हो ?**

चारवटै जेनेभा महासन्धिहरूको धारा ३ मा आन्तरिक द्वन्द्व वा सशस्त्र सङ्घर्षमा द्वन्द्वरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरू

भएको एउटै प्रकारको हुने कानूनी व्यवस्थाको उल्लेख गरिएको हुनाले जेनेभा महासन्धिहरूको धारा ३ लाई 'साझा धारा' भनिएको हो ।

७. **जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार न्यूनतम मानवीय व्यवहारहरूभित्र कस्ता–कस्ता व्यवहारहरू पर्दछन् ?**

जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार युद्धरत पक्षहरूले पालना गर्नुपर्ने न्यूनतम मानवीय व्यवहारहरू यसप्रकार छन् :

१. सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरूलाई जाति, धर्म, विश्वास, लिङ्ग, जन्म, धन अथवा त्यस्तै आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि गर्नुपर्ने मानवीय व्यवहार र

२. बिरामी र घाइते व्यक्तिहरू सङ्कलन गरी गर्नुपर्ने मानवीय व्यवहार ।

८. **जेनेभा महासन्धिहरूको साझा धारा ३ अनुसार गर्न नहुने व्यवहारहरू कुन–कुन हुन् ?**

सङ्घर्षमा सक्रिय रूपमा भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा बिरामी भई नजरबन्दमा अथवा अन्य कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरूको विरुद्धमा निम्न व्यवहारहरू गर्न हुदैनः

- हत्या, अङ्गभङ्ग, यातना,
- बन्धक बनाउने,
- व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, विशेष गरेर अपमानजनक र होच्याउने व्यवहार र
- कानूनबमोजिम स्थापना भएको अदालतको निर्णयविना दण्ड सुनाउन र त्यसलाई कार्यान्वयन गर्न ।

९. **जेनेभा महासन्धिको पालना क–कसले गर्नुपर्छ ?**

युद्ध वा सशस्त्र द्वन्द्वरत पक्षहरूले जेनेभा महासन्धिको पालना गर्नुपर्छ ।

१०. **जेनेभा महासन्धिको पालना नगरेमा के–कस्तो कारबाही हुन सक्दछ ?**

मानवीय कानूनको पालना नगरेमा युद्ध अपराध वा मानवताविरुद्धको

अपराधका साथै मानवको जीवन, स्वतन्त्रता र मर्यादाको उल्लङ्घन गरेको मानिन्छ। यस्तो अपराध गर्ने विरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कानूनी कारबाही हुन सक्दछ।

## ठ. आदिवासीहरू र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १६९

१. **अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ भन्नाले के के बुझिन्छ ?**

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ भन्नाले आदिवासीहरूको विशिष्ट पहिचान, संस्कृति र जीवन पद्धति लगायतका व्यापक अधिकारहरू समेटेको अन्तर्राष्ट्रिय सन्धि भन्ने बुझिन्छ। यो महासन्धिमा भूमि, भूभाग र स्रोत, आत्मनिर्णित विकासका प्राथमिकताका अधिकारलाई स्वःव्यवस्थापन र सहव्यवस्थापनका रूपमा पहिचान गर्ने लगायतका प्रावधानहरू समेटिएका छन्। महासन्धिको अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय कानूनअनुसार सम्बन्धित मुलुकले यसका प्रावधानहरूलाई राष्ट्रिय तहमा कार्यान्वयन गर्ने कानूनी दायित्व सिर्जना हुन्छ।

२. **अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ लाई नेपालले कहिले अनुमोदन गरेको हो ?**

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ लाई नेपालले २०६४ साल भदौ २८ गते अनुमोदन गरेको हो।

३. **महासन्धि नं. १६९ अन्तर्गत राज्यको दायित्वहरू के–के हुन् ?**

महासन्धि नं. १६९ अन्तर्गत आदिवासीहरूसँग परामर्श र उनीहरूको प्रतिनिधित्व गराएर संयन्त्रहरू बनाउने र सञ्चालन गर्ने, आदिवासीहरूसँग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रक्रियाहरू स्थापित गर्ने, मुलुकको अन्य समुदायहरूसँग बराबरी हैसियतमा सबै अधिकार उपभोगको सुनिश्चित गर्ने, आदिवासीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू पूर्णरूपमा उपभोग गर्न प्रवर्द्धन गर्ने, आदिवासीहरू र मुलुकका अन्य समुदायबिच विद्यमान सामाजिक आर्थिक दुरी अन्त्य गर्ने, र आदिवासीहरूका संस्थाहरूलाई प्रवर्द्धन र सहयोग गर्ने राज्यको मुख्य दायित्वहरू हुन्।

**४. आदिवासीहरूको सहभागिता महासन्धि नं. १६९ मा कस्तो व्यवस्था गरिएको छ ?**

महासन्धि नं. १६९ को धारा ६-१(ख) अनुसार सरकारले “सम्बन्धित समूहहरूले सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि जिम्मेवार निर्वाचित संस्था तथा प्रशासनिक एवम् अन्य अङ्गहरूको निर्णय लिने सबै तहहरूमा स्वतन्त्रतापूर्वक र अन्य समूहजत्तिकै सहभागी हुन पाउने माध्यमहरू निर्माण गर्नुपर्दछ” भनी व्यवस्था गरिएको छ।

**ड. पालेर्मो प्रोटोकल २०००**

**१. अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख, २००० (पालेर्मो प्रोटोकल) कस्तो खाले दस्तावेज हो ?**

मानव बेचबिखन तथा ओसारपसार एक अन्तरदेशीय मानवताविरुद्धको अपराध हो । मानव बेचबिखन तथा ओसारपसार जस्तो मानवताविरुद्धको अपराध रोकथाम र नियन्त्रणका लागि भएका अन्तर्राष्ट्रिय प्रयासहरु माझ मानव विशेष गरी महिला तथा बालबालिका बेचबिखनलाई रोक्ने, दबाउने, सजाय गर्ने परिपूरक उपलेख, २००० जारी भएको हो । यो उपलेखले अन्तरदेशीय संगठित अपराधविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको परिपूरकको दस्तावेजको रुपमा काम गर्दछ ।

यस उपलेखका ४ परिच्छेदहरु र २० धाराहरुमा मानव बेचबिखन र ओसार पसारको परिभाषा, सो अपराध रोक्नका लागि राज्यका दायित्वहरु र पीडितका अधिकारहरु बारे महत्वपूर्ण व्यवस्था गरिएका छन् । यो उपलेख डिसेम्बर २५, २००३ देखि कार्यान्वयनमा आएको छ । यस उपलेखलाई नेपालले मार्च १२, २०२० अर्थात २०७६।११।२९मा अनुमोदन गरेको थियो ।

**२. यस उपलेखले मानव बेचविखन तथा ओसारपसार नियन्त्रणमा कस्ता कस्ता व्यवस्था गरेको छ ?**

यस उपलेखले मानव बेचबिखन तथा ओसारपसारको विस्तृत परिभाषा गरी मानव बेचबिखनको अन्त्यका लागि विभिन्न कानूनी र प्रशासनिक उपायहरुको साथै निम्नलिखित मानव अधिकारको व्यवस्था गरेको छ :

- ❖ मानिसहरुको बेचबिखन/ओसार-पसार, विशेषगरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसारलाई विशेष ध्यान दिँदै रोकथाम गर्ने,
- ❖ बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरुलाई उनीहरुको मानव अधिकारको पूर्ण सम्मानका साथ संरक्षण गर्ने एवं सहयोग पुऱ्याउने,
- ❖ माथिको उद्देश्यहरुलाई पूरा गर्न राज्य पक्षहरुबिचमा आपसी सहयोग अभिवृद्धि गर्ने ।
- ❖ उपलेखले मानव बेचबिखन तथा ओसारपसारको सबै पक्षलाई समेटेर व्यापक

परिभाषा गरेको छ,

- ❖ उपलेखले वयस्क व्यक्तिको बेचबिखन र बालबालिकाको बेचबिखन सम्बन्धमा बेग्लाबेग्लै व्यवस्था गरेको छ,
- ❖ उपलेखले बेश्यावृत्तिबाहेक अन्य प्रकारका शोषणहरुलाई पनि बेचबिखन तथा ओसारपसारको प्रयोजन अन्तर्गत समेटेको छ। उपलेखले बेचबिखनसँग सम्बन्धित पक्षहरुबिचको अवधारणागत स्पष्टता ल्याएको छ,
- ❖ उपलेखले राज्य पक्षलाई मानव बेचबिखन तथा ओसारपसारलाई अपराधीकरण तथा दण्डित गर्न कानूनी तथा अन्य उपाय अपनाउने दायित्व प्रदान गरेको छ,
- ❖ उपलेखले राज्य पक्षलाई बेचबिखन तथा ओसार-पसारबाट पीडित व्यक्तिहरुलाई सहयोग तथा संरक्षण प्रदान गर्नुपर्ने जिम्मेवारी दिएको छ,
- ❖ उपलेखले बेचिएका व्यक्तिका अधिकारहरुको व्यवस्था गरेको छ,
- ❖ उपलेखले बेचिएका राज्यमा बेचबिखनबाट पीडित व्यक्तिको हैसियत र अधिकारसम्बन्धी व्यवस्था गरेको छ,
- ❖ उपलेखले राज्य पक्षलाई मानव बेचबिखनबाट बचावट गर्ने उपायहरू अवलम्बन गर्ने दायित्व तोकेको छ,
- ❖ उपलेखले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न पक्षराज्यहरूबिच सूचनाको आदान प्रदान र तालिम गर्ने व्यवस्था गरेको छ,
- ❖ उपलेखले मानव बेचबिखन तथा ओसारपसार रोकथाम गर्न सीमाना मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ।

३. **मानव बेचबिखन तथा ओसारपसारको विश्वव्यापी अवधारणा के के हो ?**

१. दासत्वको अवस्था

२. बहुराष्ट्रिय संगठित अपराध

३. मानवता विरुद्धको अपराध

४. आधारभूत मानव अधिकारको उल्लङ्घन

५. पीडितहरु सदा शोषित हुन्छन्

५. महिला र बालबालिकाहरु बढी जोखिममा परेका हुन्छन्

६. मानव बेचविखन तथा ओसारपसारमा पीडितको सहमति कहिल्यै हुँदैन।

**४. पालेर्मो प्रोटोकलको कार्यान्वयनका लागि राज्यको कस्तो कस्तो दायित्व रहेको छ ?**

यस उपलेखले राज्यलाई निम्नलिखित दायित्व सुम्पेको छ :

.१ **निवारण (Prevention)**

- मानव बेचबिखन बिरुद्धका प्रयासहरूलाई राष्ट्रिय विकासको कार्यसूचीको मूलप्रभावमा ल्याउने,
- मानव बेचबिखन रोकथाम गर्न आर्थिक र मानवीय स्रोत विकासको व्यवस्थापन गरिनु पर्ने,
- निकृष्ट किसिमको बालश्रमलाई उन्मूलन गर्नु पर्ने,
- लैङ्गिक भेदभाव र हिंसाका कारकतत्वको पहिचान र निवारणका उपायहरु अवलम्बन गर्नु पर्ने,
- सामाजिक समावेशीकरणका रणनीतिहरु कार्यान्वयन गर्नु पर्ने,
- श्रम अवसरका लागि तालिम र अन्य आवश्यक अवसरहरु -ILO मापदण्ड लागू गर्ने,

२.**संरक्षण (Protection)**

- मानव बेचविखन तथा ओसारपसार विशेष गरी महिला तथा बालबालिकाको बेचविखन तथा ओसार पसारलाई विशेष ध्यान दिदै उद्धार, फिर्ता बोलाउने, फिर्ता पठाउने, पुनर्स्थापना गर्ने र सामाजिक एकीकरण गर्ने जस्ता कार्यहरू सुनिश्चितता गर्ने
- बेचविखन तथा  ओसारपसारका पीडितका  मानव अधिकार सम्मान, संरक्षण गर्ने एवं सहयोग पुऱ्याउने
- बेचबिखन अपराध निर्मूल गर्नका लागि सार्वजनिक शिक्षा, सञ्चार क्षेत्रको क्रियाशीलता बढाउने
- माग पक्षलाई निरुत्साहित गर्ने कानूनी, शैक्षिक, सामाजिक वा साँस्कृतिक उपायहरू अवलम्बन गर्ने
- पीडितको स्वेच्छिक फिर्ता (उत्पति देशमा) सुनिश्चितता गर्ने
- परिचय र यात्रासँग सम्बन्धित कागजातको गुणस्तर सुनिश्चितताका साथै गैरकानूनी प्रयोगमा रोक लगाउने
- पीडितको अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने

- पीडितलाई सहयोग र क्षतिपूर्तिको पूर्वाधार निर्माण गर्ने
- पीडितको पुनः पीडित हुनबाट संरक्षण  गर्ने
- मानव बेचबिखन तथा ओसारपसारबाट बचावट गर्ने

**३ अभियोजन र पुर्पक्ष (Prosecution/ Trial)**

- फौज्दारी मुद्दाको प्रक्रियामा पीडितकेन्द्रित दृष्टिकोणबाट सुधार गर्ने
- राष्ट्रिय कानून अन्तर्गत अभियोजन गर्दा अन्तर्देशीय तत्व प्रमाणित गर्न आवश्यक नहुने

**४ कानूनी र संस्थागत संरचना (Legal and Institutional Framework)**

- उपलेखमा उल्लेखित मापदण्ड बमोजिम राष्ट्रिय  कानूनी व्यवस्था निर्माण गर्ने
- आलेखमा उल्लेखित अपराधको वर्गिकरण अनुसार कसुरलाई राष्ट्रिय फौजदारी कानूनमा समावेश गरी अपराध घोषणा गरी अपराधीलाई कडा सजायको व्यवस्था गर्ने
- संस्थागत संरचना (विभिन्न मन्त्रालयहरु, अनुसन्धान, अभियोजन र न्यायिक, अर्ध न्यायिक निकायहरु, मानव अधिकार आयोग, महिला आयोग र अन्य आयोगहरु, मानव बेचबिखन विरुद्धको व्यूरो (Anti-Trafficking Bureau,) आदि निर्माण गर्ने ।
- कानून कार्यान्वयन गर्ने निकायहरु तथा अध्यागमन अधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने
- गैरसरकारी सस्थाहरु र नागरिक समाजसँग सहकार्यका लागि नीतिगत सुधार गर्ने
- पीडितलाई आफ्नो देशमा बस्न अनुमति दिनका लागि नीति, नियम परिमार्जन गर्नु पर्ने

**५. अन्तराष्ट्रिय सहकार्य, समन्वय र साझेदारी (International Cooperation, Coordination and Partnership)**

- मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय अपराध भएकाले यसको रोकथामको लागि अन्य देशका सरकारहरूसँग मिलेर काम गर्ने
- मानव बेचबिखन तथा ओसारपसार निर्मूल गर्नका लागि द्विपक्षीय वा बहुर्राष्ट्रिय सहयोग/समन्वयको स्थापना गर्ने

**५. पालेर्मो प्रोटोकल २००० लाई हस्ताक्षर, अनुमोदन तथा स्थानीयकरण गर्न राष्ट्रिय मानव अधिकार आयोगले कस्ता कस्ता पहल गरेको थियो ?**

नेपालले मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक कानूनी व्यवस्था गर्न अन्तर्राष्ट्रिय मापदण्डको रुपमा रहेको मानव बेचबिखन विशेष गरी महिला र बालबालिकामा हुने बेचबिखन रोक्न संयुक्त राष्ट्र संघीय प्रलेख २००० को अनुमोदन पश्चात स्थानीयकरणको कार्ययोजना बनाउन आयोगले नेपाल सरकारलाई नियमित सिफारिस गरको थियो । तत्पश्चात बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (United Nations Convention Against Transnational Organized Crime) अन्तरगतको मानव बेचबिखन, खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख २००० (Protocol to Prevent, Suppress and Punish Trafficking in Person, Especially Women and Children, Palermo Protocal-2000) अनुमोदन गरेको थियो ।

**ढ. लैङ्गिक तथा यौनिक अल्पसंख्यक**

१. **लैङ्गिक तथा यौनिक अल्पसंख्यक** (LGBTIQ) **भनेको के हो** ?

सामान्यतया अंग्रेजीमा ...Sex' / ...Gender' र दुवै शब्दलाई नेपाली रुपान्तरण गर्दा “लिङ्ग” भन्ने एउटै शब्द प्रयोग हुने गर्दछ । जैविक लिङ्गको निर्धारण शारिरिक वनावट हुन्छ भने सामाजिक लिङ्गको निर्धारण मानिसको मानसिकतामा आधारित हुन्छ । जसको मानिसको हाउभाउ, व्यवहार, झुकाउ, लवाई, रुचि र सिंगारपटार आदिबाट हुन्छ। उमेर बढ्दै जाँदा मानिसमा यौनप्रति अभिरुचि जाग्दछ। यौनाकर्षण विपरीत लिङ्गीसँग मात्र हुन्छ भन्ने सामान्य मान्यता हो । केही अवस्थामा यौनाकर्षणको यो मान्यता लागू नहुन सक्दछ । यौनाकर्षणको यो अनुभूतिलाई यौन अभिमुखीकरण (Sexual Orientation) भनिन्छ । महिला भएर महिलाप्रति नै यौन आकर्षण हुनु, पुरुष भएर पुरुषप्रति नै आर्कर्षित हुनु पनि यौन अभिमुखीकरण हो ।

यस समुदायमा थोरै मात्र पर्दछन्, यो अपवाद हो । तर, समाजमा यो प्रवृत्ति देखिने भएबाटै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय जन्मेको हो । समाजमा तीन प्रकारका सामाजिक लिङ्ग महिला, पुरुष र तेस्रो (अन्य) लिङ्गी रहेका छन् ।

महिला र पुरुषको भूमिकालाई समाजले परापूर्वकालदेखि मान्यता दिएको छ भने तेस्रो लिङ्गीको लैङ्गिक भूमिकालाई मान्यता दिने क्रममा छ ।

२. **लैङ्गिक तथा यौनिक अल्पसंख्यक कति प्रकारका हुन्छन्** ?

विषेशगरी समलिङ्गी महिला (Lesbian), समलिङ्गी पुरुष (Gay), द्विलिङ्गी (Bisexual), लिङ्ग परिवर्तित व्यक्ति (Transgender, र अन्तरलिङ्गी (Intersex) व्यक्तिहरू पर्दछन् । जसलाई सजिलोको निम्ति 'LGBTI' भन्ने गरिन्छ । हाल यी पाँच प्रकृति भन्दा पृथक समूह पनि हुने स्वीकार गरिसकिएको छ । जसले माथि भएका समूहका वर्गीकरण भित्र आफूलाई राख्न चाहँदैनन् वा पर्दैनन् । यस समूहलाई अनौठो (Queer) भन्ने गरिन्छ।। तसर्थ, हिजोआज LGBTIQ भन्ने शब्द प्रयोग गरिन्छ। यी छ बाहेक यौनिक विकर्षण लगायतका अन्य प्रवृत्ति पनि देखिने भएबाट यसलाई पनि समेट्न LGBTIQA+ भन्ने गरिन्छ। यस समुदायभित्रको समग्र पहिचानको व्यापकतालाई समेट्ने गरी 'Sexual Orientation and Gender Identities (SOGI)' अर्थात यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भन्ने शब्द पनि प्रचलनमा आउने गरेको छ। संक्षिप्तमा यी सबै वर्ग र समूहलाई समेट्न यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय भन्ने गरिन्छ।

३. **यौनिकता (Sexuality) र यौनिक विकर्षण (Asexuality) भन्नाले के बुझिन्छ** ?

कुनै व्यक्तिमा अर्को व्यक्तिप्रति हुने शारीरिक, मानसिक, कामुक र भावनात्मक आकर्षण यौनिकता (Sexuality) हो । यौनिकता विपरीत लिङ्गप्रति मात्र रहन्छ भन्नु पुरातन मान्यता हो । कोही कोही व्यक्ति कसैसँग पनि यौन आकर्षण नहुने हुन्छन् जुन प्रवृत्तिलाई यौनिक विकर्षण (Asexuality) भनिन्छ । अहिले यी विभिन्न खालका यौनिकता भएका व्यक्तिहरू समाज भित्र छन् । यसलाई कुनै राष्ट्रले मान्यता दिएको छ, कतै दिने क्रममा छ भने कुनै कुनै राष्ट्रमा अझै यसलाई अपराधको रुपमा नै लिने गरिएको पनि छ । विज्ञानले स्वीकार गरिसकेको तथ्यलाई लामो समयसम्म अस्वीकार गरिरहन सकिँदैन। यौनिकता तीन प्रकारका हुन्छन्। पहिलो समलिङ्गी (Homosexual), दोस्रो विपरीत लिङ्गी (Heterosexual) र तेस्रो द्विलिङ्गी (Bisexual) । पहिलो यौनिकता समान जैविक लिङ्ग भएका व्यक्तिहरूसँग सम्बन्धित छ भने दोस्रो यौनिकता विपरीत जैविक लिङ्ग भएका व्यक्तिहरूसँग सम्बन्धित छ। तेस्रो भने सम र विपरीत दुवै लिङ्गीप्रतिको शारीरिक, मानसिक, कामुकता र भावनात्मक आकर्षण हो ।

**४. लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई समाजमा कसरी चिनिन्छ ?**

सामान्यतया पुलिङ्गी केटा र स्त्रीलिङ्गी केटी भनिन्छ । यी बाहेक भिन्न प्रकारको भावनात्मक, शारीरिक र मानसिक व्यवहार हुने मानिसलाई यस समुदायमा राखिन्छ। यस समुदायलाई पूर्वी पहाडमा 'मेटी' सुदूरपश्चिममा 'गाण्डि' वा मौगी, मधेशमा कोथी, मगँमेहरा वा मौगीयाहा तथा हिमालमा मारुनी जस्ता अपमानजनक शब्दबाट सम्बोधन गरिने प्रचलन रहेको छ। त्यसै गरी नेवारीमा यिनीहरूलाई मेती र मैबाबु भन्ने गरिन्छ। यो प्रचलन हट्न नसक्नु विडम्बना नै हो। तेस्रो लिङ्गी शब्द हिन्दू दर्शनमा रहेको कामसूत्रमा पुरुष प्रकृति, स्त्री प्रकृति र तृतीय प्रकृति रहेको कारणले प्रयोग भएको शब्द हो भन्ने उल्लेख गरिएको पनि पाइन्छ। यसबाट मानिसका तीन किसिमका लिङ्ग हुन्छन् भन्ने कुरा परापूर्वदेखि स्वीकारिएको तथ्य हो भन्ने कुरा स्थापित हुन्छ। यो तेस्रो लिङ्ग नै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय हो।

**५.के नेपालले यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचानलाई मान्यता दिएको छ कि छैन ?**

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको सम्बन्धमा नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाहरू अन्य दक्षिण एसियाली देशहरूमध्ये सकारात्मक र प्रगतिशील रहेको स्वीकार गर्नैपर्ने हुन्छ। नेपालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकारको संरक्षण गर्ने व्यवस्था गरेको छ। यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान समुदायका हक अधिकार संरक्षणका विषयमा व्यवस्था गर्ने दक्षिण एसियाली मुलुकहरू मध्ये नेपाल पहिलो देश हो। नेपाल विश्वमा नै पहिलो देश हो, जहाँ यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले आफ्नो पहिचान अनुसार राहदानी/नागरिकता बनाउन पाउदछन्।

**६.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सवालमा आयोगले के कस्ता प्रयासहरू गरेको छ।**

राष्ट्रिय मानव अधिकार आयोगले विगतदेखि नै यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विषयमा छुट्टै डेस्क स्थापना गरी उनीहरुको हक अधिकार कार्यान्वयन भए नभएको अनुगमन तथा अनुसन्धानका कार्यहरूलाई प्राथमिकतामा राखेर काम गर्ने गरेको छ। यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुले विभिन्न

खालको विभेद र धेरै जोखिममा परेको भनी परेका उजुरीहरुमा अनुसन्धान गरी सुधारको लागि सिफारिस गर्ने गरेको छ। उनीहरूलाई मानव अधिकारको उपभोग गर्नबाट वञ्चित गरिनु हुन्न भन्ने मान्यताका साथ आयोगले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको मानव अधिकारको विद्यमान अवस्था, समस्या र चुनौतिको अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन प्रकाशन समेत गरेको छ।

**७. अन्तरलिङ्गी भनेको के हो ?**

अन्तरलिङ्गी एउटा छाता शब्द हो जसले प्राकृतिक शारीरिक विविधता को एक विस्तृत श्रृङखलालाई ब्याख्या गर्दछ। कतिपय अवस्थामा, अन्तरलिङ्गी विशेषताहरू जन्मको बेला देखिन्छन भने कतिपय विशेषताहरु यौवनावस्थासम्म देखिँदैनन। केही क्रोमोसोमको विविधता शारीरिक रूपमा स्पष्ट नदेखिन सक्छन। अन्तरलिङ्गी व्यक्तिहरु यौन विशेषताहरुको विविधताका साथ जन्मन्छन् जस्तै यौनाङ्ग, प्रजनन अङ्ग, हर्मोनको ढाँचाहरु वा क्रोमोजमको ढाँचाहरु जुन पुरुष वा महिला शरीरको परम्परागत परिभाषा भन्दा धेरै विविध छन्।

विश्वको जनसंख्याको १.७५% यौन विशेषताहरुको विविधता लिएर जन्मेका हुन्छन्। यद्यपि, उनीहरुको शरीरलाई फरक रूपमा हेरिएको हुनाले, अन्तरलिङ्गी व्यक्तिहरुले प्रायः लान्छना, भेदभाव लगायत चिकित्सा क्षेत्रमा हानिकारक अभ्यासहरूको सामना गर्छन।

**८. अन्तरलिङ्गी व्यक्तिहरुको पहिचान  कसरी गर्ने ?**

अन्तरलिङ्गी यौन विशेषताको विविधता हो। त्यसैले अन्तरलिङ्गीका केही प्रकार बच्चा गर्भमै हुँदा थाहा पाउन सकिन्छ, धेरै प्रकार किशोर अवस्था र त्योभन्दा पछिसम्म पनि थाहा नहुनसक्छ। यहाँ केही साझा बिन्दु छन् जुन अन्तरलिङ्गी व्यक्तिहरुलाई पहिचान गर्न सकिन्छ जस्तैः

- केही अन्तरलिङ्गी प्रकार बच्चा गर्भमा रहेको बेला अल्ट्रासाउण्ड गरेर थाहा पाउन सकिन्छ।
- केही यौनाङ्गको विविधता हो त्यो बच्चा जन्मने बेला थाहा हुन्छ।
- केही किशोरावस्थामा थाहा पाउन सकिन्छ जति बेला कुनै व्यक्तिको शारीरिक विकास हामीले अपेक्षा गरे भन्दा फरक हुन्छ।
- कुनै अरु स्वास्थ्य समस्याले अल्ट्रासाउण्ड गर्दा त्यति बेला पनि केही अन्तरलिङ्गीको  पहिचान गर्न सकिन्छ।

- कसैको लामो समयसम्म बच्चा नभएको खण्डमा उसमा प्रजनन क्षमता छ कि छैन भनेर जाँच्दा त्यतिबेला पनि  अन्तरलिङ्गी भनेर पहिचान गर्न सक्छौं ।

**९. नेपालमा भएका अन्तरलिङ्गीका अधिकार सम्वन्धी सकारात्मक प्रयासहरू के के रहेका छन् ?**

- नेपालको संविधान २०७२ को विभिन्न धाराहरुमा यौनिक तथा लैंगिक अल्पसंख्यक भनेर समावेश हुनु ।
- बालबालिका नीति २०८० मा यौनिक तथा लैंगिक अल्पसंख्यक भनेर समाबेश हुनु ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तरगत लैंगिक हिंसा अन्त्यका लागि बनेको पुरुष सञ्जालमा सहभागिता ।
- राष्ट्रिय बाल अधिकार परिषद अन्तरगत बाल मैत्री तथा अपांगता भएका बाल बालिका सुशासन उप समितिमा सहभागिता ।
- केही स्थानीय तहमा यौनिक तथा लैंगिक अल्पसंख्यक संजाल निर्माण गरेर त्यसको नेतृत्व अन्तरलिङ्गी व्यक्तिहरुले गर्नु ।
- राष्ट्रिय मानव अधिकार आयोगले अन्तरलिङ्गी व्यक्तिहरुको अधिकारको संरक्षण र सम्वर्द्धन काम गर्दै आइरहेको छ ।

**ण. मानव अधिकार संरक्षण र संबर्द्धनमा स्थानीय निकाय (न्यायिक समिति)**

**१ स्थानीय निकाय (न्यायिक समिति)को कस्ता कस्ता अधिकारहरू रहेका छन् ।**

नेपालको संविधानको धारा २१७ बमोजिम गठन हुने स्थानीय न्यायिक समितिलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम देहायका विवादको निरूपण गर्ने अधिकार हुने छ भन्ने व्यवस्था गरेको छ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

(ख) अर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याला मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपँक्षी हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान

लाउन वा शिक्षा दीक्षा नदिएको

(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

(ट) सधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रूपमा प्रयोग हुदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरूपण हुने भनी तोकेका अन्य विवाद .

**२ स्थानीय निकाय (न्यायिक समिति)को क्षेत्राधिकार कस्तो छ ?**

न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछः-

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेइज्जती,

(च) लुटपिट,

(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनि प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।

**३ न्यायिक समितिमा उजुरी गर्ने तरिका र हदम्याद**

उल्लिखित विवादमा प्रचलित कानूनमा मुद्दा हेर्ने निकाय समक्ष निवेदन दिने कुनै हदम्याद तोकिएकोमा सोही म्यादभित्र र कुनै हदम्याद नतोकिएकोमा त्यस्तो कार्य भए गरेको मितिले पैंतीस दिनभित्र न्यायिक समिति समक्ष निवेदन दिनु पर्ने छ। विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्ने छ।

# परिच्छेद–५

## मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा र मानव अधिकार राष्ट्रिय कार्ययोजना

### (क) मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा

१. **मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा भनेको के हो ? विश्वव्यापी आवधिक समीक्षामा के हुन्छ ?**

संयुक्त राष्ट्रसङ्घले आफ्ना सदस्य राष्ट्रहरूको समग्र मानव अधिकारको अवस्था बारेमा आवधिक रूपमा जानकारी पाउन तथा मानव अधिकार अवस्थामा सुधार गर्न आवश्यक सिफारिस गर्ने प्रयोजनको लागि आवधिक रूपमा प्रत्येक साढे चार वर्षमा सम्बन्धित देशको मानव अधिकार अवस्थाको पुनरावलोकन गर्ने प्रक्रिया नै मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा हो । यसलाई संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको अनुगमन गर्ने विभिन्न प्रक्रियाहरूमध्येको एक प्रक्रिया पनि भन्न सकिन्छ । यस प्रक्रियाअन्तर्गत संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूको समग्र मानव अधिकार अवस्थाको बारेमा अनिवार्य रूपमा समीक्षा हुन्छ ।

२. **यसको सुरुवात कहिलेबाट भएको हो ?**

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको सुरुवात संयुक्त राष्ट्रसङ्घमा सन् २००६ मार्च १५ (२०६२ चैत्र २ ) मा मानव अधिकार परिषद्को स्थापना भएपछि भएको हो । मानव अधिकार परिषद्को स्थापनासँगै परिषद्को १८ जुन २००७ (२०६४ असार ४) को प्रस्ताव नं. ५।१ मा मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (UPR) स्थापनाको प्रस्ताव गरियो । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाको पहिलो सत्र सन् २००८ बाट सुरु भएको हो ।

३. **नेपाल मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामा कहिलेदेखि सहभागी भएको हो ?**

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रक्रियामा

नेपाल उक्त समीक्षाको पहिलो सत्रदेखि नै सहभागी भएको हो। नेपाल आफ्नो आवधिक प्रतिवेदनसहित पहिलो पटक सन् २०११ मा यस प्रक्रियामा सहभागी भएको हो।

४. **मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षाअन्तर्गत नेपालको तेस्रो आवधिक समीक्षा कहिले भएको थियो ?**

नेपालको तेस्रो चक्रको पुनरावलोकन सन् २०२० को नोभेम्वरमा हुने गरी निर्धारण भएकोमा कोभिड १९ को कारण मानव अधिकार परिषदले २१ जनवरी २०२१ मा पुनरावलोकन गर्ने गरी कार्यतालिका संशोधन गरेको थियो। सोही बमोजिम तेस्रो चक्रको विश्वब्यापि पुनरावलोकन २१ जनवरी २०२१ मा Hybrid Modalities मा सम्पन्न भयो। नेपालको तेस्रो चक्रको विश्वब्यापि आवधिक पुनरावलोकन प्रतिवेदन ८ जुलाई २०२१ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्ले पारित गरेको थियो। तेस्रो चक्रको पुनरावलोकनको क्रममा प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना बनाउन प्रतिबद्धता गरे बमोजिम विश्वब्यापि आवधिक पुनरावलोकन तेस्रो चक्र बाट प्राप्त सिफारीस कार्ययोजना (२०७८-०८२) तयार भई कार्यन्वयनमा रहेको छ।

५. **नेपालको मानव अधिकार अवस्थासम्बन्धी प्रतिवेदनमाथि कति सुझावहरू प्राप्त भएका थिए ?**

तेस्रो चक्रको पुनरावलोकनमा नेपाल सरकारलाई प्राप्त भएका २३३ वटा सिफारीसहरुमध्ये नेपाल सरकारले १९६ वटा सिफारीसहरू स्वीकार गरेको र ३७ वटा सिफरीसहरु जानकारीमा लिएको थियो।

६. **नेपाललाई विभिन्न राष्ट्रहरूले दिएका सुझावहरू के–कस्ता थिए ?**

तेस्रो आवधिक समीक्षामा नेपाललाई मानव अधिकारका थप अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गर्ने, राष्ट्रिय कानूनहरूमा संशोधन गर्ने, नागरिकता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र भेला हुन पाउने अधिकार, मानव अधिकारकर्मीको सुरक्षा, गरीवि निवारण, लैङ्गिक हिंसा, जातीय भेदभाव र असमानता, महिला, बालबालिका विरुद्ध हुने भेदभावको अन्त्य तथा हानिकारक अभ्यास

विरुद्ध सचेतना अभिबृद्धि, उजुरी गर्ने सुरक्षित वातावरण, महिला सशक्तिकरण तथा क्षमता अभिबृद्धि, यातना तथा गैरन्यायिक हत्या, सङ्क्रमणकालीन न्याय, जलवायु परिवर्तन,शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, खाद्य, खानेपानीको अधिकारको सूनिश्चितता सहित जीवनस्तरमा सुधार, आदिवासी तथा अल्पसंख्यकको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, कोभिड १९, राष्ट्रिय मानव अधिकार आयोग  तथा अन्य संवैधानिक आयोग, मानव अधिकार कार्ययोजना, कारागार सुधार, मानव वेचविखन, दासत्व, बल श्रम विरुद्धको अधिकार, र विविध विषयमा सुझावहरू प्राप्त भएका थिए ।

७. **मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समिक्षा अन्तर्गत नेपालको तेस्रो आवधिक समिक्षा कहिले भयो** ?

अधिकार अवस्थाको विश्वव्यापी तेस्रो आवधिक समिक्षा सन् २०२१ जनवरी महिनामा सम्पन्न भई सिफारिस समेत प्राप्त भएका छन् ।

## (ख) नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना

८. **मानव अधिकार राष्ट्रिय कार्ययोजना भनेको के हो** ?

अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ मा सम्पन्न संयूक्त राष्ट्रसंघीय विश्व मानव अधिकार सम्मेलनले मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न आफ्ना सदस्य राष्ट्रहरूलाई आह्वान गरेको थियो । सो आह्वानलाई साकार रुप दिन सरकारले नागरिक समाज र निजी क्षेत्रको समेत राय, सल्लाह, सुझाव र परामर्श लिई आवधिक विकास योजना सरह मानव अधिकारको समेत राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन गर्न थालिएको हो । मानव अधिकारप्रति राष्ट्रले अन्तर्राष्ट्रिय रुपमा जनाएका प्रतिवद्धताहरूलाई मुलुकमा व्यावहारिक रुपमा कार्यान्वयन गर्नको लागि नेपाल सरकारले बनाएको आवधिक कार्ययोजना नै मानव अधिकार राष्ट्रिय कार्ययोजना हो ।

९. **नेपालमा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सुरुवात कहिलेबाट शुरुवात भयो** ?

नेपालमा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको सुरुवात आ.व.

२०६१/२०६२ बाट भएको हो । सो आर्थिक वर्षमा नेपाल सरकारले मानव अधिकारको त्रि-वर्षीय प्रथम राष्ट्रिय कार्ययोजना जारी गरेको थियो । वि.सं. २०६२/०६३ सालको राजनैतिक परिवर्तनसँगै सामाजिक समानताको अवधारणमा आधारित भई मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न राज्य स्वयम् जिम्मेवार र उत्तरदायी बन्नुपर्ने अवस्थाको सिर्जना हुन गयो। यसै तथ्यलाई ध्यानमा राखी नेपाल सरकारले परिमार्जन सहित आ.व. २०६४/२०६५ देखि अर्को त्रि-वर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना लागु गऱ्यो। यस्तै आ.व. २०६७/०६८ देखि २०६९/०७० सम्म तेस्रो र आ.व. २०७१/०७२ देखि २०७५/०७६ सम्म चौथो र हाल आ. २०७७/०७८ देखि आ.व. २०८१/०८२ सम्म पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा रहेको छ।

१०. **मानव अधिकार पाँचौं राष्ट्रिय कार्ययोजनाका उद्देश्यहरू के–के रहेका छन् ?**

मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

- मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम गर्ने
- नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत मानव अधिकारको वास्तविक उपभोग वातावरण सिर्जना गर्ने
- मानव अधिकारप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने
- सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जीवनका सबै पक्षहरूमा मानव अधिकार संस्कृतिको प्रवर्द्धन गर्ने
- संविधान प्रदत्त सामाजिक न्यायको हक कार्यानवयनका लागि आर्थिक सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको संरक्षण र सशक्तिकरण गर्ने

११. **मानव अधिकार राष्ट्रिय कार्ययोजनामा कुन–कुन विषय समेटिएका छन् ?**

मानव अधिकार राष्ट्रिय कार्ययोजनामा निम्न १७ वटा विषयहरू समेटिएका छन् :-

१. शिक्षा
२. स्वास्थ्य
३. खाद्य अधिकार
४. आवास
५. श्रम तथा रोजगार
६. बाल अधिकार र बाल न्याय
७. सामाजिक न्याय
८. खानेपानी तथा सरसफाई
९. लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास
१०. वातावरण र दीगो विकास
११. साँस्कृतिक अधिकार
१२. कानूनी सुधार र न्याय प्रशासन
१३. हिरासत तथा कारागार सुधार
१४. संक्रमणकालिन न्याय
१५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायका सिफारिस/सुझाव कार्यान्वयन गर्ने
१६. मानव अधिकार शिक्षा
१७. संस्थागत सुदृढीकरण

१२. **कार्ययोजना कार्यान्वयनका लागि जिम्मेवार निकाय र सहयोगी निकाय भन्नाले के बुझिन्छ ?**

कार्ययोजनाको उद्देश्य हासिल गर्न र कार्ययोजनामा निर्धारित कृयाकलापको कार्यान्वयन गर्नको लागि प्रमुख भूमिका रहने निकायलाई जिम्मेवार निकाय भनिन्छ । जिम्मेवार निकायलाई तोकिएको कृयाकलाप कार्यान्वयन गर्न सहयोग गर्ने निकायलाई सहयोगी निकाय भनिन्छ ।

१३. **कार्ययोजना कार्यान्वयनमा सम्बद्ध जिम्मेवार निकायको भूमिका कस्तो रहन्छ ?**

कार्ययोजनाको उद्धेश्य हासिल गर्न प्रमुख भूमिका रहने जिम्मेवार निकाय र सहयोगी निकाय तोकिएको छ ।

जिम्मेवार निकायको मुख्य कार्यहरू निम्न बमोजिम रहेको छ :-

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने

(ख) नीति वा कानूनको तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने

(ग) आवश्यक स्रोत र साधन उपलब्ध गराउने

(घ) दुई वा दुई भन्दा बढी निकायको संलग्नता रहने भएमा ती निकायबीच समन्वय गर्ने

(ङ) कार्ययोजना कार्यान्वयनको प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने

(च) कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने

सहयोगी निकायका मुख्य कार्यहरू निम्न बमोजिम रहेको छ :-

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने

(ख) जिम्मेवार निकायको अनुरोध अनुरुप आवश्यक स्रोतसाधन र विशेषज्ञता उपलब्ध गराउने

(ग) जिम्मेवार निकाय समक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा आवश्यकता अनुसार कुनै प्रस्ताव वा अनुरोध गर्ने

(घ) कार्ययोजना कार्यान्वयनको सिलसिलामा अन्य आवश्यक कार्य गर्ने

१४. **कार्ययोजना समन्वय संयन्त्र कस्ता कस्ता रहेका छन् ?**

कार्ययोजना समन्वय संयन्त्र निम्न बमोजिम रहेका छन् :-

- संघीय समन्वय समिति
- प्रदेश समन्वय समिति
- जिल्ला समन्वय समिति र

- स्थानीय तह समन्वय समिति ।
- संघीय समन्वय समिति मुख्य सचिवको संयोजकत्वमा रहने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा हेर्ने सह-सचिव सदस्य-सचिव रहने व्यवस्था रहेको छ । यसमा राष्ट्रिय मानव अधिकार आयोगको सचिव पदेन सदस्य रहन्छन् ।

१५. **स्थानीय तह समन्वय समितिको संरचना कस्तो रहने व्यवस्था छ ?**

स्थानीय तह समन्वय समितिको संरचना देहाय बमोजिम रहेको छ ः

- प्रमुख वा अध्यक्ष स्थानीय तह
- उपप्रमुख वा उपाध्यक्ष, स्थानीय तह
- वडा अध्यक्षहरू
- सम्बन्धित विषय हेर्ने अधिकृतहरू
- अध्यक्षले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनीधि
- स्थानीय तहमा रहेको सुरक्षा निकायको कार्यालय प्रमुख-सदस्य
- प्रमुख प्रशासकीय अधिकृत स्थानीय तह -सदस्य सचिव

१६. **राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा स्थानीय तहको भूमिका कस्तो रहन्छ ?**

राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा स्थानीय तहको भूमिका निम्नअनुसार हुन्छ ः

- स्थानीय तहको सम्बन्धित शाखा र कार्ययोजनाको क्रियाकलापसँग सम्बन्धित वडालाई निर्देशन दिने ।
- कार्ययोजनाको कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने ।
- कार्ययोजना कार्यान्वयनको स्थितिको समीक्षा गर्ने ।
- कार्ययोजना कार्यान्वयको अनुगमन स्थानीय तह नगरसभा र गाउँसभाबाट हुने ।

१७. **कार्ययोजना कार्यान्वयनको अनुगमन भन्नाले के बुझिन्छ ?**
कार्ययोजना कार्यान्वयनका लागि कार्ययोजनामा निर्दिष्ट क्रियाकलापको नियमित अनुगमनबाट कार्यान्वयनको अवस्था एकीन गर्न र कार्यान्वयनमा देखिएका समस्या पहिचान गर्न र निराकरण गर्न गरिने कार्य हो ।

१८. **कार्ययोजनाको अनुगमन कुन कुन निकायबाट हुने गर्छ ?**
कार्ययोजनाको देहायको निकायबाट अनुगमन हुनेछ :

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(ख) संघीय संसद, प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समिति
(ग) राष्ट्रिय मानव अधिकार आयोग
(घ) संवैधानिक आयोग र निकाय
(ङ) महान्यायधिवक्ता
(च) प्रदेशसभाका समिति
(छ) स्थानीय तहको नगरसभा र गाउँसभा
(ज) नागरिक समाज

१९. **अनुगमन गर्ने निकायको जिम्मेवारी तथा भूमिका कस्तो रहन्छ ?**
अनुगमन गर्ने निकायको जिम्मेवारी तथा भूमिका देहाय बमोजिम हुनेछ :

- अनुगमन गर्ने निकायले क्रियाकलापको कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान गर्ने
- समस्या निराकरणको उपाय दिने
- क्रियाकलाप कार्यान्वयन गर्न लागेको समय, हासिल भएको प्रगतिको अनुगमन गर्ने
- क्रियाकलाप कार्यान्वयनको लागि प्राप्त स्रोत साधन उपलब्धताको अनुगमन गरी पृष्ठपोषण दिने
- प्राप्त पृष्ठपोषण तथा सुभाव कार्यान्वयनको लागि प्रमुख जिममेवार निकाय र सहयोगी निकायमा पठाउने
- अनुगमन गर्ने निकायले अनुगमन गर्ने विधि तथा प्रक्रिया आपसी समन्वयमा गर्ने

- अनुगमन कार्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट आवश्यक सहजीकरण हुने

२०. **मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका कस्तो रहन्छ ?**

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा राष्ट्रिय मानव अधिकार आयोगको भूमिका निम्नअनुसार हुन्छ :

- राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अनुगमन समितिमा रहेर कार्य गर्ने,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको पक्षको स्वतन्त्र रुपमा अनुगमन गर्ने,

# परिच्छेद- ६

## (क) मानव अधिकारमुखी विकास पद्धति

(१) **मानव अधिकारमुखी विकास पद्धति भनेको के हो ?**
मानिसलाई केन्द्रबिन्दुमा राखेर विकास गर्नुपर्छ भन्ने पद्धति नै मानव अधिकारमुखी विकास पद्धति हो । यस पद्धतिले विकासलाई भौतिक पूर्वाधारको रुपमा मात्र नलिई विकासको समग्र पक्षलाई केन्द्रित गर्दछ। संयुक्त राष्ट्रसङ्घले सन् १९८६ जारी गरेको विकासको अधिकारसम्बन्धी घोषणापत्रले विकासलाई सबै मानव जातिको अहरणीय अधिकार भन्दै अधिकार उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्ने प्रक्रियाको रुपमा स्थापित गरेको छ । घोषणापत्रले विस्तृतमा आर्थिक, सामाजिक तथा राजनैतिक प्रक्रियालाई विकासको अधिकार भनेको छ ।

२. **मानव अधिकारमुखी विकास पद्धतिसम्बन्धी अवधारणा कहिलेदेखि सुरु भएको मानिन्छ ?**
संयुक्त राष्ट्रसङ्घले विकासको अधिकारसम्बन्धी घोषणापत्र, १९८६ जारी गरेपछि यस अवधारणाको सुरुवात भएको मानिन्छ ।

३. **मानव अधिकारमुखी विकास पद्धतिका मूल्य र मान्यताहरू के के हुन् ?**
पहुँच, जवाफदेहिता, पारदर्शिता, मर्यादा, पहिचान, समानता, सशक्तीकरण, समावेशीता, विविधता, निष्पक्षता र ऐक्यवद्धता लगायतका विषयहरू मानव अधिकारमुखी विकास पद्धतिका मूल्य मान्यताहरू हुन् ।

४. **घोषणापत्रले नागरिकप्रति राज्यलाई के कस्ता दायित्वहरू तोकेको छ ?**
संयुक्त राष्ट्र सङ्घबाट जारी भएको विकासको अधिकारसम्बन्धी घोषणापत्र सन् १९८६ ले राज्यलाई विकास-निर्माणसम्बन्धी कार्य गर्दा नागरिकहरूका निम्न अधिकारको सम्मान र परिपूर्ति गर्ने दायित्व तोकेको छ :

- विकास प्रक्रियमा सहभागी हुन पाउने अधिकार (Right to participation),
- विकास प्रक्रियामा योगदान गर्न पाउने अधिकार (Right to countribution) र
- विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकार (Right to enjoyment)
- उपचारको हक (Right to Remedy)

५. **मानव अधिकारमुखी विकास पद्धतिका फाइदाहरू के के हुन् ?**

मानव अधिकारमुखी विकास पद्धतिबाट हुने फइदाहरू निम्न बमोजिम छन्ः

- यस पद्धतिको अवलम्बनबाट नागरिकहरूको आत्मसम्मान वृद्धि हुन्छ,
- विकास प्रक्रियामा सबैलाई समान व्यवहारको वातावरण सिर्जना हुन्छ,
- अति विपन्न वञ्चितीकरणमा परेका र अशक्तहरूलाई समान अवसरको उपभोग गर्ने अवस्था सिर्जना हुन्छ,
- विकास प्रक्रियालाई न्यायोचित बनाउन सकिन्छ,
- लोकतान्त्रिक प्रक्रियाको अवलम्बन हुन्छ,
- नागरिकलाई आफ्नो कर्तव्यप्रति जिम्मेवार बनाउन प्रेरित गर्छ,
- मानव अधिकारका मूल्य-मान्यता र सिद्धान्तलाई हरेक विकास कार्यक्रममा समावेश गरिन्छ,
- आदीवासी जनजाति, विपन्न, वञ्चितीकरणमा परेका तथा अल्पसङ्ख्यकको अधिकार प्रचलनको अवस्थामा सुधार आउँछ र
- अन्यायपूर्ण शक्ति सम्बन्धको अन्त्य भई शोषणमुक्त समाज निर्माणमा योगदान पुग्छ ।

६. **मानव अधिकारमुखी विकास पद्धतिमा ध्यान दिनुपर्ने विषयहरू के के हुन् ?**

- भेदभाव गर्न नहुने,

- सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता,
- जवाफदेहिता र
- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदाय, महिला, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रको नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य समेतको सशक्तीकरण।

**(ख) संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्यहरू**

१. **संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्यहरू भन्नाले केलाई बुझिन्छ ?**

गरिबी मानव अधिकारका बहुआयामिक उल्लङ्घनको प्रमुख कारण हो । यस विषयलाई संयुक्त राष्ट्रसङ्घले दृष्टिगत गरी सन् २०३० सम्म संसारबाट गरिबी निवारणसहित मानव विकासको प्रवर्द्धन गर्ने उद्देश्यले दिगो विकासका लागि सत्रवटा लक्ष्यहरू निर्धारण गरेको छ। संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका ती सत्रवटा लक्ष्यहरूलाई नै संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्य भनी बुझिन्छ। यसलाई एक साहसिक र विश्वव्यापी सम्झौताको रुपमा पनि बुझिन्छ। यसले सन् २०३० सम्म सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र भावी सन्ततिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित र शान्त विश्व निर्माण गर्ने परिकल्पना गरेको छ।

२. **संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य कहिलेदेखि लागु भएको हो ?**

संयुक्त राष्ट्रसङ्घका सबै १९३ सदस्य राष्ट्रहरूको सन् २०१५ को सेप्टेम्बरमा भएको ऐतिहासिक शिखर सम्मेलनबाट पारित संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्य जनवरी १, २०१६ देखि लागु भएको हो।

३. **दिगो विकास लक्ष्य र मानव अधिकारको के कस्तो अन्तरसम्बन्ध रहेको देखिन्छ ?**

संयुक्त राष्ट्रसंघले सन् २०१५ सेप्टेम्वरमा जारी गरेको दिगो विकासको लागि एजेण्डा २०३० अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा आधारित रहेको र यसमा उल्लेखित दिगो विकास लक्ष्यहरूले सबैको सबै मानव अधिकारको प्रत्याभूतिको ध्येय राखेको छ। सत्रवटा दिगो विकासका लक्ष्यहरू र यसका १६९ सहायक लक्ष्यहरूले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू तथा कसैलाई पनि पछाडि नपार्ने प्रतिबद्धता तथा लैङ्गिक समानता प्राप्त गर्ने विषय जसले मानव अधिकारको समानता तथा अविभेदको सिद्धान्तलाई ठोस अर्थ दिन योगदान पुऱ्याउने ध्येय राखेको छ। दिगो विकासको लागि एजेण्डा २०३० को कार्यान्वयन अन्तर्राष्ट्रिय कानुन कार्यान्वयन गर्ने राज्यको दायित्वसँग मेल खाने गरी हुनुपर्छ। यस अन्तर्गत राज्यहरूको विना भेदभाव आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व पूरा गर्नु पर्दछ।

४. **दिगो विकासको लक्ष्यहरू अन्तर्गत कुन कुन मानव अधिकारहरू पर्दछन् ?**

दिगो विकासको लक्ष्यहरू अन्तर्गत देहायका मानव अधिकारहरू पर्दछन्

**लक्ष्य १ सबै ठाँउबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने**

- पर्याप्त जीवनस्तरको अधिकार
- सामाजिक सुरक्षाको अधिकार
- आर्थिक जीवनमा महिलाको समान अधिकार।

**लक्ष्य २ भोकमरीको अन्त्य गर्ने, खाध्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने**

- पर्याप्त खाद्यको अधिकार
- अन्तर्राष्ट्रिय सहायता जसमा विश्व खाद्य निर्यातमा समतामूलक वितरणको सुनिश्चितता समेतको अधिकार ।

**लक्ष्य ३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गर्दै सम्बृद्ध जीवन प्रवर्धन गर्ने**

- जीवनको अधिकार
- स्वास्थ्यको अधिकार
- आमा र शिशुको विशेष संरक्षणको अधिकार
- अन्तर्राष्ट्रिय सहयोग।

**लक्ष्य ४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने**

- शिक्षाको अधिकार
- शिक्षाका क्षेत्रमा महिला तथा किशोरीहरूको समान अधिकार
- काम गर्न पाउने अधिकार, प्राविधिक तथा व्यावसायिक तालिम समेतको अधिकार।

**अन्तर्राष्ट्रिय सहयोग**

**लक्ष्य ५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने**

- महिला विरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्ने
- आर्थिक तथा सामाजिक जीवन
- पारिवारिक सम्बन्ध
- बच्चाको संख्या र जन्मान्तर निर्धारण गर्ने अधिकार
- आमा र बालवालिकाको विशेष संरक्षण
- महिला तथा किशोरी विरुद्ध हुने हिंसा उन्मूलन गर्ने
- कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने अधिकार।

**लक्ष्य ६ सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने**

- शुद्ध पिउने पानी तथा सरसफाइको अधिकार
- स्वास्थ्यको अधिकार
- पीउने पानी तथा सरसफाइमा ग्रामिण महिलाहरूको समान पहुँच।

**लक्ष्य ७ सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने,**

- पर्याप्त जीवनस्तरको अधिकार
- वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने अधिकार ।

**लक्ष्य ८ भरपर्दो, समावेशी र दिगो आर्थिक बृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने**

- कामको, रोजगारीको, कामका उपयुक्त र अनुकूल अवस्थाहरूको अधिकार,
- दास वा बाँधा बनाई राख्ने र मानब बेचबिखनमा निषेध,
- रोजगारीको क्षेत्रमा महिलाको समान अधिकारहरू,
- बाल श्रम निषेध ।

**लक्ष्य ९ उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औधोगीकरणको प्रवर्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने**

- आर्थिक विकास र मानव सम्बृद्धिमा टेवा दिनका लागि सबैले उपभोग गर्न सक्ने खालको समतामुलक पहुँच सहितको गुणस्तरीय, विश्वसनीय, दिगो तथा उत्थानशील पुर्वाधारको निर्माणको अधिकार
- आर्थिक, प्रविधि तथा प्राविधिक सहायतामा बढवाको माध्यमबाट विकासशील देशहरूमा दिगो तथा उत्थानशील पुर्वाधारको विकास गर्ने ।

**लक्ष्य १० मुलुक भित्र तथा मुलुकहरूवीचको असमानता हटाउने**

- समानता र अविभेदको अधिकार
- सार्वजनिक क्रियाकलापहरूमा सहभागिताको अधिकार
- सामाजिक सुरक्षाको अधिकार ।

**लक्ष्य ११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने**

- पर्याप्त आवासको अधिकार जमीन तथा स्रोत समेतको अधिकार
- विशेषगरी अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ग्रामीण महिलाहरूको यातायात, अन्य सुबिधा तथा सेवामा पहुँचको अधिकार
- प्राकृतिक प्रकोपबाट संरक्षणको अधिकार।

**लक्ष्य १२ दिगो उपभोग तथा उत्पादन**

- स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरण अधिकार समेत
- पर्याप्त खाध्य तथा सुरक्षित पीउने पानीको अधिकार
- आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार।

**लक्ष्य १३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने**

- स्वास्थ्यको अधिकार, सुरक्षित, स्वस्थ्य, स्वच्छ तथा दिगो वातावरणीय अधिकार समेत
- पर्याप्त खाना तथा सुरक्षित पीउने पानीको अधिकार
- आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न पाउने अधिकार।

**लक्ष्य १५ स्थलीय पर्यावरणको संरक्षण, पुनर्थापना र दिगो व्यवस्थापन गर्ने, मरुभुमीकरण र भुक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने**

- स्थलीय र जलचर पारिस्थितिकीय प्रणाली र त्यसका सेवाहरू, खासगरी जंगल, सिमसार, हिमाल तथा सुख्खा भूमिको सुरक्षा, पुनःस्थापना तथा दिगो प्रयोगको अधिकार
- मरुभूमिकरणविरुद्ध लड्ने र खडेरी तथा वाढीप्रभावित भूमिलगायत अन्य भूमि तथा माटोमा आएको ह्रासलाई सुधार गरी पहिलेकै अवस्थामा पुर्याउने र भूमिह्रास तटस्थ गर्दै प्रकोप व्यवस्थापन।

**लक्ष्य १६ दिगो विकासको लागि शान्तिपुर्ण र समावेशी समाजको प्रर्वधन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने**

- व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार (यातनाबाट मुक्ति समेत)
- सबै प्रकारका हिंसा, दुर्व्यवहार तथा शोषण (बेचबिखन समेत) बाट बालबालिकाको संरक्षण
- न्यायमा पहुँच तथा कानुनी प्रक्रियाको *(due process)* अधिकार
- कानुनी व्यक्तिको हैसियतको अधिकार
- सार्वजनिक क्रियाकलापमा भाग लिन पाउने अधिकार
- सूचनामा पहुँचको अधिकार ।

**लक्ष्य १७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सदृढ गर्ने**

- सम्पूर्ण जनताको आत्मनिर्णयको अधिकार
- सबै जनताको विकासको अधिकार र अन्तर्राष्ट्रिय सहायता
- वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने हरेक व्यक्तिको (वैज्ञानिक क्षेत्रमा अन्तर्राष्ट्रिय सहायता प्राप्ति समेत) अधिकार
- गोपनीयताको अधिकार ।

५. **दिगो विकास लक्ष्य प्राप्तिमा राष्ट्रिय मानव अधिकार संस्थाहरूको भूमिका के कस्तो रहेको छ ?**

मेरिडा घोषणापत्रले २०३० एजेण्डाको कार्यान्वयन तथा मानव अधिकारको प्रत्याभूतिका लागि राष्ट्रिय मानव अधिकार संस्थाहरूले संयुक्त राष्ट्रसंघीय पेरिस सिद्धान्तमा रहेर तिनीहरूको उल्लेखनीय कार्यादेश तथा अधिकारको प्रयोग गर्दै के कसरी सहयोग गर्न सक्दछन् भन्ने कुराको रुपरेखा प्रस्तुत गरेको छः

- राष्ट्रिय/ प्रदेश/ स्थानीय सरकारलाई सुझाव दिन सक्ने,
- चेतना फैलाउने तथा छलफल र सहभागिताको प्रवर्धन गर्ने,
- कार्यान्वयनका लागि साझेदारको विकास तथा दिगो बनाउने कार्य गर्ने,

- राष्ट्रिय सूचकहरूको तय गर्ने,
- प्रगतिको अनुगमन तथा प्रतिवेदन पेश गर्ने,
- सरकारलाई जवाफदेही बनाउने,
- मानव अधिकारको उलंघनमा अनुसन्धान गर्ने,
- न्यायमा पँहुचको सुनिश्चितता गर्ने ।

६. **दिगो विकास उल्लेखित लक्ष्यका आधारभूत पाँच स्तम्भहरू के के हुन् ?**

दिगो विकासका उल्लिखित सत्र लक्ष्यहरूका पृथ्वी, मानव संवृद्धि शान्ति र समझदारी गरी पाँचवटा आधारभूत स्तम्भहरू तोकिदिएका छन् । जसले पृथ्वीमा रहेका प्राकृतिक स्रोत, साधन र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने, सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्दै मानव मर्यादा एवम् समानता कायम गर्ने, मानिसको संवृद्धिको लागि प्रकृतिसँग सामञ्जस्यता कायम गर्दै सम्मुन्नत जीवनको सुनिश्चितता गर्ने, शान्तिपूर्ण, न्यायसङ्गत र समावेशी समाजको निर्माण गर्ने र सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका एजेण्डाहरूको कार्यान्वयन गर्ने उल्लेख गरिएको छ ।

## (ग) व्यवसाय र मानव अधिकार

१. **व्यवसाय भनेको के हो ?**

एक वा एकभन्दा बढी व्यक्ति वा संस्थाहरूको संलग्नतामा आय आर्जन गर्ने वा मुनाफा कमाउने उद्देश्यले कुनै वस्तु वा सेवाको उत्पादन, निर्माण, किनबेच, आदान प्रदान वा आपूर्ति गर्ने गराउने पेशा, व्यापार वा व्यावसायिक कार्यलाई नै व्यवसाय भन्ने सम्झनु पर्छ । यसलाई उद्योग, व्यापार र वाणिज्यको समष्टिगत स्वरुप भनेर पनि बुझ्ने गरिन्छ । यस अन्तर्गत व्यवसायको सञ्चालक एवम् मालिक, सञ्चालनमा दैनिक रुपमा योगदान दिने कर्मचारी वा कामदार र व्यवसायको सेवा वा वस्तु (सामान) उपभोग गर्ने उपभोक्ताहरूको प्रत्यक्ष वा परोक्षरुपमा संलग्नता रहन्छ ।

२. **व्यवसाय र मानव अधिकारको अवधारणा कसरी र किन आयो ?**

सामाजिक संरचनाको परिधिभित्र रही कार्य गर्ने हरेक व्यवसायीको काम कारवाहीको सकारात्मक वा नकारात्मक प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा

समाजमा पर्ने गर्दछ। यसै सन्दर्भमा समाजमा रही, समाजमा अवस्थित स्रोत साधनको प्रयोग, त्यहाँ बसोबास गर्ने व्यक्तिहरूको योगदानबाट फाईदा लिई सञ्चालित हुने व्यापार व्यवसायहरू सामाजिक हितप्रति उत्तरदायी हुनुपर्छ भन्ने अवधारणा अन्तर्गत संस्थागत सामाजिक दायित्व (corporate social responsibility) को विकास भएको थियो। यद्यपि यस दायित्वको पूर्ति बाध्यकारी नभएको हुँदा प्रायजसो व्यवसायीहरू पन्छिने प्रवृति सृजना भएको तथा पछिल्लो समयमा ठूला लगानीमा केन्द्रित व्यवसायहरूको विकास भएसँगै यसको गम्भीर असर पनि प्रत्यक्ष रुपमा मानव अधिकारको विषयमा पर्न थालेको परिप्रेक्षमा व्यवसायीहरूलाई व्यक्तिको मानव अधिकारप्रति दायित्वबोध गराउँदै संवेदनशील, उत्तरदायी एवम् जवाफदेही बनाउन *"व्यवसाय र मानव अधिकार"* अवधारणाको विकास भएको हो।

३. **व्यवसायले कसरी मानव अधिकारलाई असर गर्दछ ?**

व्यवसाय र सोसँग जोडिएर आउने व्यक्तिगत (जीवन, मर्यादा, स्वतन्त्रता, समानता, सुरक्षा) सामाजिक, सांस्कृतिक, आर्थिक, वातावरणीय लगायतका आयामहरूको बेवास्ताले मानव अधिकारमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पार्दछ। यसमा विशेषत व्यवसायीहरूले कामदारहरूको लागि कार्यस्थलमा सुरक्षित वातावरण सृजना नगर्ने, सो को परिणामस्वरुप कामदारको ज्यान जोखिममा पर्ने, कामदारको सामाजिक सूरक्षाको विषयलाई बेवास्ता गर्ने, गैरकानूनी रुपमा बालबालिकालाई जोखिमयुक्त कार्यमा लगाउने, व्यवसाय सञ्चालनबाट परेको वातावरणीय प्रभावबाट व्यक्तिको स्वास्थ्य र जीवनमा पर्ने असरको अवमूल्यन गर्ने, आदिवासी जनजातिको परम्परागत स्रोतको प्रयोगको अधिकारमा हस्तक्षेप, उपभोक्ताको अधिकारलाई बेवास्ता तथा हानीकारक वस्तु उत्पादन, सेवाको न्यूनगुणस्तर जस्ता कामकारवाहीहरू पर्दछन्। यस्ता कार्यको नकारात्मक असरहरू देहायका मानव अधिकारका विषयमा गभ्मीर रुपमा पर्दछन्ः

- बाँच्नको लागि आवश्यक पर्याप्त जीवनस्तरको अधिकार
- न्यायोचित र अनुकूल कार्य अवस्था
- पानी र स्वच्छता सम्बन्धी अधिकार
- शिक्षाको अधिकार
- सूचनामा पहुँचको अधिकार

- भेदभाव विरुद्धको अधिकार
- विकासको अधिकार
- श्रमिकको र आदिवासी जनजातिको अधिकार

४. **व्यवसाय र मानव अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय फ्रेमवर्क भन्नाले के बुझिन्छ ?**

अमर्यादित व्यावसायिक क्रियाकलापबाट मानव अधिकारमा पर्ने नकारात्मक असरलाई सम्बोधन गर्न तथा यसबाट प्रभावित व्यक्तिको मानव अधिकारलाई सम्मान, संरक्षण गर्दै उपचार सहितको विकल्प प्रदान गर्ने उद्देश्यका साथ सन् २००८ मा संयुक्त राष्ट्र संघको महासचिवको विशेष प्रतिनिधि, जोन रुग्गीले (special representative of the UN secretary general) विकास गरेको अवधारणालाई व्यवसाय र मानव अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय फ्रेमवर्क भनिन्छ । विशेष गरी व्यवसायलाई घरेलु श्रम कानून र वातावरणीय कानूनपालनकर्ताको परिधिभित्र ल्याउन यस फ्रेमवर्कको परिपल्पना गरिएको थियो । यद्यपि यस फ्रेमवर्कले कानूनी बाध्यता (legal obligation) भन्दा पनि मानव अधिकारसँग सम्बन्धित कानूनी कर्तव्य (legal duty) लाई सृजना गर्दछ ।

५. **व्यवसाय र मानव अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय सिद्धान्त, २०११ भनेको के हो ?**

सन् २००८ मा जोन रुग्गीले विकास गरेको व्यवसाय र मानव अधिकारसँग सम्बन्धित फ्रेमवर्कलाई सन् २०११ मा संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषदले मार्गनिर्देशक सिद्धान्तको रुपमा सर्वसम्मतिले स्वीकारेको सिद्धान्त नै व्यवसाय र मानव अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय सिद्धान्त हो । यसका मुख्य तीन खम्बा छन् (three pillars of UN guiding principles on BHR) जसअन्तर्गत निम्न विषयहरू समाविष्ट भएका छन्ः

- मानव अधिकार संरक्षण गर्ने राज्यको कर्तव्य (state duty to protect)
- मानव अधिकार सम्मान गर्ने व्यावसायिक क्षेत्रको जिम्मेवारी (corporate responsibility to respect)
- उपचारमा पहुँच न्यायिक तथा गैरन्यायिक (access to remedy) ।

६. **व्यवसाय र मानव अधिकारसँग सम्बन्धित संयुक्त राष्ट्र संघीय फ्रेमवर्कमा समावेश मानव अधिकारप्रति प्रयत्नशीलता** (human rights due diligence) **को सिद्धान्तले के अवधारणालाई प्राथमिकतामा राख्दछ ?**

व्यवसायले मानव अधिकारमा पार्ने सम्भावित र वास्तविक प्रतिकूल असरलाई सक्रियताका साथ व्यवस्थापन गर्नुपर्ने अवधारणालाई मानव अधिकारप्रति प्रयत्नशीलताको सिद्धान्तले प्राथमिकतामा राख्दछ । यसलाई पूर्ति गर्नको लागि कम्पनीहरूले निम्न कदमहरू चाल्नुपर्ने भनी उल्लेख भएको पाइन्छ ः

- मानव अधिकारमा पर्न सक्ने सम्भावित र वास्तविक प्रतिकूल असरलाई पहिचान गर्ने ।
- प्रासंगिक कम्पनी प्रकृयाहरूभन्दा बाहिर हुने प्रभाव मूल्यांकनबाट पत्ता लागेको तथ्यहरूलाई एकीकृत गरी आवश्यक कार्य गर्ने । (action oriented work)
- कार्य र उपायहरूको प्रभावकारिता पत्ता लगाउने ।
- प्रभावलाई कसरी सम्बोधन गरिने भन्ने सम्बन्धमा सूचना प्रदान गर्ने तथा पर्याप्त नीति र प्रकृयाबारे सरोकारवालाई जानकारी दिने ।

७. **व्यवसाय र मानव अधिकारको विषयमा सक्रिय अन्तर्राष्ट्रिय निकायहरू तथा सो सम्बन्धमा भएका थालनीहरू के कस्ता छन् ?**

(क) सन् २०११ मा मानव अधिकार परिषदले व्यवसाय र मानव अधिकारसँग सम्बन्धित पाँच विशेषज्ञ रहने गरी संयुक्त राष्ट्र संघीय कार्य समूह (UN Working Group on BHR) गठन गरेको थियो । मूलत व्यवसाय र मानव अधिकारसँग सम्बन्धित मुद्दा एवम् यससँग सम्बन्धित मार्गनिर्देशक सिद्धान्तको कार्यान्वयन अवस्थामा रहेका चलन र चूनौतीहरूमा सम्वाद, सहकार्य गर्ने तथा आवश्यकता अनुसार गन्तव्य मुलुक भ्रमण गर्ने लगायतको कार्यादेश यस कार्यसमूहले प्राप्त गरेको थियो ।

(ख) संयुक्त राष्ट्र संघीय मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालय (UN Office of the High Commissioner for Human Rights) ले मानव अधिकार संरक्षणको दायित्व पूरा गर्नमा सरकारलाई मदत

गर्दछ र अहिलेको मानव अधिकार चुनौतीहरूको पहिचान गरी प्रतिक्रियाको विकास गर्न मन्च प्रदान गर्दछ ।

(ग) संयुक्त राष्ट्र संघीय अन्तर्राष्ट्रिय सहमति (UN Global Compact): यस सहमतिले मानव अधिकारको विश्वव्यापी सिद्धान्त, श्रम तथा वातावरणको विषयमा कम्पनीहरूको रणनीति र कार्यहरूमा समन्वय सुनिश्चित गर्न भूमिका निर्वाह गर्दछ ।

(घ) अन्तर्राष्ट्रिय वित्त कर्पोरेसन (International Finance Corporation): स्वीकार्य वातावरणीय तथा सामाजिक परिणाम उन्मुख प्रोजेक्टको सुनिश्चितताको लागि वित्तकर्ताहरूको दायित्व सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड तय गर्ने निकायको रुपमा यस कर्पोरेसनले कार्य गर्दछ ।

(ङ) अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization): न्यायोचित र सभ्य श्रमलाई प्रोत्साहन गर्ने कार्यादेश बोकको यस निकाय अन्तर्गत अविभेद, समान श्रमको लागि समान पारिश्रमिक, जबरजस्ती एवम् बाल श्रमको निषेध लगायतको विषय समेट्ने आठ मुख्य महासन्धी रहेको छ । उक्त सन्धिहरूको कार्यान्वयनमा व्यवसाय र मानव अधिकारको मूल सार रहने हुँदा अन्तर्राष्ट्रिय श्रम संगठनको विषेश भूमिका रहन्छ ।

(च) राष्ट्रिय मानव अधिकार संस्थाहरू सम्बन्धी विश्वव्यापी गठबन्धन (Global Alliance on National Human Rights Institutions - GANHRI): राष्ट्रिय मानव अधिकार संस्थाको विश्वयापी नेटवर्कको रुपमा रहेको यस निकायको मानव अधिकार संरक्षण, प्रर्वद्धन र अनुगमनमा विषेश भूमिका रहन्छ ।

(छ) राष्ट्रिय मानव अधिकार संस्थाहरूको क्षेत्रीय नेटवर्कहरूले (Regional Networks of NHRIs) पनि राष्ट्रिय मानव अधिकार संस्थाहरूको गठन, सुदृढीकरण र विकासको लागि अहम भूमिका निर्वाह गरी मानव अधिकार संरक्षणको दायरालाई फराकिलो पार्न मद्दत पुर्याउँदछन् । यस्ता क्षेत्रीय नेटवर्कहरू चारवटा छन् ।

८. **व्यवसायलाई मानव अधिकारप्रति संवेदनशील र जवाफदेही बनाउन राष्ट्रिय मानव अधिकार संस्थाको भूमिका के रहन्छ ?**

पेरिस सिद्धान्तको जगमा स्थापना भएका राष्ट्रिय मानव अधिकार संस्थाको मानव अधिकार संरक्षण र प्रवर्द्धनमा मुख्य भूमिका रहन्छ । उक्त भूमिका निर्वाह गर्ने सन्दर्भमा मानव अधिकार उल्लङ्घन सम्बन्धी उजुरी लिने, मानव अधिकार प्रवर्द्धनको लागि वकालत र सम्वाद गर्ने, साझेदारी गर्ने, अनुगमन, अनुसन्धान गरी आवश्यक कारवाही र क्षतिपूर्तिको लागि सिफारिस गर्ने, नीतिगत सुधारको लागि पहल गर्ने लगायतका कार्यहरू पर्दछन् ।

९. **व्यवसाय र मानव अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म भएका पहलहरू के–के हुन् ?**

व्यवसाय र मानव अधिकार सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगबाट हालसम्म निम्न विषयगत पहलहरू भएका छन् :

(क) **वकालत ⁄ सम्वाद:**

- सबै आप्रवासी कामदारहरू र निजहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तराष्ट्रिय महासन्धिलाई अनुमोदन गर्न सरकारलाई सिफारिस ।
- मानव अधिकार रक्षक, नागरिक समाज, Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI), होटेल संघ, वैदेशिक रोजगार तथा व्यवसाय र मानव अधिकार सम्बन्धी अधिकारीहरूसँग सम्वाद ।
- व्यवसाय र मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यसमूहसँग सम्वाद ।

(ख) **साझेदारी:**

- दक्षिण कोरिया, कतार र मलेशियाको राष्ट्रिय मानव अधिकार सस्थासँग सहमतिपत्र (memorandum of understanding) गरेको ।
- नागरिक समाजसँगको सहकार्यमा आप्रवासी कामदार, बौद्धिक सम्पत्ति सम्बन्धमा संयुक्त जनचेतना फैलाउने कार्य एवं अनुगमन गरेको ।

- व्यावसायिक क्षेत्रबाट बौद्धिक सम्पत्तिको अधिकारमा परेका असर सम्बन्धमा अनुगमन गरी प्रतिवेदन प्रकाशन गरेको ।
- आप्रवासी कामदारहरूको अधिकारको सम्बन्धमा सन् २०१२ र २०१८ मा राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौँमा आयोजना गरेको ।

(ग) **अनुगमन र अनुसन्धानः**

- विराटनगरमा सञ्चालित कुखुरा व्यवसायबाट झिँगाको भएको वृद्धि भएकाले स्थानीयवासीन्दाहरुको स्वास्थ्यमा पारेको प्रभाव सम्बन्धमा अनुगमनर सिफारिस ।
- विराटनगरको एक व्यावसायिक घरमा सुरक्षा गार्डको रुपमा कार्यरत व्यक्तिको दुर्घटना भएको विषयमा अनुगमन र क्षतिपूर्तिको सिफारिस ।
- धादिङ्ग जिल्लामा सडक विस्तारको क्रममा सरस्वती कुमालको हत्या भएको मुद्दामा अनुसन्धान र क्षतिपूर्ति ।
- जनकपुरको थोकविक्रेताहरू (whole-sellers) ले औषधिको कार्टेलिङ्ग गरेको विषयमा अनुगमन र निराकरण ।
- सन् २०१५/१६ मा भारतले छ महिनाको लागि नेपालमा लगाएको अघोषित आर्थिक नाकाबन्दीको समयमा देशको मानव अधिकार अवस्था सम्बन्धमा आयोगले स्वेतपत्र (white paper) जारी गरेको ।
- बैकिङ्ग क्षेत्रमा गरिने व्यवस्थालाई लैङ्गिक समानता तथा समावेशीकरणको परिप्रेक्ष्यबाट अनुगमन गरेको ।
- उपभोक्ता, श्रमिक, आप्रवासी कामदार, नेपालमा आइ.एल.ओ. १६९ को अवस्था सम्बन्धमा अनुगमन ।
- कोभिड-१९ महामारीमा पत्रकारहरूको रोजगारको विषय र ठूला मिडिया हाउसको भूमिका सम्बन्धमा अनुगमन ।
- प्रेस विज्ञप्तिहरू मार्फत समय समयमा ध्यानाकर्षण गराएको ।

(घ) **मध्यस्तताः**

- २२० के.भी खिम्ती ट्रान्स्मिसन लाईनको नेपाल सरकार, नेपाल

विद्युत प्राधिकरण र आदिवासी जनजाति संघर्ष समूहबीचको मुद्दामा मध्यस्तकर्ताको भूमिका निर्वाह गरेको ।

- विभिन्न प्रादेशिक तहमा निजि बोर्डिङ्ग विद्यालय र शिक्षक संघबीचको विवादमा मध्यस्तकर्ताको भूमिका निर्वाह ।

(ङ) **योजना तथा नीतिगत सुधारः**

- बर्दिया, ढोरपाटन, चितवन राष्ट्रिय निकुञ्जहरूमा रहेको संरक्षित क्षेत्रमा (buffer zone) बस्ने स्थानीय बासिन्दाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, जीवनको अधिकार संरक्षण गर्न सरकारलाई सिफारिस गरेको ।
- सडक विस्तार एवम् फास्ट ट्र्याक सडक निमार्ण गर्दा वैकल्पिक समाधान प्रदान नगरी स्थानीय बासिन्दालाई विस्थापन नगर्न सरकारलाई सिफारिस गरेको ।
- सन् २०११ मा उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका लागू गरिएको ।
- पाचौँ राष्ट्रिय मानव अधिकार कार्ययोजनामा व्यवसाय र मानव अधिकारको विषय समावेश गर्न सिफारिस गरेको ।
- आयोगको रणनीतिक योजना र वार्षिक कार्यक्रममा व्यवसाय र मानव अधिकारलाई समावेश गरिएको ।

(च) **व्यवसाय र मानव अधिकार सम्बन्धमा आयोगबाट निम्न प्रतिवेदनहरू प्रकाशन भएकोः**

- आप्रवासी कामदारको मानव अधिकार सम्बन्धमा खोज प्रतिवेदन तथा अनुगमन ।
- आई.एल.ओ. १६९ र मानव अधिकार विषयक अवस्था प्रतिवेदन ।
- वातावरण र मानव अधिकार सम्बन्धमा अनुगमन प्रतिवेदन ।
- विश्वव्यापी आवधिक समीक्षाको प्रतिवेदन ।

१०. **नेपालमा व्यवसाय र मानव अधिकारको विषयमा हालसम्म के कस्ता विकासहरू भएका छन् ?**

(क) मानव अधिकारलाई थप जोड दिदै सन् १९९३ मा भएको भियाना

कन्फरेन्सले अपनाएको Vienna Declaration and Plan of Action मा नेपालले हस्ताक्षर गरेको ।

(ख) नेपाल सरकारले पाचौँ राष्ट्रिय मानव अधिकार कार्ययोजनामा व्यवसाय र मानव अधिकारको विषयलाई समेटेको जसमा मानव अधिकार सम्बन्धमा १७ विषयहरू समावेश भएको । यस सम्बन्धमा संघीय, प्रादेशिक, जिल्लास्तरीय र स्थानीय तहमा गरी ४ तहमा गठित समन्वय समिति गठन भएको । संघीय समन्वय समितिमा आयोगको सचिव पदेन सदस्य रहेको ।

(ग) नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनामा व्यवसाय र मानव अधिकारका निम्न विषयहरू समेटिएका छन् :

- श्रमको सम्मान, कार्य गर्ने वातावरणमा सुधार
- नयाँ रोजगार क्षेत्र, सीप र उद्यमशीलताको विकास
- व्यवसाय र मानव अधिकार सम्बन्धी निर्देशिका र सिद्धान्तहरूको पालना गर्न प्रोत्साहन
- वैदेशिक श्रम आप्रवासन र युवा रोजगारी
- समाहित सामाजिक सुरक्षा योजना
- अनौपचारिक क्षेत्रमा श्रमिकहरूको सामाजिक सुरक्षा
- शिक्षा, स्वास्थ्य, वासस्थान, खाद्य, उपभोक्तको अधिकार
- वातावरणीय तथा सामाजिक न्याय

(घ) विश्वयापी आवधिक समीक्षाको कूल तीन चक्रमा (सन् २०११, २०१५ र २०२०) निम्न विषयगत सिफारिसहरू नेपाललाई प्राप्त भएको:

- समान श्रमको लागि समान पारिश्रमिक
- वैदेशिक श्रम प्रवास
- बाल श्रम, कार्यस्थलमा महिलाको सुरक्षा
- लैङ्गिक रुपमा संवेदनशील र उत्तरदायी
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण
- क्षतिपूर्ति, दण्डहीनता
- व्यवसाय र मानव अधिकारको सवालमा कर्पोरेटको दायित्व

११. **व्यवसाय र मानव अधिकारको सम्बन्धमा देखा परेका चुनौतीहरू के के छन् ?**

व्यवसाय र मानव अधिकारको विषयलाई सम्बोधन गर्ने सिलसिलामा निम्न समस्या एवम् चुनौतीहरू रहेका छन्ः

- व्यवसाय र मानव अधिकारसँग समर्पित सरकारी कार्ययोजनाको अभाव ।
- व्यवसाय र मानव अधिकारको विषयमा व्यावसायिक क्षेत्रको बुझाइको स्तर ।
- समन्वयमा कमी ।
- नीतिको अभाव र कार्यान्वयनमा समस्या ।
- मानव अधिकारको संरक्षण, सम्मान र उपचार सम्बन्धमा संयुक्त राष्ट्र संघीय फ्रेमवर्कमा बुझाइको कमी ।

१२. **व्यवसाय र मानव अधिकारलाई सँगसँगै लैजाने सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको मूल प्राथमिकतामा पर्ने विषय के के हुन सक्छन् ?**

व्यावसायिक क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउने सन्र्दभमा आयोगको विशेष भूमिका रहन्छ जसलाई कार्यान्वयन गर्न आयोगको निम्नबमोजिमका कदमहरूको औचित्यता रहन्छः

- व्यावसायिक अनियमितताबाट मानव अधिकारमा परेको असरप्रति सरकारको निष्कृयता देखिएको सन्दर्भमा उजुरी ग्रहण गरी आवश्यक जाँच गर्ने ।
- व्यवसाय र मानव अधिकारको मुद्दामा अनुगमन र अनुसन्धान गर्ने ।
- व्यवसाय र मानव अधिकारको विषयमा निरन्तर सकृयता सुनिश्चित गर्न वार्षिक कार्ययोजना बनाई आवश्यकता अनुसार प्रतिक्रिया दिने ।
- आयोगको छैठौं राणनीतिक योजनामा मानव अधिकारमैत्री व्यवसायको विषयलाई प्राथमिकतामा राख्ने ।
- व्यावसायिक र सरकारी क्षेत्रमा जनचेतना अभिवृद्धि र वकालतमुखी कार्यक्रम सञ्चालनमा केन्द्रित रहने ।
- व्यवसाय र मानव अधिकारको विषयमा सकृय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्यमा काम गर्ने ।

- अन्य विषयगत मानव अधिकार आयोगसँगको सहकार्य र समन्वयलाई सुदृढीकरण गर्ने ।
- व्यवसाय र मानव अधिकार परिवर्तित समयको मागसँगै विस्तारित हुँदै जाने विषय भएको हुँदा सो सम्बन्धमा मानव अधिकारमुखी खोजकार्य अनुसन्धानलाई प्राथमिकतामा राख्ने ।
- मानव अधिकारको संरक्षण, सम्मान र उपचार सम्बन्धमा संयुक्त राष्ट्र संघीय फ्रेवर्कको वकालत गर्ने ।

**१३. आप्रवासन कामदारको सन्दर्भमा व्यवसाय र मानव अधिकारको विषयलाई सम्बोधन गर्न अन्तर्राष्ट्रियस्तरमा कस्तो संयन्त्र रहेको छ ?**

श्रम आप्रवासनमा उठेका समस्यालाई राष्ट्रिय संयन्त्रको परिधिभित्र मात्र सीमित राखी सम्बोधन गर्न जटिल एवम् चुनौतीपूर्ण हुन जान्छ । त्यसैले श्रम आप्रवासनमा उत्पन्न व्यवसाय र मानव अधिकार सम्बन्धी मुद्दाहरूको सम्बोधन गर्न अन्तर्राष्ट्रिय संयन्त्रको उत्तिकै महत्व रहन्छ। यस सर्न्दभमा आर्थिक सहकार्य र विकासको लागि सन् १९६१ मा स्थापित अन्तर्राष्ट्रिय संस्था (Organization for Economic Co-operation and Development, OECD) ले राष्ट्रिय  अनुभवहरू आदान प्रदान गरी साझा आर्थिक तथा सामाजिक समस्याको समाधान खोज्न विभिन्न देशका सरकारहरूलाई फोरम प्रदान गर्दछ। सन् २००१ मा नेपाल पनि यस संस्थाको सदस्य बनेको थियो। बहुराष्ट्रिय उद्यमहरूलाई मानव अधिकारको विषयमा जवाफदेही बनाउने उद्देश्यका साथ सन् २०११ मा यस संस्थाले निर्देशिका (OECD Guidelines) बनाएको थियो । विषेशगरी जिम्मेवार व्यवसाय सञ्चालनमा बहुराष्ट्रिय उद्यमहरूलाई निर्देशन गर्ने प्रयोजनार्थ सरकारहरूको सिफारिसको समष्टिगत रुप नै ओ.इ.सी.डी. निर्देशिका हो। यसले मानव अधिकार, श्रमिकहरूको अधिकार र वातावरणीय विषयमा जिम्मेवार व्यावसायिक क्रियाकलापको लागि मापदण्ड निर्धारण गर्दछ । गैरजिम्मेवार व्यावसायिक क्रियाकलापबाट नकारात्मक रुपमा प्रभावित व्यक्तिहरूको गुनासो लगायत कम्पनीबीचको गुनासोलाई सम्बोधन गर्ने प्रयोजनार्थ यस निर्देशिकाले विशिष्ट, सरकार समर्थित अन्तर्राष्ट्रिय गुनासो सुन्ने संयन्त्रको सृजना गरेको छ।  निर्देशिकाको पालना नगर्ने कम्पनीविरुद्ध उजुरी सुन्नको लागि प्रत्येक देशमा राष्ट्रिय सम्पर्क केन्द्र (National

Contact Points, NCPs) को स्थापना गरिनुपर्ने व्यवस्थ यस निर्देशिकामा छ । यसरी प्राप्त भएका उजुरीहरूको सम्बोधन मध्यस्थाता तथा अरु मेलमिलापको अभ्याससहरूमार्फत आपसी समझदारीमा गर्ने गरिन्छ ।

**(घ) जलवायु परिवर्तन र मानव अधिकार**

१. **जलवायु परिवर्तन भनेको के हो ?**

लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायु क्रमशः देखा पर्ने परिवर्तन हो ।

२. **जलवायु परिवर्तन व्यवस्थापन भन्नाले के बुझिन्छ ?**

जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य हो । सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ ।

३. **जलवायु परिवर्तन न्यूनीकरण भनेको के हो ?**

जलवायु परिवर्तन न्यूनीकरण भनेको हरितगृह ग्याँस जस्तैः कार्बन डाइअक्साइड, मिथेन आदि को उत्सर्जन घटाउने र जलवायु परिवर्तनका नकरात्मक प्रभावहरु कम गर्ने उपाय हो । यसको मुख्य उदेश्य पृथ्वीको तापमान वृद्धि घटाउने हो । जस्तैः स्वच्छ उर्जाको प्रयोग ।

४. **जलवायु परिवर्तन अनुकूलन भनेको के हो ?**

जलवायु परिवर्तन अनुकूलन भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य हो । अर्थात जलवायु परिवर्तनको प्रभावहरुसँग समायोजन हो । जस्तैः बाढीबाट जोगिन बाँध निर्माण ।

५. **UNFCCC भनेको के हो ?**

UNFCCC को पुरा रुप United Nations Framework Convention on Climate Change (संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन प्रारुप

महासन्धि) हो । सन् १९९२ मा ब्राजिलमा सम्पन्न पृथ्वी सम्मेलनमा स्वीकृत अन्तराष्ट्रिय सन्धि हो। सन् १९९४ देखि कार्यान्वयनमा छ। प्रत्येक वर्ष पक्ष राष्ट्र सम्मेलन हुदै आएको छ । जहाँ पक्ष राष्ट्रहरुले जलवायु परिवर्तनसम्बन्धी नीति र रणनीतिहरु तय गर्दछन् ।

६. **पेरिस सम्झौता भनेको के हो ?**

सन् २०१५ मा UNFCCC को २१ औ पक्ष राष्ट्र सम्मेलनले विश्वको औसत तापमान वृद्धिलाई २ डिग्री सेल्सियसभन्दा कम र सम्भव भए १.५ डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य भएको सम्झौता हो ।

७. **नेपालले जलवायु परिवर्तनसम्बन्धी के के प्रयास गरेको छ ?**

- जलवायु परिवर्तन नीति, २०७६
- वातावरण संरक्षण ऐन, २०७६
- जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन योजना (NAP) २०२१ (२०५०)
- राष्ट्रिय निर्धारित योगदान (NDC) ३।० २०२५(२०३५ आदि ।

८. **जलवायु परिवर्तन र मानव अधिकार विच के सम्बन्ध रहेको छ ?**

जलवायु परिवर्तनका प्रभाव विपन्न, महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, श्रमिक, अल्पसङ्ख्यक आदिलाई बढि पर्दछ । उनीहरु संकटासन्न हुन्छन् । पेरिस सम्झौताको प्रस्तावनामा नै यी विषय समावेश छ। उच्च कार्बन अर्थतन्त्रबाट न्यून कार्बन अर्थतन्त्र रुपान्तरण (Just Transition) का क्रममा यी समुदाय उच्च जोखिममा पर्न सक्दछ।

## (ङ) डिजिटल अधिकार र कृत्रिम बुद्धिमत्ता

१. **डिजिटल अधिकार भनेको के हो ?**

डिजिटल अधिकार भन्नाले इन्टरनेटको प्रयोग गर्दा प्राप्त हुने व्यक्तिको अधिकार र स्वतन्त्रतालाई जनाउँछ। यसले इन्टरनेट र डिजिटल प्रविधिको प्रयोग गर्दा मानिसले प्राप्त गर्न पाउने अधिकारहरू समेट्छ।

२. **डिजिटल अधिकार भित्र सामान्यतया कस्ता कस्ता अधिकारहरु पर्दछन् ?**

- इन्टरनेट पहुँचको अधिकारः सबैलाई इन्टरनेटमा पहुँच र यसको लाभ लिने अधिकार ।
- अभिव्यक्तिको स्वतन्त्रताः डिजिटल माध्यमबाट आफ्नो विचार र मत स्वतन्त्र रूपमा व्यक्त गर्ने अधिकार ।
- गोपनीयताको अधिकारः व्यक्तिको व्यक्तिगत डाटा र अ'नलाइन गतिविधिहरू गोपनीय रहनुपर्ने अधिकार ।
- जानकारी पाउने अधिकारः इन्टरनेटमा सूचना र ज्ञानको स्वतन्त्र रूपमा आदान प्रदान गर्ने अधिकार ।
- डिजिटल शिक्षा र साक्षरताको अधिकारः डिजिटल प्रविधिको ज्ञान र कौशल हासिल गर्ने अधिकार ।
- अपराधबाट सुरक्षाको अधिकारः साइबर अपराध, हैकिंग, डाटा चोरी आदिबाट सुरक्षा पाउने अधिकार ।

३. **डिजिटल अधिकार किन आवश्यक छ ?**

इन्टरनेट प्रयोग गर्दा हाम्रो व्यक्तिगत जानकारी सुरक्षित राख्न, विचार खुला रूपमा भन्न, र प्रविधिमा समान पहुँच सुनिश्चित गर्न डिजिटल अधिकारको आवश्यकता पर्दछ ।

४. **कृत्रिम बुद्धीमत्ता (AI) भन्नाले के बुझिन्छ ?**

कृत्रिम बुद्धिमत्ता (AI) भनेको मानिसको सोच्ने, बुझ्ने, निर्णय गर्ने क्षमता जस्तै काम कम्प्युटर वा मेसिनले गर्नु हो । AI ले समस्याको समाधान गर्न, भाषा अनुवाद गर्न, सिक्न, निर्णय लिन जस्ता कामहरु गर्न सक्छ । नयाँ विकसित प्रविधिहरूमा, अनुहार पहिचान (Facial Recognition), औंठाछाप र आँखाको स्क्यान (Biometrics), निर्णय लिन प्रयोग गरिने एल्गोरिदम (कुनै कामलाई चरणबद्ध तरिकाले गर्ने विधि वा नियम), भविष्यको अपराध अनुमान गर्ने प्रणाली , र इन्टरनेट अफ थिङ्स (IoT) आदी पर्दछन् । यी प्रविधिले सरकार, व्यापार र सामाजिक जीवनमा ठूलो परिवर्तन ल्याइरहेको छ ।

५. **मानव अधिकारसँग सम्बन्धित AI का मुख्य प्रविधिहरू ?**

- **अनुहार पहिचानः** अनुहार पहिचान भन्नाले कम्प्युटर प्रणाली वा स्मार्ट उपकरणहरूले अनुहारको आधारमा व्यक्तिलाई चिन्ने प्रक्रिया हो ।
- **जैविक पहिचानको निगरानीः** औंठाछाप, आँखाको आईरिस स्क्यान, वा आवाज चिन्न प्रयोग हुन्
- **पूर्वानुमानात्मक शासनप्रणालीः** कहाँ र कहिले अपराध हुन सक्छ भनेर अनुमान गर्न प्रयोग हुन्छ ।
- **डिजिटल प्लेटफर्महरूः** सामाजिक सञ्जालमा कुन सामग्री देखाउने भन्ने निर्णय एल्गोरिदमले कुनै कामलाई चरणबद्ध तरिकाले गर्छ ।

६. **विश्वभर AI र मानव अधिकारमा के समस्याहरू देखिएका छन् ?**

- **गोपनीयता (Privacy) मा खतराः** अनुहार पहिचान, निगरानी, र डाटा जम्मा गर्दा व्यक्तिगत गोपनीयता नभएको समस्या देखिएको छ ।
- **पूर्वाग्रही एल्गोरिदम (कुनै कामलाई चरणबद्ध तरिकाले गर्ने विधि वा नियम)ः** अल्पसंख्यक समुदायप्रति अन्याय हुन सक्ने समस्या छ ।
- **डिजिटल असमानताः** सबैको प्रविधिमा समान पहुँच नभएको समस्या देखिएको छ ।
- **गलत सूचना र साइबर आक्रमणः** सत्य सूचना पाउन गाह्रो हुनु र अभिव्यक्तिको स्वतन्त्रता घट्ने समस्या छ ।
- **सरकारी निगरानीः** असहमति रोक्न सरकारले प्रविधिको प्रयोग गर्न सक्छ ।

७. **डिजिटल अधिकारका कानुनी पक्षहरू के के हुन ?**

क. अन्तर्राष्ट्रिय कानुनी संरचना

- मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८, धारा १२ः गोपनीयताको अधिकार, धारा १९ः अभिव्यक्तिको स्वतन्त्रता, अनलाइन पनि लागू हने ।

- नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६, धारा १७ः गोपनीयता, डाटा संरक्षण, धारा १९ः अभिव्यक्तिको स्वतन्त्रता
- सामान्य टिप्पणी नं. १६, १७, ३४ (संयुक्त राष्ट्र सङ्घिय मानव अधिकार समिति) डिजिटल निगरानी र व्यक्तिको जानकारी बिना निगरानी मानव अधिकार उल्लंघन हो भनेर स्पष्ट पारेको छ ।

ख. राष्ट्रिय कानुनी संरचना ***(National Legal Framework – Nepal)***

- नेपालको संविधान, २०७२

अनुच्छेद २७ः सूचना प्राप्तिको अधिकार
अनुच्छेद २८ः गोपनीयताको अधिकार
अनुच्छेद १७ः अभिव्यक्ति स्वतन्त्रता (डिजिटल माध्यममा पनि लागू)

- Electronic Transactions Act, 2063 (ETA 2008):

(**च**) **मानव अधिकार रक्षक**

१. **मानव अधिकार रक्षक को हुन्** ?

मानव अधिकार रक्षक त्यस्तो व्यक्ति, समूह वा संस्था हुन्, जो एक्लै वा एक अर्कासँग मिलेर शान्तिपूर्ण तथा अहिंसात्मक माध्यमबाट अरुको मानव अधिकारको संरक्षण र संवर्धनको लागि कार्य गर्दछन्। जस्तै, राष्ट्रिय मानव अधिकार आयोगद्वारा जारी गरिएको “मानव अधिकार रक्षकहरूसम्बन्धी मार्गनिर्देशिका, २०६९“ मा “मानव अधिकार रक्षक“ भन्नाले व्यक्तिगत रूपमा, समूहमा वा संस्थागत रूपमा मानव अधिकारको संवर्धन, संरक्षण, सम्मान तथा पालना सम्बन्धी काममा संलग्न व्यक्ति सम्झनुपर्दछ। सो शब्दले पूर्णकालीन वा आंशिक रूपमा, वैतनिक वा अवैतनिक रूपमा उक्त काममा संलग्न व्यक्तिलाई समेत जनाउँदछ ।

२. **मानव अधिकार रक्षकले के कस्ता कार्यहरू गर्दछन्** ?

मानव अधिकार रक्षकहरूका कामहरू निम्न रहेका छनः

- मानव अधिकारका सिद्धान्त तथा मूल्यहरूको पालना गर्दै मानव अधिकार रक्षकहरूले मानव अधिकार शिक्षा, चेतना तथा मानव

अधिकार संस्कृतिको प्रचार-प्रसार गर्ने ।

- शिक्षाको अधिकार, स्वास्थ्य, आवास तथा भोजनको अधिकार, महिला, बालबालिका, जेष्ठ नागरिकका अधिकारहरू, जातीय समानता, यौनिक तथा लैंगिक अल्पसंख्यकका अधिकार, अपांगता भएका व्यक्तिहरूका अधिकार, सीमान्तकृत वर्ग, लोपोन्मुख जाति तथा अल्पसंख्यक समुदायका अधिकारहरूको संरक्षणका लागि वकालत गर्ने, त्यस्ता अधिकारहरू हनन भएमा न्यायका लागि सहयोग गर्ने ।
- मानव अधिकारको उल्लंघन भएमा पीडितलाई न्याय, पुनर्स्थापना, आपूर्ति तथा पीडकलाई कारवाहीका लागि सहयोग गर्ने ।
- मानव अधिकारको अवस्थाको बारेमा अनुगमन गर्ने, खबरदारी गर्ने, मानव अधिकार उल्लंघनका बिरुद्ध आवाज उठाउने, विचारहरू सार्वजनिक गर्ने, मानव अधिकार संरक्षणका लागि अभियानहरू सञ्चालन गर्ने ।

३. **मानव अधिकार रक्षकले इतिहासमा के कस्ता काम गरेका थिए ?**

सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी हुनुभन्दा पूर्व देखि नै नागरिकका अधिकारहरूको संरक्षण र सम्मान गर्न राज्यलाई उत्तरदायी बनाउन मानव अधिकार रक्षकहरूले अथक संघर्ष र निरन्तर अभियान सञ्चालन गरेका थिए । त्यस्ता प्रयास र कार्यहरू १९४८ को घोषणापत्र अनुमोदन पश्चात् संस्थागत हुन थाले । तथापि, मानव अधिकार रक्षकहरूले काम गरेकै आधारमा हिंसा, विभेद, यातना, तिरस्कार, जेलयात्रा खप्नुपर्ने कार्य भने रोकिन सकेन। अरूको अधिकारको लागि अनवरत रूपमा लागि परेका अभियान्ताहरूले आफ्नै जीवनमा जोखिम भोग्नु पर्ने अवस्था रहिरह्यो। त्यसैले त्यसको अन्त्यका लागि पनि दशकौंदेखि मानव अधिकारकर्मीहरूले निरन्तर रूपमा आवाज उठाइरहेका छन् । परिणामस्वरूप संयुक्त राष्ट्रसंघको महासभाद्वारा सन् १९९८ मा मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गरियो । सन् २००० मा मानव अधिकार रक्षकहरूको संरक्षण गर्ने संयन्त्रको निर्माण गरियो। मानव अधिकार उच्च आयुक्तको अनुरोधमा संयुक्त राष्ट्रसंघीय महासचिवद्वारा मानव अधिकार रक्षकसम्बन्धी

विशेष प्रतिनिधि नियुक्त गर्ने व्यवस्था भयो, जो अहिले संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकको रूपमा स्थापित छ।

४. **मानव अधिकार रक्षकहरूको पहिचान कसरी गर्न सकिन्छ ?**
मानव अधिकार रक्षक कुनै पद वा पेशा होइन, नत कुनै उपाधी नै हो। मानव अधिकार रक्षक हुनका लागि एक्लै वा समूहमा रहेर वा कुनै संस्थामा आवद्ध भएर मानव अधिकार संरक्षण तथा संवर्धनका कार्यमा क्रियाशील रहेको हुनुपर्दछ। मानव अधिकारको प्रचलनका लागि भूमिका निर्वाह गरेको आधारमा मानव अधिकार रक्षकको पहिचान गर्न सकिन्छ।

५. **मानव अधिकार रक्षक बन्न के कस्तो योग्यता चाहिन्छ ?**
मानव अधिकार रक्षक बन्न औपचारिक शिक्षा अनिवार्य छैन। निरक्षर व्यक्ति पनि मानव अधिकार रक्षक बन्न सक्छन्। तर मानव अधिकार रक्षक बनेको व्यक्तिले बहुमत र अल्पमत दुवै पक्षको अधिकारको लागि वकालत गर्ने, शान्तिपूर्ण कार्य गर्ने कुरालाई आत्मसात गरेर अगाडि बढ्न आवश्यक छ। यसैगरी कसैलाई हानी नपुर्‍याउने, सबैको लागि न्याय, विधिको शासन, निरपेक्षतामा विश्वास, समानता र अविभेदमा विश्वास जस्ता मानव अधिकारका सिद्धान्तमाथि पूर्ण कटिबद्ध हुनु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची–१

### नेपालको संविधानमा

### राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था

**धारा २४८. राष्ट्रिय मानव अधिकार आयोगः**

(१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ, जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(३) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ ।

(४) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन । तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।

(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :

(क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको विरुद्ध धारा १०१ बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा,

(ग) शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा र

(घ) निजको मृत्यु भएमा ।

(६) देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछः

(क) अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका प्रधान न्यायाधीश वा

सर्वोच्च अदालतको न्यायाधीशको पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा २० वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्याति प्राप्त गरेको,

(ख) सदस्यको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुऱ्याई ख्यातिप्राप्त गरेको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको,

(घ) पैँतालिस वर्ष उमेर पूरा गरेको,

(ङ) नियुक्ति हुँदाका बखत राजनीतिक दलको सदस्य नरहेको र

(च) उच्च नैतिक चरित्र भएको ।

(७) राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त सङ्घीय कानूनबमोजिम हुनेछ । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन । तर चरम आर्थिक विश्रृङ्खलताका कारण सङ्कटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागु हुने छैन ।

(८) राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन । तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानवीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

**धारा २४९. राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारः**

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहायबमोजिमका काम गर्नेछः

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीसमक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने

पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछः

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा बिना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा बिना-सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने र

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ ।

# अनुसूची–२

## मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

**प्रस्तावनाः–**

मानव परिवारका सबै सदस्यहरूमा अन्तर्निहित प्रतिष्ठा तथा सम्मान र अबिछिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकाले, मानव अधिकारहरूको अवहेलना र अनादरको परिणामस्वरूप मानव जातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरू भएका र मानव जातिले आस्था र वाक् स्वतन्त्रताको तथा भय र अभावबाट मुक्तिको उपभोग गर्न पाउने विश्वको सिर्जना सर्वसाधारण जनताको घोषित सर्वोच्च आकाङ्क्षा भएकोले,

अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय ठान्न मानिस बाध्य नहोस् भन्ने हो भने मानव अधिकारहरू कानूनी शासनद्वारा संरक्षित रहनु अति आवश्यक भएकाले, राष्ट्रहरूका बिच मैत्रीपूर्ण सम्बन्ध वृद्धि गर्न आवश्यक भएकोले,

संयुक्त राष्ट्र सङ्घका जनताहरूले मौलिक अधिकारहरूमा, व्यक्तिको मान तथा प्रतिष्ठामा र नर-नारीहरूको समान अधिकारहरूमा विश्वास प्रकट गरेको र बढी स्वतन्त्रतामा सामाजिक प्रगति एवम् बढी राम्रो जीवनस्तर सम्वर्द्धन गर्न सङ्कल्प गरेकाले,

सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको सहयोगमा मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मानको वृद्धि गर्ने एवम् परिपालन गर्ने प्रतिज्ञा गरेकाले,

र यो प्रतिज्ञा पूरा गर्न यी अधिकारहरू र स्वतन्त्रताहरूको समान समझदारी हुनु अत्यन्त ठूलो महत्वको कुरा भएकोले । महासभा मानव अधिकारहरूको यो विश्वव्यापी घोषणापत्रलाई सदस्य राष्ट्रहरू र ती राष्ट्रहरूका अधिकारमा रहेका प्रदेशका जनताहरूमा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्नको लागि प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणापत्रलाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील उपायहरूद्वारा यी अधिकार र स्वतन्त्रताहरूको शिक्षादीक्षाद्वारा यी अधिकारहरूप्रति श्रद्धा बढाउने

प्रयत्न गरुन् भनी सबै जनता र राष्ट्रको निमित्त एउटा साझा मापदण्डको रूपमा जारी गर्दछ।

धारा १ः सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र हुन्, ती सबैको समान प्रतिष्ठा र अधिकार छ। उनीहरू विवेक, शक्ति र अन्तःकरणले युक्त भएकाले र प्रत्येकले पारस्परमा भ्रातृत्वको भावना लिएर व्यवहार गर्नुपर्छ।

धारा २ः जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य मत, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरु कुनै मर्यादाको आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ। यसको अतिरिक्त चाहे कुनै देश स्वतन्त्र होस् वा संरक्षित, स्वशासनरहित वा सीमित प्रभुसत्ता भएको होस् त्यहाँका व्यक्तिहरूमा राजनीतिक, क्षेत्रिय वा अन्तर्राष्ट्रिय स्थितिको आधारमा भेदभाव गरिने छैन।

धारा ३ः प्रत्येक व्यक्तिलाई वैयक्तिक स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार हुनेछ।

धारा ४ः दास बनाई कसैलाई पनि राखिने छैन। दासत्व र दास/दासीको व्यापार पूर्णरूपमा निषेध गरिएको छ।

धारा ५ः कुनै व्यक्तिलाई पनि शारीरिक यातना दिइने छैन। क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।

धारा ६ः कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई सर्वत्र एक व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ।

धारा ७ः कानूनको दृष्टिमा सबै समान छन् र बिना-भेदभाव सबै कानूनको समान संरक्षणको अधिकारी हुनेछन्। सबै यस घोषणालाई उल्लङ्घन गरी गरिएको भेदभाव वा त्यस्तो भेदभाव गर्न गरिएको उक्साहटविरुद्ध समान संरक्षणको अधिकारी हुनेछन्।

धारा ८ः सबैलाई संविधान वा कानूनद्वारा दिइएको मौलिक अधिकारहरूको उल्लङ्घनविरुद्ध सक्षम राष्ट्रिय अदालतको प्रभावकारी उपचारको अधिकार हुनेछ।

धारा ९: कसैलाई पनि मनोमानी ढङ्गले देश निकाला वा गिरफ्तार वा नजरबन्द गरिने छैन।

धारा १०: कुनै व्यक्तिउपर लगाइएको फौजदारी अभियोगविरुद्ध निजको अधिकार र दायित्व निरोपण गर्दै स्वतन्त्र र न्यायपूर्ण अदालतबाट निष्पक्ष सुनुवाइको हक प्रत्येक व्यक्तिलाई समान रूपले हुनेछ।

धारा ११: (१) दण्डनीय अपराधको आरोप लागेको प्रत्येक व्यक्तिलाई बचाउको सबै आवश्यक प्रत्याभूति भएको खुला अदालतको कानून अनुसार अपराधी नठहराउञ्जेल निरपराध मानिने अधिकार हुनेछ।

(२) कुनै व्यक्तिले गरे वा नगरेको कुनै काम उक्त समयमा राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत अपराध मानिदैंन भने त्यस्तो कामको लागि कुनै पनि व्यक्ति दोषी ठहराइने छैन । कुनै पनि व्यक्तिलाई अपराध गर्दा उक्त समयमा दिन सकिने सजायभन्दा बढी सजाय दिइने छैन।

धारा १२: कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्र व्यवहारमा मनोमानी हस्तक्षेप गरिने छैन । कसैको सम्मान तथा प्रतिष्ठामा हस्तक्षेप गरिने छैन र त्यस्तो हस्तक्षेप वा प्रहारको विरुद्ध प्रत्येक व्यक्तिलाई कानूनी संरक्षणको अधिकार हुनेछ।

धारा १३: (१) प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सीमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई आफ्नो देश वा अरु कुनै देशबाट बाहिर निस्कने र आफ्नो देशमा फर्की आउने पूर्ण अधिकार छ।

धारा १४: (१) प्रत्येक व्यक्तिलाई उत्पीडनबाट उम्किन अरु देशमा शरण खोज्ने र लिने अधिकार छ।

(२) संयुक्त राष्ट्रसङ्घको उद्देश्य र सिद्धान्तको विपरीत कार्यहरू वा अराजनीतिक अपराधहरूको वास्तविक अभियोगको सम्बन्धमा यो अधिकार लागु नहुन सक्नेछ।

धारा १५: (१) प्रत्येक व्यक्तिलाई राष्ट्रियताको अधिकार छ।

(२) कसैलाई पनि मनोमानी ढङ्गले उसको राष्ट्रियताबाट वञ्चित

गरिने छैन, न त राष्ट्रियता परिवर्तन गर्ने अधिकारबाट वञ्चित गरिने छ।

धारा १६: (१) जाति, राष्ट्रियता वा धर्मको भेदभावबिना वयस्क स्त्री पुरुषहरूलाई आपसमा विवाह गर्ने र परिवार बसाउने अधिकार छ। विवाहको विषयमा वैवाहिक जीवनमा तथा विवाह सम्बन्ध विच्छेदमा तिनीहरूलाई समान अधिकार हुनेछ।
(२) विवाहको इच्छा राख्ने स्त्री पुरुषको पूर्ण र स्वतन्त्र सहमतिबाट मात्र विवाह हुनेछ।
(३) परिवार समाजको स्वाभाविक र मौलिक सामूहिक एकाई हो र यसलाई समाज र राज्यबाट संरक्षण पाउने अधिकार छ।

धारा १७: (१) प्रत्येक व्यक्तिलाई एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार हुनेछ।
(२) कसैलाई पनि मनोमानी ढङ्गले सम्पत्तिबाट वञ्चित गरिने छैन।

धारा १८: प्रत्येक व्यक्तिलाई विचार, अन्तःस्करण र धार्मिक स्वतन्त्रताको अधिकार हुनेछ । धर्म वा आस्था बदल्ने स्वतन्त्रता हुनेछ र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा सामूहिक रूपमा आफ्नो धर्म वा आस्थालाई शिक्षण, व्यवहार, पूजा र परिपालनद्वारा प्रकट गर्ने स्वतन्त्रतासमेत यसअन्तर्गत सम्मिलित छ।

धारा १९: प्रत्येक व्यक्तिलाई विचार, स्वतन्त्रता र अभिव्यक्तिको अधिकार छ। यस अधिकारमा विना कुनै हस्तक्षेप आफ्ना मतहरू बनाउने र बिना-रोकटोक कुनै पनि सञ्चारमाध्यमद्वारा सूचना प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार समावेश छ।

धारा २०: (१) प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण तरिकाले सभा गर्ने तथा संस्था खोल्ने अधिकार हुनेछ।
(२) कसैलाई कुनै संस्थाको सदस्य बन्न कर लगाइने छैन।

धारा २१: (१) प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष रूपले वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत् भाग लिने अधिकार हुनेछ।
(२) प्रत्येक व्यक्तिलाई उसको देशको सरकारी जागिरहरूमा समान प्रवेशाधिकारको हक हुनेछ।

(३) जनताको इच्छा सरकारको सत्ताको आधार हुनेछ र यस्तो इच्छा आम समान मतदानद्वारा समय समयमा गरिने निष्पक्ष चुनावमार्फत अभिव्यक्त गरिनेछ र त्यस्तो चुनाव गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रणालीद्वारा गरिनेछ।

धारा २२: समाजको सदस्यको हैसियतमा प्रत्येक व्यक्तिलाई सामाजिक सुरक्षाको अधिकार छ र प्रत्येक व्यक्तिलाई राष्ट्रिय प्रयत्न र अन्तर्राष्ट्रिय सहयोगमार्फत् तथा प्रत्येक राज्यको सङ्गठन र साधन अनुरूप उसको प्रतिष्ठा र व्यक्तित्वको स्वतन्त्र विकासका लागि अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू उपभोग गर्ने अधिकार छ।

धारा २३: (१) प्रत्येक व्यक्तिलाई काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने र काम गर्नको निमित्त उचित र अनुकूल परिस्थिति प्राप्त गर्ने र बेकारीबाट सुरक्षा पाउने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिले विनाभेदभाव समान कार्यको लागि समान पारिश्रमिक पाउने अधिकार हुनेछ।

(३) काम गर्ने प्रत्येक व्यक्ति र निजको परिवारको लागि मानवीय प्रतिष्ठाअनुरूप आफ्नो जीविकाको बन्दोबस्तको लागि उचित र अनुकूल पारिश्रमिक पाउने र आवश्यक भए सामाजिक संरक्षणद्वारा वा अन्य उपायद्वारा त्यसमा भरथेगको अधिकार हुनेछ।

(४) प्रत्येक व्यक्तिलाई उसको हितको रक्षाको निमित्त ट्रेड युनियन स्थापना गर्ने र त्यसमा सम्मिलित हुने अधिकार हुनेछ।

धरा २४: प्रत्येक व्यक्तिलाई मनासिव कार्य समयको मुनासिव सीमा सवैतनिक आवधिक विदासहित आराम र विश्रामको अधिकार हुनेछ।

धारा २५: (१) प्रत्येक व्यक्तिलाई उसको र उसको परिवारको स्वास्थ्य र कल्याणको लागि पर्याप्त जीवनस्तरको अधिकार छ र यसअन्तर्गत खाना, कपडा, घर तथा औषधोपचारको सुविधाहरू र आवश्यक सामाजिक सेवाहरू पनि सम्मिलित छन्। बिरामी, असमर्थता, विधवा, बुढेसकाल वा निजको नियन्त्रणबाहिरको अरु कुनै परिस्थितिमा साधन अभाव भएमा सुरक्षाको अधिकार हुनेछ।

(२) आमा र शिशुहरूलाई विशेष हेरचाह, सहायता पाउने अधिकार

हुनेछ । सबै बालकलाई समान सामाजिक संरक्षणको उपभोग गर्ने अधिकार हुनेछ ।

धारा २६ः (१) प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ। शिक्षा, कमसेकम प्रारम्भिक र आधारभूत अवस्थामा निःशुल्क हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक र व्यवसायिक शिक्षा सबै सुलभ हुनेछ र उच्चस्तरको शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ।

(२) शिक्षाको लक्ष्य मानवको व्यक्तित्वको पूर्ण विकास र मानव अधिकार तथा मौलिक स्वतन्त्रताप्रतिको आदरलाई बलियो गर्नुहुनेछ। शिक्षाले सबै राष्ट्र, जाति र धार्मिक समूहहरूबिच समभदारी, सहिष्णुता र मैत्रीको विकास गर्नेछ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्रसङ्घको प्रयत्नहरूलाई अघि बढाइने छ।

(३) छोराछोरीलाई दिइने शिक्षा रोज्ने प्राथमिक अधिकार आमा-बाबुलाई हुनेछ।

धारा २७ः (१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रतापूर्वक समाजको सांस्कृतिक जीवनमा भाग लिने, कलाहरूको आनन्द लिने तथा वैज्ञानिक प्रगति र विज्ञानले प्रदान गरेको सुविधाहरूको उपभोग गर्ने अधिकार हुनेछ।

(२) प्रत्येक व्यक्तिलाई उसले रचना वा सिर्जना गरेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएको नैतिक र भौतिक स्वार्थहरूको संरक्षणको अधिकार हुनेछ।

धारा २८ः प्रत्येक व्यक्तिलाई यस्तो सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्था पाउने अधिकार हुनेछ, जसमा यस घोषणामा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्न सकियोस्।

धारा २९ः (१) प्रत्येक व्यक्तिको समाजप्रति कर्तव्यहरू हुन्छन् र त्यस्तो समाजमा बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास सम्भव छ।

(२) आफ्नो अधिकार र स्वतन्त्रताको उपयोग गर्दा प्रत्येक व्यक्तिले अरुको अधिकार र स्वतन्त्रताप्रति पनि आदर गर्नुपर्नेछ। र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू हासिल गर्ने

उद्देश्यले कानूनद्वारा निर्धारित सीमाभित्र रहनुपर्नेछ ।

(३) यी अधिकार र स्वतन्त्रताहरू कुनै अवस्थामा पनि संयुक्त राष्ट्र सङ्घको सिद्धान्त र उद्देश्यको विपरीत उपभोग गर्न सकिने छैन ।

धारा ३०: कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई कुठाराघात गर्ने उद्देश्यले वा त्यस्तो किसिमको काम गर्न पाउने गरी यस घोषणापत्रमा उल्लिखित कुनै कुराको व्याख्या गर्न हुँदैन ।

# अनुसूची–३

## नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू

### नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू

| क्र. सं. | नेपाल राज्यपक्ष भएका सन्धिहरू | सं.रा.स.बाट पारित मिति | अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| १. | दासत्व महासन्धि, १९२६ | २५ सेप्टेम्बर, १९२६ | ७ जनवरी, १९६३ |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर, १९२६ १९५३ | ७ जनवरी, १९६३ |
| ३. | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि, १९४८ | ९ डिसेम्बर, १९४८ | १७ जनवरी, १९६९ |
| ४. | जीउ मास्नेबेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ | २ डिसेम्बर, १९४९ | २७ डिसेम्बर, १९९५ |
| ५. | नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर, १९५२ | २६ अप्रिल, १९६६ |
| ६. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि, १९५६ | ७ सेप्टेम्बर, १९५६ | ७ जनवरी, १९६३ |
| ७. | बलात् श्रम उन्मूलन विषयक महासन्धि, १९५७ | १७ जनवरी, १९५९ | ३ जनवरी, २००२ |
| ८. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | २१ डिसेम्बर, १९६५ | ३० जनवरी, १९७१ |
| ९. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | १६ डिसेम्बर, १९६६ | १४ मे, १९९१ |

| क्र. सं. | नेपाल राज्यपक्ष भएका सन्धिहरू | सं.रा.स.बाट पारित मिति | अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| ११. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको स्वेच्छिक आलेख, १९६६ | १६ डिसेम्बर १९६६ | १४ मे, १९९१ |
| १२. | रङ्गभेद अपराधको दमन र सजायसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३ | ३० नोभेम्बर, १९७३ | १२ जुलाइ, १९७७ |
| १३. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ | १८ डिसेम्बर, १९७९ | २२ अप्रिल, १९९१ |
| १४. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ | १० डिसेम्बर, १९८४ | १४ मे, १९९१ |
| १५. | खेलकूदमा रङ्गभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८५ | १० डिसेम्बर, १९८५ | १ मार्च, १९८९ |
| १६. | स्वतन्त्र देशहरूका आदिवासी जनजातिसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, १९८९ | ७ जुन, १९८९ | २२ अगष्ट, २००७ |
| १७. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक आलेख, १९८९ | १५ डिसेम्बर, १९८९ | ४ मार्च १९९८ |
| १८. | बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर, १९९० |
| १९. | महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको स्वेच्छिक आलेख, १९९९ | ६ अक्टुबर, १९९९ | १५ जुन, २००७ |

| क्र.सं. | नेपाल राज्यपक्ष भएका सन्धिहरू | सं.रा.स.बाट पारित मिति | अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| २०. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक आलेख, २००० | २५ मे, २००० | ३१ अक्टोबर, २००५ |
| २१. | बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक आलेख, २००५ | २५ मे. २००५ | २० जनवरी, २००६ |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, २००६ | १३ डिसेम्बर, २००६ | २७ जनवरी, २०१० |
| २३. | अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००६ | १३ डिसेम्बर, २००६ | २७ जनवरी, २०१० |
| सार्कसम्बन्धी महासन्धि | | ग्रहण गरिएको मिति | लागु भएको मिति |
| १. | दक्षिण एशियामा बाल कल्याण प्रबर्द्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी सार्क महासन्धि, २००२ | ५ जनवरी, २००२ | १५ नोभेम्बर, २००५ |
| २. | वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२ | ५ जनवरी, २००२ | १५ नोभेम्बर, २००५ |

## नेपाल पक्ष भएका श्रमसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू

| क्र.सं | सन्धिको नाम | अनुमोदन मिति |
|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानमा साप्ताहिक बिदा लागु गर्ने सम्बन्धी महासन्धि, १९२१ | सन् १९८८ |
| २. | बलयुक्त श्रमसम्बन्धी महासन्धि, १९३० | सन् २००२ |

| | | |
|---|---|---|
| ३. | सङ्गठित हुने र सामूहिक रूपमा सौदाबाजीसम्बन्धी महासन्धि, १९४९ | सन् १९९६ |
| ४. | समान पारिश्रमिकसम्बन्धी महासन्धि, १९५१ | सन् १९७६ |
| ५. | बलयुक्त श्रमको उन्मूलनसम्बन्धी महासन्धि, १९५७ | सन् २००७ |
| ६. | विभेद (रोजगारी र पेशा)-सम्बन्धी महासन्धि, १९५८ | सन् १९७४ |
| ७. | विकासोन्मुख मुलुकहरूमा न्यूनतम ज्याला, १९७० निर्धारणसम्बन्धी महासन्धि | सन् १९७४ |
| ८. | रोजगारीमा संलग्न हुन पाउँने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ | सन् १९९७ |
| ९. | अन्तर्राष्ट्रिय श्रम कानूनको स्तर कार्यान्वयनको स्तर प्रवर्द्धन गर्न पीरत त्रिपक्षीय परामर्शसम्बन्धी महासन्धि, १९७६ | सन् १९९५ |
| १०. | आदिवासी र जनजातिको अधिकारसम्बन्धी महासन्धि, १९८९ | सन् २००७ |
| ११. | निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी महासन्धि, १९९९ | सन् २००२ |

## सन् १९४९ को चार जनेभा महासन्धिहरू

| क्र.सं. | सन्धिको नाम | अनुमोदन मिति | |
|---|---|---|---|
| १. | युद्धमैदानमा घाइते तथा बिरामी भएका सैनिकहरूको अवस्था सुधारसम्बन्धी १२ अगष्ट १९४९ को जेनेभा महासन्धि | ७ फेब्रुवरी, १९६४ | पहिलो जेनेभा महासन्धि |
| २. | समुन्द्रमा घाइते तथा बिरामी र सङ्कटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी १२ अगष्ट १९४९ को जेनेभा महासन्धि | ७ फेब्रुवरी, १९६४ | दोस्रो जेनेभा महासन्धि |
| ३. | युद्धबन्दीहरूसँग गरिने व्यवहारसम्बन्धी १२ अगष्ट १९४९ को जेनेभा महासन्धि | ७ फेब्रुवरी, १९६४ | तेस्रो जेनेभा महासन्धि |

| | | | |
|---|---|---|---|
| ४. | युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षणसम्बन्धी १२ अगष्ट १९४९ को जेनेभा महासन्धि | ७ फेब्रुवरी, १९६४ | चौथो जेनेभा महासन्धि |

# अनुसूची–४

## राष्ट्रिय मानव अधिार आयोगको उजुरी फाराम

**राष्ट्रिय मानव अधिकार आयोग**

(उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७

अनुसूची: १ उजुरीको ढांचा

### उजुरी फाराम

(गोप्य)

१. **पीडितको विवरण**

(क) नाम : ..........

(ख) बुवाको नाम : ..........

(ग) आमाको नाम : ..........

(घ) ठेगाना : स्थायी ठेगाना : ..........

टेलिफोन नं. : ..........ई–मेल : ..........

हालको ठेगाना : ..........

टेलिफोन नं. : ..........ई–मेल : ..........

(ङ) लिङ्ग : पुरुष ☐ महिला ☐

(च) वैवाहिक स्थिति : विवाहित ☐ अविवाहित ☐ सम्बन्ध विच्छेद भएको ☐ विधवा ☐ विधुर ☐

(छ) राष्ट्रियता : .......... (ज) उमेर : .......... (झ) पेशा : ..........

(ञ) जाति : .......... (ट) बोलीचालीको भाषा : ..........

(ठ) धर्म : ..........(ड) शिक्षा : ..........

(ढ) अपाङ्गता : छ ☐ छैन ☐ (यदि छ भने खुलाउनुहोस्)..........

(ण) संगठनको सदस्यता : (ऐच्छिक)..........

२. **उजुरीकर्ताको विवरण** (यदि उजुरीकर्ता पीडित होइन भने)

(क) नाम/संगठन : ..........

(ख) पूरा ठेगाना : ..........

(ग) टेलिफोन : ..........ई–मेल : ..........

(घ) पीडितसँगको नाता/सम्बन्ध :..........बोलीचालीको भाषा : ..........

३. **आरोपित पीडकको विवरण** (यदि तपाई चिन्नुहुन्छ भने)

(क) आरोपित पीडकको नाम : ..........

(ख) संगठन/कार्यालय : ..........

(ग) पद/दर्जा : ..........

(घ) सम्पर्क ठेगाना : ..........

(ङ) टेलिफोन नं. : ..........ई–मेल : ..........

(च) यदि पीडकलाई चिन्नुहुन्न भने पीडकको पहिचानका चिन्ह तथा विवरणहरू (जस्तो: लुगा, हुलिया, हतियारको प्रकार आदि) खुलाउनुहोस् ।

..........

..........

४. **उजुरीको विस्तृत विवरण**

(क) घटनाको मिति र समय : ..........(ख) घटना भएको स्थान : ..........

(ग) कृपया के कसरी घटना घट्यो र सो घटनाले कस्तो असर पार्‍यो विस्तृत रुपमा लेख्नुहोस् । (तपाईको विवरण यसमा नअटाए पाना थप्न सक्नुहुनेछ) ।

..........

..........

..........

(घ) के उक्त घटनाबाट तपाई विस्थापित हुनु भएको छ ? (कुनै एकमा रेजा (3) लगाउनुहोस्) ? : छ ☐ छैन ☐

(ङ) के तपाईले उक्त घटनाको सम्बन्धमा कुनै निकाय/संगठन, अदालत, प्रहरी, शसस्त्र प्रहरी बल, नेपाल सरकार, रेडक्रस, गैर सरकारी संस्था आदिमा उजुरी गर्नुभएको छ ? छ [ ] छैन [ ] (यदि छ भने, कहाँ उजुरी गर्नुभएको छ र सो सम्बन्धमा के भइरहेको छ उल्लेख गर्नुहोला ।)

.................................................................................................................................................................

.................................................................................................................................................................

५. अन्य उजुरीसँग सम्बद्ध प्रमाणहरू

(क) के यो घटनाका कुनै साक्षी छन् ? छन् [ ] छैनन् [ ] (कृपया एकभन्दा बढी साक्षी भएमा पाना थप्नुहोस्)

साक्षीको नाम : .................................................................................................................................

ठेगाना : ..............................................................................टेलिफोन नं. : ...............................

कस्तो किसिमको सम्भावित सूचना साक्षीले दिनसक्छ ? खुलाउनुहोस् ।

.................................................................................................................................................................

.................................................................................................................................................................

(ख) उजुरीलाई सहयोग पुऱ्याउने कागजात वा दसी प्रमाण यदि छन् भने के के छन् ?

१. ........................................................................ २. ........................................................................

३. ........................................................................ ४. ........................................................................

(ग) कुन कुन प्रमाणहरू उजुरीसँगै राखिएका छन् खुलाउनुहोस् ।

१. ........................................................................ २. ........................................................................

३. ........................................................................ ४. ........................................................................

६. माग गरिएको उपचार

(क) तपाई आयोगसँग कस्तो किसिमको उपचारको माग गर्नुहुन्छ ?

.................................................................................................................................................................

.................................................................................................................................................................

.................................................................................................................................................................

७. हस्ताक्षर (मलाई थाहा भएसम्म यसमा लेखिएको ब्यहोरा ठीक, साँचो हो ।)

हस्ताक्षर : ....................................................

नाम : ........................................................ मिति : ........................................................

## फारम बुझाउने ठेगाना
## राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालय**
हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)
फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

कोशी प्रदेश कार्यालय, विराटनगर
फोन : ०२१-५१२९३१, ५९०९९३ फ्याक्स : ०२१-५१११००
ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, जनकपुर
फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौंडा
फोन : ०५७–५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११
ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा
फोन : ०६१–५८६०५९, ५८६०८१, फ्याक्स : ०६१–५३५८७५
ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल
फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepl.org

कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत
फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४
ई-मेल : nhrcskt@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३
ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू :**

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल खोटाङ
फोन : ०३६-४२०२८४,
ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
फोन : ०८१-५३६७०७/८ फ्याक्स : ०८१-५३६७०६
ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org

www.nhrcnepal.org

# सुझाव

# आयोगका कार्यालयहरू


**केन्द्रीय कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर

फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)

फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

कोशी प्रदेश कार्यालय, विराटनगर

फोन : ०२१-५१२९३१, ५९०९९३ फ्याक्स : ०२१-५१११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, जनकपुर

फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५

ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौंडा

फोन : ०५७-५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११

ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा

फोन : ०६१-५८६०५९, ५८६०८१, फ्याक्स : ०६१-५३५८७५

ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल

फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbtl@nhrcnepl.org

कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत

फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४

ई-मेल : nhrcskt@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी

फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल खोटाङ

फोन : ०३६-४२०२८४,

ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

फोन : ०८१-५३६७०७/८ फ्याक्स : ०८१-५३६७०६

ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org